☎:०१-६६१९६२५

# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्याः २०७८/०७९
चलानी नं.: १०८२

मितिः २०७८/८/१

श्री वडा कार्यालय सबै (१०)
सूर्यविनायक नगरपालिका, भक्तपुर ।

विषयः सूचना टाँस सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तर्फको व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट कार्यक्रम सञ्चालनको लागि यस कार्यालयबाट मिति २०७८।७।२८ गते प्रकाशित सूचना यसै पत्रसाथ राखी पठाइएको छ। तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी अनिवार्य पठाई दिनुहुन अनुरोध छ।

राजेन्द्र प्रसाद नेपाल
निर्देशक

☎:०१-६६१९६२५

# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्याः २०७८/०७९
चलानी नं.:

मितिः २०७८/७/२८

सूचना । सूचना ।। सूचना ।।।

आ.ब.२०७८/०७९ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सूर्यविनायक नगरपालिका क्षेत्र भित्र तपसिलका कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले ईच्छुक कृषक समूह/कृषि सहकारी/निजी कृषि फर्महरुले आबश्यक कागजात सहित यो सूचना प्रकाशित भएका मितिले ३०औं दिन भित्र यस सूर्यविनायक नगरपालिका कृषि बिकास शाखामा तोकिएको ढाँचा (अनुसूची -१०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै म्यादभित्र नपरेका तथा रितपुर्वक नपरेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिलः

| क.स. | संचालन हुने पकेटको बिबरण | पकेटको क्षेत्रफल | कार्यक्षेत्र |
|---|---|---|---|
| १. | राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली बस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट बिकास कार्यक्रम संचालन (तरकारी) | ७ हेक्टर (१४० रोपनी) /प्लाष्टिक घरमा - १०००० वर्ग मिटर (२०रोपनी) | सूर्यविनायक नगरपालिका भित्र नगरपालिकाबाट निर्धारित पकेट प्याकेज अबधारणा बमोजिम प्रास निवेदनलाई प्राथामिकता दिईने छ । |

*निबेदनका साथ पेश गर्नुपर्ने कागजातहरु*

१. कार्यक्रम मागको निबेदन अनुसूची-१० अनुसारको ।
२. सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी/संस्था/समिति/कृषि फर्मदर्ता तथा नबिकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
३. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ बर्षको भाडा सम्झौता पत्रको प्रतिलिपी ।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।
५. कार्य समितिको निर्णयको प्रतिलिपी ।
६. अन्य सरकारी निकाय जस्तै कृषि ज्ञानकेन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट विगतका ३ आ.व. भित्र कुनै पनि अनुदान नलिएको हुनुपर्ने ।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र अनिवार्य।

# थप जानकारीको लागि कृषि बिकास शाखामा सम्पर्क राखु हुन अनुरोध छ ।

राजेन्द्र प्रसाद नेपाल
निर्देशक

कृषि तथा पशुपन्छी विकास मन्त्रालय (माननीय विभागीय मन्त्रीस्तर) को मिति २०७७/०६/०१ को निर्णयानुसार स्वीकृत

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
# परियोजना कार्यान्वयन म्यानुअल
# Project Implementation Manual (PIM)


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

परियोजना व्यवस्थापन इकाई

खुमलटार, ललितपुर

२०७७


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# विषय सूची


| विवरण | पृष्ठ संख्या |
|---|---|
| **परिच्छेद १: परियोजना कार्यान्वयन म्यानुअल** | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ उद्देश्य | १ |
| १.३ ढाँचा | १ |
| **परिच्छेद २: प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको संक्षिप्त जानकारी** | २ |
| २.१ पृष्ठभूमि | २ |
| २.२ परियोजनाको सोच, लक्ष्य एवं उद्देश्य | २ |
| २.३ परियोजनाका संभागहरु | २ |
| २.४ परियोजना मार्फत कृषिको आधुनिकीकरण | ३ |
| २.५ रणनीति | ३ |
| २.६. पन्ध्रौं योजना र परियोजना | ६ |
| २.७ राष्ट्रिय प्राथमिकताका बाली वस्तु | ६ |
| **परिच्छेद ३: परियोजना कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका** | ७ |
| ३.१ संघीय निकाय एवं समितिको भूमिका | ७ |
| ३.२ प्रादेशिक निकाय एवं समितिको भूमिका | १० |
| ३.३ स्थानीय तह एवं समितिको भूमिका | १२ |
| **परिच्छेद ४: परियोजना संभाग कार्यान्वयन प्रक्रिया** | १३ |
| ४.१ साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | १३ |
| ४.२ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम | २० |
| ४.३ व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम | ३१ |
| ४.४ वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर-जोन) विकास कार्यक्रम | ३६ |
| ४.५ परियोजना कार्यान्वयन इकाईको संरचना | ४१ |
| **परिच्छेद ५: अन्य कार्यक्रमहरु** | ४२ |
| ५.१ प्राविधिक शिक्षालयसँगको सहकार्यमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम | ४२ |
| ५.२ चक्लाबन्दीमा पकेट/ब्लक/जोन कार्यक्रम सहकारी र निजीक्षेत्रबाट सञ्चालन | ४३ |
| ५.३ लागत साझेदारीमा बीउ बिजन स्रोत केन्द्र/नर्सरी स्थापना र सञ्चालन | ४७ |
| ५.४ प्रतिफलमा आधारित प्रोत्साहन (output based incentive) कार्यक्रम | ४८ |
| **परिच्छेद ६: परियोजना नतिजा अनुगमन तथा मूल्याङ्कन प्रक्रिया** | ५१ |
| ६.१ नतिजा अनुगमन तथा मूल्याङ्कन | ५१ |
| ६.२ परियोजनाको अनुगमन तथा मूल्याङ्कन विधि | ५२ |
| **परिच्छेद ७: उपलब्ध हुने सेवा सुविधाहरु** | ५४ |
| ७.१ उपलब्ध हुने सेवा सुविधाहरु | ५४ |
| ७.२ अपेक्षित प्रतिफल र अवलम्बन गरिने विधि | ५४ |
| **परिच्छेद ८: आर्थिक स्रोत व्यवस्थापन, परियोजनाको दिगोपना र बहिर्गमन** | ५६ |
| ८.१ आर्थिक स्रोत व्यवस्थापन | ५६ |
| ८.२ परियोजनाको दिगोपना र बहिर्गमन रणनीति | ५६ |
| **परिच्छेद ९: विविध** | ५८ |
| **अनुसूचीहरु** | ५९ |

# परिच्छेद १
# परियोजना कार्यान्वयन म्यानुअल

## १.१ पृष्ठभूमि

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनको कार्यान्वयनमा सहयोग पुऱ्याई परियोजनाले परिलक्षित गरेको लक्ष्य हासिल गर्न परियोजना कार्यान्वयन म्यानुअल (Project Implementation Manual-PIM) तयार गरिएको छ। यस म्यानुअलमा परियोजना दस्तावेजमा उल्लेखित विषयवस्तुलाई कार्यान्वयन गर्न आवश्यकता अनुसार थप व्याख्या एवं विस्तृतीकरण गरिएको छ। कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका विभिन्न चरणहरूको उल्लेख गरी परियोजनाको नतिजामूलक व्यवस्थापनको लागि परियोजना कार्यान्वयन म्यानुअल तयार गरिएको छ। परियोजना कार्यान्वयनको क्रममा भएका सिकाइ तथा देखापरेका समस्या एवं द्विविधाहरु सम्बन्धमा परियोजना निर्देशक समितिबाट भएका निर्णयहरुका आधारमा परियोजना कार्यान्वयन म्यानुअल तयार गरिएको छ। यो म्यानुअल परियोजना कार्यान्वयनको लागि गतिशील मार्गदर्शन हुने भएकोले यसमा समय सापेक्ष परिमार्जन र अद्यावधिक हुँदै जानेछ।

यस परियोजना कार्यान्वयन म्यानुअलले परियोजनाले सञ्चालन गर्ने क्रियाकलापको सञ्चालन निर्देशन र प्रक्रियाको निर्धारण गर्नेछ। यसले परियोजना सम्बन्धी आधारभूत सर्वेक्षण, परियोजनाका विभिन्न संभागहरुको निर्धारण, छनौट, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, प्राविधिक सेवा र परियोजना सम्बन्धी विभिन्न कार्यहरुको लागि आवश्यक मार्गदर्शन गर्नेछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको विभिन्न तह र सम्भाग अन्तर्गत कार्यरत कर्मचारी एवं सरोकारवालाहरुको आवश्यकतालाई ध्यानमा राखी परियोजनाको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउन यो परियोजना कार्यान्वयन म्यानुअल तयार गरिएको छ।

## १.२ उद्देश्य

प्रभावकारी कार्यान्वयनमार्फत परियोजनाले परिलक्षित गरेका लक्ष्य हासिल गर्न स्पष्ट मार्गदर्शन गर्नु यस म्यानुअलको उद्देश्य रहेको छ। यसले परियोजना व्यवस्थापन इकाई, परियोजना कार्यान्वययन इकाई र परियोजनाका सरोकारवालाहरुको परियोजनाप्रतिको बुझाईमा एकरुपता ल्याई क्षमता अभिवृद्धि गर्नेछ। परियोजना कार्यान्वयन म्यानुअलले परियोजना व्यवस्थापन समुह र कार्यान्वयन साझेदारहरुलाई योजना निर्माण, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन कार्यको लागि आवश्यक मार्गदर्शन गर्नेछ। यस म्यानुअलले सूचना प्रणालीको उपयोग, अनुगमन तथा मूल्याङ्कन र परियोजनाको सिकाइको अभिलेखीकरणको लागि समेत महत्वपूर्ण कार्य गर्नेछ।

## १.३ ढाँचा

यस म्यानुअलमा नौ परिच्छेद रहेका छन्। यसमा म्यानुअल सम्बन्धी संक्षिप्त जानकारी, उद्देश्य र ढाँचा, परियोजनाको संक्षिप्त परिचय, परियोजना सञ्चालनमा संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी, परियोजनाका सम्भाग कार्यान्वयन प्रक्रिया, अन्य कार्यक्रम, परियोजना नतिजा अनुगमन तथा मूल्याङ्कन प्रक्रिया, उपलब्ध हुने सहजीकरण/सेवा सुविधाहरु, आर्थिक स्रोत व्यवस्थापन, परियोजनाको दिगोपना र बहिर्गमन, विविध एवं परियोजनासँग सम्बन्धित विभिन्न अनुसूचीहरु समावेश गरिएका छन्।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद २

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको संक्षिप्त जानकारी

### २.१ पृष्ठभूमि

कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था, बाली र वस्तु उत्पादनमा यान्त्रिकीकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था लगायतका क्रियाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना सहित स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना आ.व. २०७३/७४ देखि आ.व. २०८२/८३ सम्म १० वर्ष अवधिको लागि लागू भएको छ। परियोजनाको कूल लागत १ खर्ब ३० अर्ब रुपैयाँ प्रक्षेपण गरिएको छ।

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ सञ्चालन भएको यस परियोजनाको लक्ष्य समग्र मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण र दिगो आर्थिक अवसरहरु सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्‍याउने रहेको छ।

### २.२ परियोजनाको सोच, लक्ष्य एवं उद्देश्य

#### २.२.१ सोच

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने परियोजनाको सोच रहेको छ।

#### २.२.२ लक्ष्य

समग्र कृषि मूल्य श्रृङ्खलाका अवयवहरुको एकीकृत संयोजन र परिचालनमार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मुख दिगो आर्थिक अवसरहरु श्रृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्‍याउने परियोजनाको लक्ष्य रहेको छ।

#### २.२.३ परियोजनाको उद्देश्यहरु

यस परियोजनका देहाय बमोजिमका उद्देश्यहरु रहेका छन्:-

(क) प्रमुख कृषि उपजहरुको विशिष्टिकृत क्षेत्रहरु निर्माण गर्ने,

(ख) निर्यात योग्य कृषि वस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,

(ग) कृषिलाई सम्मानजनक नाफामूखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृर्जना गर्ने र

(घ) बहुसरोकारवाला निकायहरुबीचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

### २.३ परियोजनाका संभागहरु

यस परियोजना अन्तर्गत देहाय बमोजिमका सम्भागहरु रहेका छन्:-

(क) साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम।

(ख) व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम।

(ग) व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम।

(घ) वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर जोन) विकास कार्यक्रम।

यी संभागहरुमा कृषि सामग्री आपूर्ती व्यवस्थापन, यान्त्रिकीकरण सहयोग, भौतिक पूर्वाधार सहयोग, अनुसन्धान-शिक्षा-प्रसार सुदृढीकरण सहयोग, कृषि आधुनिकीकरणका लागि विज्ञहरुको सेवा, कृषिजन्य उद्योगहरु स्थापना, प्रतिफलमा आधारित प्रोत्साहन अनुदान लगायतका कार्यक्रम सञ्चालन गरिने परियोजना दस्तावेजमा उल्लेख भएको छ।

## २.४ परियोजना मार्फत कृषिको आधुनिकीकरण

पछिल्लो समय नेपालको समग्र कृषि क्षेत्रमा केही आधुनिकीकरणका संकेत र परिदृश्यहरु देखिएका छन्। उन्नत कृषि सामग्री तथा प्रविधिको प्रयोग, यान्त्रिकीकरण, बजारमा आधारित कृषि उपज उत्पादन तथा वितरण, कृषि फर्मको नाफा नोक्सानको हिसाब राख्ने प्रचलन आदिलाई कृषि क्षेत्रको समग्र आधुनिकीकरणका प्रारम्भिक संकेतको रुपमा लिन सकिन्छ। कृषि क्षेत्रमा बढ्दो निजी लगानी यसको अर्को संकेत हो। हाल कृषि क्षेत्रको आधुनिकीकरणको प्रक्रिया थालनी भएतापनि समग्र ग्रामीण कृषि अर्थतन्त्रलाई रुपान्तरण गर्ने गरी यो प्रक्रिया तीव्र र बाह्य परिवेश सापेक्ष हुन सकेको छैन। कृषि क्षेत्रको समग्र आधुनिकीकरणको प्रक्रियालाई तीव्र पार्न र बाह्य परिवेशसँग सामन्जस्यता ल्याउन आधुनिक कृषिका आयामहरुलाई समावेश गरी आधुनिकीकरणको प्रक्रियाको थालनी गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन गरिएको छ।

## २.५ रणनीति

### २.५.१ भूमिको वैज्ञानिक उपयोग

भूमिको वैज्ञानिक उपयोग तथा बाँझो जग्गा सदुपयोगको लागि माटोको उर्वराशक्ति र बालीको उपयुक्तता अनुसार मुख्यत: देहाय बमोजिम चक्लावन्दी कार्यक्रमलाई प्राथमिकता दिईनेछ:-

(क) सहकारी खेती

(ख) करार खेती

(ग) कबुलियती (लिज) खेती

(घ) स्वेच्छिक रुपमा चक्लावन्दीमा आवद्धता

### २.५.२ आधुनिक कृषि प्रविधिको अवलम्बन

आधुनिक कृषि उत्पादन सामग्री, प्रशोधन प्रविधि एवं प्रभावकारी कृषि प्रसार सेवामार्फत उन्नत र नविनतम प्रविधि अनुशरण गर्न कृषकलाई प्रेरित गरिनेछ ।यसका लागि बाली वस्तु विशेष उत्पादनका Package of Practices विकास र विस्तार गरिनेछ।

### २.५.३ कृषि यान्त्रिकीकरण

कृषिमा बढ्दो श्रम शक्तिको अभाव घटाउन र उत्पादन लागत घटाउँदै कार्य दक्षतामा अभिवृद्धि गरी कृषिलाई नाफामूखी व्यवसायको रुपमा स्थापित गर्न कृषि क्षेत्रमा यान्त्रिकीकरणको अत्यन्तै महत्व रहेको छ। यस परियोजना मार्फत परियोजनाका सबै सम्भागहरुमा बाली अनुसारका आवश्यक मेशिनरीहरुको सेट सहितको कष्टम हायरिङ सेन्टर सञ्चालन गरी यान्त्रिकीकरण प्रवर्द्धन गरिनेछ। उत्पादन केन्द्रहरु स्थापना र सवलीकरण समेतमा सहयोग पुर्‍याईने छ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

### २.५.४ पूर्वाधार विकास

कृषिको रुपान्तरणका लागि पूर्वाधार विकास तर्फ मूलत: सिँचाइ, बजार, प्रशोधन केन्द्र, खाद्य परीक्षण, माटो परीक्षण, प्लाण्ट क्वारेन्टिन प्रयोगशालाको विकासलाई यस परियोजनाले महत्व दिएको छ।

#### २.५.४.१ सिँचाइ पूर्वाधार विकास

साना सिँचाइ प्रणाली निर्माण र सञ्चालनका लागि कृषि सहकारीहरु, उपभोक्ता समूहहरुलाई प्रोत्साहन गरिनेछ। सिँचाइ नीतिको परिधि भित्र रही पकेट, ब्लक, जोन र सुपरजोनमा सिँचाइको व्यवस्थापन र सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। पकेट, ब्लक, जोन र सुपरजोनमा आधुनिक सिँचाइ प्रणालीहरु: थोपा (ड्रिप) सिँचाइ, स्प्रिङ्कलर सिँचाइ, सौर्य उर्जामा आधारित सिँचाइ आदिको स्थापना, मर्मत सम्भार तथा सञ्चालनको लागि प्रोत्साहन गरिनेछ।

#### २.५.४.२ पोष्ट हार्भेष्ट केन्द्र

सार्वजनिक निजी साझेदारीमा पोष्ट हार्भेष्ट सेवा केन्द्रहरु स्थापनाका लागि पूँजीगत अनुदानको व्यवस्था गरिनेछ। यस्ता सेवा केन्द्रहरुमा सङ्कलन केन्द्र, उपजहरुको प्राथमिक प्रशोधन, प्याकेजिङ्ग एवं भण्डारण सेवा लगायतका सेवाहरु एकीकृत रुपमा उपलब्ध हुनेछ।

#### २.५.४.३ कृषि बजार सेवा पूर्वाधारहरु

कृषि पकेट, ब्लक, जोन र सुपरजोनहरुमा सम्भाव्यताको आधारमा कृषि उपज संकलन केन्द्रहरु, हाट बजारहरु, पशु बधस्थल, वधशाला, मिटमार्ट, फिसमार्ट, एग्रीमार्ट र ठूला कृषि बजारहरुको निर्माण गर्न पूँजीगत अनुदान दिईनेछ। कृषि उपजहरुको सहज बजारीकरणका लागि कृषि बजार सूचना प्रणालीको उपयोग गरिनेछ। कृषकहरुलाई कृषि वस्तुहरुको माग, आपूर्ति, मूल्य र सम्भाव्य बजारका सम्बन्धमा सूचना प्रदान गर्नका लागि आधुनिक सूचना प्रविधिहरुको प्रयोग गरिनेछ। Plant/Food Quarantine पूर्वाधारहरुको विकास गरिनेछ। साथै, देशका बिभिन्न नाकाहरुमा रहेका Plant/Food Quarantine प्रयोगशालाहरुलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप विकास एवं सुदृढीकरण गरी कृषि व्यापारलाई प्रवर्द्धन गरिनेछ।

### २.५.५ कृषि उत्पादन सामग्री

बाली उत्पादन र उत्पादकत्व वृद्धिका लागि आवश्यक गुणस्तरीय बीउ/बेर्ना, नश्ल, आहारा, रसायनिक/प्राङ्गारिक मलको सहज उपलब्धता सुनिश्चित गरिनेछ। उत्पादन वृद्धिका लागि स्थान विशेष उपयुक्त उन्नत र हाईब्रिड बीउहरु प्रयोग बृद्धि गरिनेछ। निजी र सार्वजनिक निकायहरुको सहकार्यमा गुणस्तरीय बीउ/बेर्ना उत्पादन, वितरण र प्रशोधन गर्न प्रोत्साहन गरिनेछ। औचित्यको आधारमा परियोजना सञ्चालन हुने स्थानहरुमा निजी क्षेत्रलाई कृषि सामग्री डिपोहरु स्थापना गर्न प्रोत्साहन गरी कृषि सामग्रीहरुको उपलब्धता सुनिश्चित गरिनेछ। त्यसैगरी, गाउँपालिका/ नगरपालिकाहरुमा बहुउद्देशीय आधुनिक नर्सरीहरु स्थापना गरी आवश्यक विरुवा/बेर्नाहरुको व्यवस्थापन गरिनेछ। कृषि सामग्रीहरुको गुणस्तर सुनिश्चितताका लागि प्रयोगशाला मार्फत प्राविधिक सेवा उपलब्ध गराउनुका साथै अनुगमन तथा गुणस्तर परीक्षणका कार्यहरु सञ्चालन गरिनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

उत्पादन वृद्धिका लागि हाइब्रिड बीउको उपलब्धता तथा पहुँच बढाउन National Seed Vision ले परिलक्षित गरे बमोजिम सरकारी तथा निजी क्षेत्रबाट हाईब्रिड बीउको विकास गरिनेछ। नेपाल कृषि अनुसन्धान परिषद् मार्फत विकास भएका तथा भविष्यमा विकास हुने जातहरुको Inbred line लाई निश्चित कार्यविधि बनाई सो मार्फत निजी क्षेत्रलाई हस्तान्तरण गरी बीउ उत्पादनमा सहयोग पुऱ्याउनुका साथै कृषकहरुबाट रुचाईएका हाइब्रिड जातहरुलाई दर्ता गराउन समेत आवश्यक सहयोग गरिनेछ।

### २.५.६ रासायनिक र प्राङ्गारिक मल व्यवस्थापन

परियोजना क्षेत्रमा सहकारीहरु मार्फत रासायनिक मल वितरण गर्ने व्यवस्था अवलम्बन गरिनेछ। प्राङ्गारिक मलको हकमा तोकिएको मापदण्ड अनुसार प्राङ्गारिक मल उत्पादन गर्दै आएका कम्पनी/सहकारीहरुको उत्पादनलाई पकेट, ब्लक, जोन र सुपरजोनमा बढी भन्दा बढी प्रयोग गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ। पकेट, ब्लक, जोन र सुपरजोनमा हाल सञ्चालित कम्पनीहरु/सहकारीहरुबाट प्राङ्गारिक तथा जैविक मल उपलब्ध गराउन नसक्ने अवस्था रहेमा थप कम्पनी/सहकारीहरुबाट प्राङ्गारिक मलको गुणस्तर सुनिश्चित गर्न नेपाल सरकारले तोकेको गुणस्तर मापदण्ड अनुसार बिक्री वितरण गर्न उत्पादन, प्रशोधन र प्याकेजिङ्गमा अनुदान सहयोग गर्न सकिनेछ।

### २.५.७ उत्पादन प्रविधि

उत्पादनका Package of Practices विकास र प्रसारका लागि प्रत्येक विशिष्टिकृत उत्पादन क्षेत्रमा कम्तीमा १ हेक्टर क्षेत्रफलमा उन्नत प्रविधि प्रदर्शन तथा सिकाइ केन्द्र (Demonstration and Learning Center) विकास गरिनेछ। कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनका विभिन्न प्रविधिहरुको प्रभावकारी प्रसार तरिकाहरु जस्तै सहभागितात्मक प्रदर्शनको अवलम्बन तथा प्रविधि प्रसारका लागि सूचना प्रविधिको समेत उपयोग वृद्धि गरिनेछ। यस्ता प्रविधिहरुको प्रसार र अवलम्बनका लागि सहभागितात्मक व्यवसायिक उत्पादन प्रविधि प्रदर्शन र स्थलगत व्यवहारिक तालिमहरुको माध्यम अवलम्बन गरिनेछ।

### २.५.८ कृषि अनुसन्धान, शिक्षा र प्रसार

कृषि अनुसन्धान केन्द्रहरु/फार्म केन्द्रहरु सुदृढीकरण र सवलीकरण गरिनेछ। यस्ता अनुसन्धान केन्द्रहरुलाई विशिष्टिकृत क्षेत्रहरुको भूगोल र बाली उपयुक्त Basic and Adaptive Research मा केन्द्रित गर्नका लागि आवश्यक सुधारका लागि सहयोग उपलब्ध गराईनेछ र विद्यमान फार्म/केन्द्रहरुबाट उक्त विशिष्टकृत क्षेत्र लगायत कमाण्ड क्षेत्रमा सेवा विस्तारका लागि आवश्यक बीउ/बेर्ना/नश्ल, बिरुवाको स्रोत केन्द्रका रुपमा विकास गर्दै पूर्ण क्षमतामा सञ्चालनका लागि उत्पादनका आधारमा प्रोत्साहन अनुदान बृद्धि हुने गरी सहयोग उपलब्ध गराईनेछ। माटो परीक्षण गरी उर्वराशक्ति र सो माटोमा खेती गर्न उपयुक्त बालीको विवरण सहितको माटो परीक्षण कार्ड उपलब्ध गराउनका लागि घुम्ती माटो परीक्षण प्रयोगशालाहरु प्रयोगमा ल्याईने छ। यस परियोजनाको उद्देश्य हासिल गर्ने प्रयोजनका लागि कार्यविधि बनाई कृषि विश्वविद्यालय तथा कलेजहरुलाई Academic प्रयोजनका लागि अनुसन्धान तथा प्रसार अनुदान उपलब्ध गराईने छ। त्यसैगरी, विशिष्टिकृत उत्पादन क्षेत्रहरु जोन र सुपरजोनहरुमा अनुसन्धान, शिक्षा र प्रसार इकाईको स्थापना गरी सञ्चालन गरिनेछ र कृषि कलेज र विश्वविद्यालयहरुबाट उत्पादित जनशक्तिलाई इन्टर्नको रुपमा तथा प्रविधि प्रसारमा सोही उत्पादन क्षेत्रमा परिचालन गरिनेछ।

### २.५.९ प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रणालीको अवलम्बन

तोकिएको बालीको निश्चित क्षेत्रफल वा सो भन्दा बढी क्षेत्रफलमा खेती गरेमा वा तोकिको परिमाण वा सो भन्दा बढी उत्पादन गरेमा वा बिक्री परिमाणको आधारमा कृषि उद्यमी, कृषि समूह/सहकारीहरुलाई प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रदान गरिनेछ। यस प्रकारको अनुदान बढीमा दुई आर्थिक बर्षसम्मको लागि उपलब्ध गराईनेछ। यस्ता प्रोत्साहन अनुदान सबै बाली वस्तुका लागि बिक्री परिमाणको आधारमा दिने गरी क्रमशः रुपान्तरित गरिनेछ।

### २.५.१० गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता स्थापना

खाद्य स्वच्छताका मापदण्डहरु अवलम्बनका लागि घुम्ती प्रयोगशालाहरुको प्रयोग, अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाहरुको स्थापना, मुख्य बजार केन्द्रहरुमा द्रुत विषादी परीक्षण प्रयोगशाला स्थापना लगायतका पूर्वाधारहरु विकास गरी स्वच्छता एवम् गुणस्तर प्रमाणीकरणको व्यवस्था मिलाई कृषि तथा खाद्य वस्तुहरुको उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रवेश गराउने क्रियाकलापहरु सञ्चालन गरिने छन्।

### २.६. पन्ध्रौं योजना र परियोजना

कुल गार्हस्थ उत्पादनमा २७ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसंख्या आवद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो। उच्च र समावेशी आर्थिक बृद्धिको लागि कृषि क्षेत्रको वैज्ञानिक ढंगले सुधार तथा रुपान्तरण गर्ने विगतका प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु पर्ने आवश्यकता रहेको छ।

कृषि विकास रणनीतिको सहयोगी परियोजनाको रुपमा कार्यान्वयनमा रहेको यस परियोजनाले कृषि, पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको व्यवसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ। परियोजनाका चार सम्भागहरु पकेट, ब्लक, जोन र सुपरजोनको माध्यमबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी देशलाई विभिन्न बाली, वस्तुहरुमा आत्मनिर्भरता तर्फ उन्मुख गराउन यस परियोजनाले सहयोग गर्नेछ। पन्ध्रौं योजनाले यस परियोजनालाई कृषि क्षेत्रको रुपान्तरणकारी आयोजनाको रुपमा पहिचान गरेको छ।

### २.७ राष्ट्रिय प्राथमिकताका बाली वस्तु

आधारभूत खाद्यान्नमा आत्मनिर्भर हुने, पोषण सुरक्षामा टेवा पुऱ्याउने, आयात प्रतिस्थापन गर्ने र तुलनात्मक लाभ भएका निर्यात गर्न सकिने आधारमा केही बाली वस्तुहरु राष्ट्रिय प्राथमिकताको बाली वस्तुका रुपमा पहिचान भएका छन्। परियोजनाका संभागहरुः पकेट, ब्लक, जोन र सुपरजोन सञ्चालन गर्दा यी बाली वस्तुहरुमा मात्र सञ्चालन गरिनेछ। परियोजना अन्तर्गत सञ्चालित पकेट, ब्लक, जोन र सुपरजोनमा भौगोलिक सम्भाव्यता तथा राष्ट्रिय महत्वका अनुसूची-१ बमोजिमका बाली/वस्तुहरु छनौट गरिनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद ३
# परियोजना कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका

परियोजना अन्तर्गतका सम्भागहरु; पकेट, ब्लक, जोन र सुपर जोन विकास कार्यक्रमहरु संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा सञ्चालन गरिनेछ। परियोजना अन्तर्गत सुपरजोन र जोन विकास कार्यक्रम परियोजना कार्यान्वयन इकाईबाट प्रदेश सरकारका निकाय एवं स्थानीय तहसँगको समन्वयमा सञ्चालन गरिनेछ। त्यसैगरी, ब्लक विकास कार्यक्रम प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयबाट परियोजना कार्यान्वयन इकाई र स्थानीय तहसँगको समन्वयमा सञ्चालन गरिनेछ। साथै, पकेट विकास कार्यक्रम सम्बन्धित स्थानीय तहबाट परियोजना कार्यान्वयन इकाई र प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयको समन्वयमा सञ्चालन गरिनेछ। पकेट, ब्लक, जोन र सुपरजोन विकास कार्यक्रम सञ्चालनमा विभिन्न तहका निकायहरुको जिम्मेवारी देहाय बमोजिम हुनेछ।

## ३.१ संघीय निकाय एवं समितिको भूमिका

यस परियोजना कार्यान्वयनमा आवश्यक नीतिगत निर्णय तथा विभिन्न तहका सरकारी निकायहरुसँग आवश्यक समन्वयको लागि परियोजना निर्देशक समिति तथा परियोजना कार्यान्वयन समिति रहनेछ। परियोजनाको समग्र कार्यान्वयन एवं प्रशासनिक व्यवस्थापन परियोजना व्यवस्थापन इकाई, परियोजना कार्यान्वयन इकाई, सुपर जोन इकाई, जोन इकाई लगायतका निकायहरुबाट गरिनेछ। संघीय मन्त्रालय, विभिन्न समिति तथा इकाईहरुको भूमिका तथा कार्यजिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) कृषि तथा पशुपन्छी विकास मन्त्रालय

(अ) परियोजना कार्यान्वयन निकायहरुलाई समग्र मार्गदर्शन गर्ने।

(आ) परियोजना सञ्चालन एवं व्यवस्थापनमा सहयोग गर्ने।

(इ) परियोजना कार्यान्वयनमा सरोकार राख्ने निकायहरु बीचमा समन्वय गर्ने।

(ई) कार्यान्वयनका लागि बजेट र जनशक्ति व्यवस्थापन गर्ने।

(उ) परियोजना कार्यान्वयनका लागि आवश्यक नीति, रणनीति, निर्देशिका तथा कार्यविधिहरुको तर्जुमा, परिमार्जन र स्वीकृत गर्ने।

(ऊ) परियोजना व्यवस्थापन इकाई र अन्तर्गतका निकाय, सम्पादन गरिने क्रियाकलापहरु एवं अपेक्षित प्रतिफलहरुको अनुगमन, मुल्याङ्कन र प्रभाव अध्ययन गर्ने।

(ख) कृषि/पशु सेवा/खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

(अ) बाली वस्तु सम्बद्ध नीति, निर्देशिका, मापदण्ड, कार्यक्रम एवं Package of Practices तयारीमा सहजीकरण एवं समन्वय गर्ने।

(आ) विभाग अन्तर्गतका बाली वस्तु सम्बद्ध राष्ट्रिय केन्द्र एवं फार्म केन्द्रहरुबाट परियोजना कार्यान्वयन इकाईलाई प्राविधिक पृष्ठपोषण गर्ने।

(इ) परियोजनाका विभिन्न संभागहरुको अनुगमन एवं पृष्ठपोषण गर्ने ।

(ग) परियोजना निर्देशक समिति

यस परियोजनाको प्रभावकारी कार्यान्वयनको लागि समग्र नीतिगत मार्गदर्शनको लागि अनुसूची-२ बमोजिमको परियोजना निर्देशक समिति रहनेछ। परियोजना निर्देशक समितिको भूमिका देहाय बमोजिम हुनेछः-

(अ) परियोजनालाई नीतिगत मार्गदर्शन गर्ने।

(आ) परियोजनासँग सम्बन्धित सम्पुर्ण सरोकारवाला निकायहरु र क्षेत्रहरु बीच कार्यमूलक समन्वय स्थापना गराउने।

(इ) परियोजनाको नीतिगत अनुगमन तथा मूल्याङ्कन गर्ने।

(ई) परियोजनाको बजेट तथा कार्यक्रमको ढाँचा अनुमोदन गर्ने।

(उ) परियोजनाको लागि आवश्यक निर्देशिका स्वीकृत गर्ने।

(घ) परियोजना कार्यान्वयन समिति

परियोजना निर्देशक समिति एवं परियोजना कार्यान्वयन इकाई तथा प्रदेश र स्थानीय तहसँग समन्वय गर्न अनुसूची-३ बमोजिमको परियोजना कार्यान्वयन समिति रहनेछ। परियोजना कार्यान्वयन समितिको भूमिका देहाय बमोजिम हुनेछः-

(अ) परियोजना कार्यान्वयनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्ने।

(आ) परियोजनाको लागि आवश्यक बजेट तथा कार्यक्रमहरु स्वीकृतिका लागि निर्देशक समितिमा सिफारिश गर्ने।

(इ) परियोजना सञ्चालन सम्बन्धमा आवश्यक कार्यविधिहरु स्वीकृत गर्ने एवं निर्देशिकाहरु स्वीकृतिका लागि निर्देशक समितिसमक्ष पेश गर्ने।

(ई) परियोजनाको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि निर्देशक समितिबाट निर्देशन भए अनुसार व्यवस्था मिलाउने।

(उ) अन्तर निकाय समन्वयको लागि निर्देशक समितिबाट निर्देशन भए अनुसार व्यवस्था गर्ने।

(ऊ) परियोजना सञ्चालनमा आइपरेका समस्याहरु समाधानका लागि निर्देशक समितिमा पेश गर्ने।

(ङ) परियोजना व्यवस्थापन इकाई

परियोजनाको समग्र कार्यान्वयन एवं प्रशासनिक व्यवस्थापनको लागि परियोजना व्यवस्थापन इकाई रहनेछ।

(अ) परियोजना कार्यान्वयनका लागि आवश्यक नीति, नियम र कार्यक्रम तथा क्रियाकलापहरुको तर्जुमा गरी परियोजना कार्यान्वयन समिति वा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश गर्ने।

(आ) परियोजनाको समग्र कार्यान्वयनको व्यवस्थापन गर्ने।

(इ) परियोजनाको सबै तहका कर्मचारीहरुको प्रशासनिक व्यवस्थापन गर्ने।

(ई) परियोजना निर्देशक समिति र परियोजना कार्यान्वयन समितको सचिवालयको रुपमा कार्य गर्ने।

(उ) परियोजना कार्यान्वयन इकाईहरुलाई पृष्ठपोषण, मार्गदर्शन गर्ने।

(ऊ) परियोजना कार्यान्वयनका लागि आवश्यक निर्देशिका तथा कार्यविधिहरुको तर्जुमा तथा परिमार्जनको लागि आवश्यक व्यवस्थापन गर्ने।

(ऋ) परियोजना कार्यान्वयन इकाईबाट प्राप्त जोन/सुपरजोन क्षेत्र बिस्तारको प्रस्ताव स्वीकृत गर्ने।

(ऌ) परियोजनाका अपेक्षित प्रतिफलहरुको अनुगमन, मुल्याङ्कन र प्रभाव अध्ययन गर्ने।

(एँ) परियोजनाको सफल कार्यान्वयनका लागि कार्यमूलक समन्वयको व्यवस्था मिलाउने।

(ऐ) परियोजनाको समग्र प्रतिवेदन तयार गरी मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा प्रतिवेदन गर्ने।

(च) परियोजना कार्यान्वयन इकाई

परियोजना अन्तर्गतको जोन/सुपरजोन विकास कार्यक्रम सञ्चालनको लागि परियोजना कार्यान्वयन इकाई रहनेछ।

(अ) जोन/सुपरजोन विकासका लागि तय भएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।

(आ) परियोजना कार्यान्वयनका लागि कृषि सहकारी, समुह र कृषि उद्यमीहरुको अभिमूखीकरण तथा क्षमता विकास गर्ने।

(इ) सम्बन्धित बालीको अनुसन्धान तथा विकास केन्द्रका रुपमा कार्य गर्ने तथा बाली विशेषको पकेट, ब्लक, जोन र सुपरजोनसँगको अनुसन्धान प्रसार सेवा र कृषि शिक्षाको सम्बन्ध (Linkages) र पहुँच (Access) स्थापना गर्ने।

(ई) बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनसँग सम्बन्धित निकायहरुबीच कार्यमूलक समन्वयको व्यवस्था मिलाउने।

(उ) जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयसँगको समन्वयमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने।

(ऊ) जोन/सुपरजोनमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख तयार गर्ने।

(ऋ) जोन/सुपरजोन अन्तर्गतका कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी तथा कृषि सहकारीहरुको विवरण अद्यावधिक गर्ने।

(ऌ) परियोजनको लक्ष्य र उद्देश्य हासिल गर्न सहयोगी कार्यक्रम सञ्चालन गर्ने।

(ए) जोन/सुपरजोन अन्तर्गत समूहिक खेती, सहकारी खेती, करार खेती र चक्लावन्दी खेती प्रवर्द्धन गर्ने नीतिलाई कार्यान्वयन गर्ने।

(ऐ) जोन/सुपरजोन अन्तर्गत कृषि पूर्वाधारहरुको विकास गर्ने।

(ए) परियोजनाका सरोकारवालाहरु (स्थानीय तह, प्रदेश सरकार मातहतका निकाय, अनुसन्धान र कृषि फार्म केन्द्र) सँग समन्वय र सहकार्य गर्ने।

(ऐ) परियोजनाको प्रगति नियमितरुपमा परियोजना व्यवस्थापन इकाईमा प्रतिवेदन गर्ने।

(ओ) परियोजनाबाट तोकिएका परियोजना कार्यान्वयन इकाईले प्रदेश स्तरमा समन्वय र रिपोर्टिङको समेत कार्य गर्ने।

(ओ) सम्भाव्यताको आधारमा जोन/सुपरजोनको क्षेत्र विस्तारको लागि परियोजना व्यवस्थापन इकाईमा सिफारिस गर्ने।

(ओ) सञ्चालित जोन र सुपरजोनको प्रोफाईल तयार गर्ने।

(औ) जिल्लामा सञ्चालित पकेट, ब्लक, जोन र सुपरजोन विकास कार्यक्रमको लागि क्षेत्र निर्धारण, कार्यक्रम तर्जुमा, अनुगमन, तथ्याङ्क व्यवस्थापनको लागि परियोजनाको फोकल कार्यालयको रुपमा कार्य गर्ने ।

(छ) सुपर जोन प्राविधिक इकाई

सुपर जोन विकास कार्यक्रम सञ्चालनको लागि सुपर जोन प्राविधिक इकाई रहनेछ।

(अ) सुपरजोन विकासका लागि तय भएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने।

(आ) परियोजना कार्यान्वयनका लागि कृषि सहकारी, समुह र कृषि उद्यमीहरुको अभिमुखीकरण तथा क्षमता विकास गर्ने।

(इ) सुपर जोन सञ्चालनको लागि उपभोक्ताहरुको सहयोगमा आन्तरिक व्यवस्थापन विधि (Code of Conduct) तयार गरी लागु गर्ने।



नेपाल सरकार

(ई) सम्बन्धित बाली/वस्तुको कृषि विकास केन्द्रका रुपमा कार्य गर्ने तथा बाली/वस्तु विशेषको पकेट, ब्लक, जोन र सुपरजोनसँगको अनुसन्धान प्रसार सेवा र कृषि शिक्षाको सम्बन्ध (Linkages) र पहुँच (Access) स्थापना गर्ने।

(उ) कार्यक्रम तर्जुमा तथा कार्यान्वयनसँग सम्बन्धित निकायहरुबीच कार्यमूलक समन्वयको व्यवस्था मिलाउने।

(ज) जोन प्राविधिक इकाई

जोन विकास कार्यक्रम सञ्चालनको लागि जोन प्राविधिक इकाई रहनेछ।

(अ) जोन विकासका लागि तय भएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने।

(आ) परियोजना कार्यान्वयनका लागि कृषि सहकारी, समुह र कृषि उद्यमीहरुको अभिमुखिकरण तथा क्षमता विकास गर्ने।

(इ) जोन सञ्चालनको लागि उपभोक्ताहरुको सहयोगमा आन्तरिक व्यवस्थापन विधि (Code of Conduct) तयार गरी लागु गर्ने।

(ई) सम्बन्धित बाली/वस्तुको कृषि विकास केन्द्रका रुपमा कार्य गर्ने बाली/वस्तु विशेषको पकेट, ब्लक, जोन र सुपरजोनसँगको अनुसन्धान प्रसार सेवा र कृषि शिक्षाको सम्बन्ध (Linkages) र पहुँच (Access) स्थापना गर्ने।

(उ) कार्यक्रम तर्जुमा तथा कार्यान्वयनसँग सम्बन्धित निकायहरुबीच कार्यमूलक समन्वयको व्यवस्था मिलाउने।

## ३.२ प्रादेशिक निकाय एवं समितिको भूमिका

प्रदेशस्तरमा परियोजना कार्यान्वयनमा सहजीकरणका लागि प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समिति रहनेछ। प्रदेशस्तरमा परियोजनाको कार्यान्वयन एवं व्यवस्थापन मन्त्रालय, जिल्लास्थित कार्यालय तथा ब्लक इकाई लगायतका निकायहरुबाट गरिनेछ। यी निकाय एवं समितिहरुको भूमिका तथा कार्यजिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(अ) परियोजनाको ब्लक सम्भाग अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालय मार्फत गराउने ।

(आ) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतका सम्बन्धित कार्यालयहरुमा ब्लक कार्यान्वयन इकाईको स्थापना गर्ने/गराउने।

(इ) ब्लक अन्तर्गत समूहिक खेती, सहकारी खेती, करार खेती र चक्लाबन्दी खेती प्रवर्द्धन गर्ने।

(ई) परियोजना व्यवस्थापन इकाई र स्थानीय तहसँगको समन्वय र सहयोगमा ब्लकको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने।

(उ) सघनरुपमा दुई आर्थिक वर्षसम्म सञ्चालन भएका ब्लक विकास कार्यक्रमलाई अपनत्व ग्रहण गरी निरन्तरता दिने वा तत् तत् स्थानीय तहमा वा समुदायस्तरमा हस्तान्तरण गर्ने।

(ऊ) हस्तान्तरित ब्लकहरुमा निश्चित अवधिका लागि अनुशरण (follow up) क्रियाकलापहरु सञ्चालन गर्ने।

(ऋ) परियोजनाका अपेक्षित प्रतिफलहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने।

(ऌ) ब्लक अन्तर्गत सञ्चालित कार्यक्रमको समग्र प्रतिवेदन तयार गरी मासिक, चौमासिक र वार्षिक रुपमा परियोजना व्यवस्थापन इकाईमा प्रतिवेदन गर्ने/गराउने।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समिति

परियोजना सञ्चालन गर्न प्रदेशस्तरमा सहजीकरणको लागि अनुसूची-४ बमोजिमको प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समिति रहनेछ।

(अ) परियोजना सञ्चालनमा आवश्यक सहजीकरण गर्ने।

(आ) परियोजनाको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।

(इ) नयाँ ब्लक, जोन र सुपरजोन छनौटको लागि सिफारिस गर्ने।

(ई) अन्तर निकाय समन्वय गर्ने।

(उ) परियोजना सञ्चालनमा आइपरेका समस्याहरु समाधानका लागि पहल गर्ने।

(ग) प्रदेश अन्तर्गतका जिल्ला/डिभिजन कार्यालयहरु (कृषि विकास, पशुपन्छी तथा मत्स्य विकास, उद्योग, वन, सिँचाइ, तालिम तथा फार्म केन्द्र)

(अ) परियोजनाको सहयोगी निकायको रुपमा कार्य गर्ने।

(आ) परियोजनालाई प्राविधिक पृष्ठपोषण, कार्यमूलक समन्वयको प्रत्याभुत गराउने।

(इ) परियोजनाका अपेक्षित प्रतिफलहरुको अनुगमन मुल्याङ्कन गर्ने।

(ई) परियोजना कार्यान्वयनमा देखिएका विषयगत समस्याहरु समाधानमा पहलकदमी लिने र समाधान हुन नसकेका समस्याहरु सम्बन्धित विभाग मार्फत परियोजना व्यवस्थापन इकाईमा प्रतिवेदन गर्ने।

(उ) परियोजना कार्यान्वयन, समन्वय र अनुगमन मुल्याङ्कनका लागि फोकल अधिकृतको व्यवस्था गरी आवश्यक सहयोगी जनशक्तिको व्यवस्थापन गर्ने।

(ऊ) परियोजनाको विषयगत प्रगति तयार गरी परियोजना व्यवस्थापन इकाई र सम्बन्धित निकायमा प्रेषित गर्ने।

(घ) ब्लक इकाई

परियोजना अन्तर्गतको ब्लक विकास कार्यक्रम सञ्चालनको लागि सम्बन्धित जिल्लाको कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयमा ब्लक इकाई रहनेछ। प्रत्येक जिल्लामा तोकिएको अधिकृत ब्लक इकाईको फोकल अधिकृत रहनेछन्।

(अ) परियोजना कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनको समग्र जिम्मेवारी जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालय प्रमुखमा रहने र सरोकारवाला निकायका जिल्लास्थित कार्यालयहरुले सहजीकरण र समन्वयकारी कार्य गर्ने।

(आ) तोकिएका बाली/वस्तु विशेषका ब्लकलाई स्व-सञ्चालन (Self-Sustaining) उन्मुख हुने गरी प्रदेश सरकारको जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयबाट २ आर्थिक वर्षसम्म सघन रुपमा सामूहिक खेती/सहकारी खेती, करार खेती र चक्लाबन्दी खेती प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्ने।

(इ) दुई आर्थिक बर्षसम्म सञ्चालन भएको ब्लक विकास कार्यक्रमको परिपक्वता, जोन विकास कार्यक्रममा स्तरोन्नती वा हाल सञ्चालित जोनमा समाहित हुन सक्ने आधार लगायतका विषयहरु समावेश गरी प्रदेश सरकारको अपनत्व ग्रहण गरी निरन्तरता वा स्थानीय तह वा समुदायस्तरमा हस्तान्तरणको लागि प्रतिवेदन गर्ने ।

(ई) सञ्चालित ब्लकको प्रोफाईल तयार गर्ने।

## ३.३ स्थानीय तह एवं समितिको भूमिका

यस परियोजना कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय तह एवं समितिहरुको भूमिका देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तह

(अ) तोकिएको पकेट विकास कार्यक्रम सञ्चालन गर्ने।

(आ) परियोजनाका विभिन्न सम्भागहरुमा तोकिएका कार्यक्रमहरुमा समन्वय, सहयोग र सहकार्य गर्ने।

(इ) परियोजना अन्तर्गत सञ्चालन हुने पकेट/ब्लक/जोन/सुपरजोनको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको लागि सुझाव दिने।

(ई) कृषक समूह/सहकारीहरुलाई अनुगमन तथा सहजीकरण गर्ने।

(उ) परियोजनाका विषयगत अपेक्षित प्रतिफलहरुको अनुगमन गर्ने।

(ऊ) परियोजना कार्यान्वियनमा देखिएका समस्याहरु समाधानमा सहजीकरण गर्ने।

(ख) जिल्ला परियोजना कार्यान्वियन समन्वय तथा अनुगमन समिति

परियोजना कार्यान्वयनको लागि स्थानीयस्तरमा सहजिकरण एवं समन्वय गर्न अनुसूची-५ बमोजिमको जिल्ला परियोजना कार्यान्वियन समन्वय तथा अनुगमन समिति रहनेछ। जिल्ला परियोजना कार्यान्वियन समन्वय तथा अनुगमन समितिको भूमिका देहाय बमोजिम हुनेछः-

(अ) परियोजना सञ्चालनमा सहजीकरण गर्ने।

(आ) परियोजनाका विभिन्न सम्भागहरुमा तोकिएका कार्यक्रमहरुमा समन्वय तथा अनुगमन गर्ने।

(इ) अन्तर निकाय समन्वय गर्ने।

(ई) ब्लक क्षेत्र निर्धारण र जोन क्षेत्र विस्तारको लागि सिफारिस गर्ने।

(उ) परियोजना संचालमा आइपरेका समस्याहरु समाधानका लागि पहल गर्ने।

(ग) पकेट इकाई

परियोजना अन्तर्गत पकेट विकास कार्यक्रम सञ्चालनको लागि स्थानीय तहको कृषि/पशु सेवा हेर्ने शाखामा पकेट इकाई रहनेछ।

(अ) स्थानीय तहको कृषि/पशु सेवा शाखाको प्राविधिक कर्मचारीलाई पकेट इकाईको सम्पर्क व्यक्तिको रुपमा परिचालन गर्ने।

(आ) जनशक्ती व्यवस्थापन र पकेट अन्तर्गतका क्रियाकलापहरु कार्यान्वियन, अनुगमन तथा मुल्याङ्कनको समग्र जिम्मेबारी वहन गर्ने।

(इ) तोकिएका बाली/वस्तु विशेषका पकेटलाई स्व-सञ्चालन (Self-Sustaining) उन्मुख हुने गरी दुई आर्थिक वर्षसम्म सघन रुपमा सामूहिक खेती/सहकारी खेती, करार खेती र चक्लाबन्दी खेती कार्यक्रम सञ्चालन गर्ने।

(ई) पकेट क्षेत्रको विकास एवं निरन्तरताको लागि अनुशरण (follow up) फलोअप कार्यक्रममार्फत सम्बन्धित बालीको ब्लकसँग सम्पर्क स्थापित गर्ने।

(उ) परियोजनाको विषयगत प्रगति तयार गरी परियोजना कार्यान्वियन इकाई र जिल्लास्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयमा प्रेषित गर्ने।

(ऊ) सञ्चालित पकेटको प्रोफाइल तयार गर्ने।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## परिच्छेद ४
## परियोजना संभाग कार्यान्वयन प्रक्रिया

### ४.१ साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम

**४.१.१ परिचय:** बाली वस्तु विशेषका लागि तोकिएको क्षेत्रफल वा संख्याको न्यूनतम आधार पुरा गरेका र उत्पादनको प्राथमिक इकाईको रुपमा रहेका व्यवसायिक कृषिको निश्चित क्षेत्रलाई साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) भनिनेछ। पकेटमा कृषि/पशुपन्छी/मत्स्य उत्पादन सामग्रीको व्यवस्था, प्राविधिक सेवा प्रवाह र नवीनतम कृषि प्रविधिको प्रसारबाट कृषि/पशुपन्छी/मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ। परियोजना सञ्चालनको प्रथम बर्षमा २१ सय बटा पकेट स्थापना भएका थिए र परियोजनाको अन्त्यसम्ममा पकेट संख्या १५ हजार पुऱ्याउने गरी कार्यक्रम सञ्चालन हुनेछन्। राष्ट्रिय आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा एउटै स्थानीय तहको निश्चित क्लष्टरमा सम्भाव्य बाली/वस्तुको पकेट विकास कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

**४.१.२ उद्देश्य:** साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ:-

(क) कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुऱ्याउने गरी पकेटमा समावेश गरिएका बाली वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,

(ख) पकेट क्षेत्रमा कृषि/पशुपन्छी/मत्स्य उत्पादन सामग्री आपूर्ति तथा प्राविधिक सेवा प्रवाह गर्नु।

**४.१.३ पकेट निर्माण:** पकेट कार्यक्रम सञ्चालन गर्न चाहाने कृषक/उद्यमी/समूह/सहकारी/समितिले भौगोलिक तथा प्राविधिक संभाव्यताको आधारमा सम्बन्धित स्थानीय तहमा निवेदन दिन सक्नेछन् र प्राप्त निवेदनहरुमा प्राविधिक समितिले अध्ययन गरी पेश गरेको प्रतिवेदनको आधारमा पकेट क्षेत्र निर्धारण हुनेछ।

**४.१.४ पकेटको लागि क्षेत्रफल/संख्याको न्यूनतम आधार:** साना व्यवसायिक उत्पादन कृषि केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनको लागि तालिका-१ मा उल्लेख भए बमोजिम न्यूनतम क्षेत्रफल वा संख्याको आधार पुरा गर्नु पर्नेछ।

तालिका १: पकेट कार्यक्रम सञ्चालनका आधारहरु

| बाली/वस्तु | इकाई | भौगोलिक क्षेत्र | | | कैफियत |
|---|---|---|---|---|---|
| | | तराई | पहाड | हिमाल | |
| खाद्यान्न बाली | हेक्टर | २० | १५ | १० | |
| आलु र तरकारी बाली | हेक्टर | २० | ७ | ५ | |
| दलहन, तेलहन, मसलाबाली, फलफूल आदि | हेक्टर | १० | ७ | ५ | |
| मौरी | घार संख्या | ३०० | ३०० | २०० | |
| कन्ये तथा गोब्रे च्याउ | के.जी. | १००० | १००० | १००० | च्याउको बीउ |
| सिताके च्याउ | मुढा संख्या | ५००० | ५००० | ५००० | |
| प्लास्टिक घरमा खेती | वर्ग मिटर | १०००० | १०००० | ६००० | |
| माछा (जलाशय क्षेत्र) | हेक्टर | ६ | ४ | - | |
| ट्राउट माछा (रसवे ) | वर्ग मिटर | | १५०० | १००० | |
| गाई | उन्नत संख्या | १०० | १०० | ६० | दैनिक १००० लिटर दुध |
| | स्थानीय/वर्णशंकर संख्या | ३०० | ३०० | २०० | |

| बाली/वस्तु | इकाई | भौगोलिक क्षेत्र | | | कैफियत |
|---|---|---|---|---|---|
| | | तराई | पहाड | हिमाल | |
| भैंसी | उन्नत संख्या | १०० | ८० | ६० | संकलन गर्ने कृषक उद्यमी वा समूह सहकारी |
| | स्थानीय/वर्णशंकर संख्या | २०० | १५० | १०० | |
| बाख्रा | संख्या | १००० | १००० | ६०० | |
| बंगुर | संख्या | १०० | ८० | ६० | माउ |

४.१.५ **पकेटको संख्या र कार्यक्रम सञ्चालन अवधि:** स्थानीय तहको प्रत्येक वडामा कम्तीमा २ वटा पकेट छनौट गरी परियोजनाको आर्थिक सहयोगमा कार्यक्रम सञ्चालन गरिनेछ। यी पकेटहरुमा सघनरुपमा सामूहिक खेती/सहकारी खेती, करार खेती र चक्लाबन्दी खेती प्रवर्द्धन हुने गरी बढीमा २ आर्थिक वर्षसम्म पकेट कार्यक्रम सञ्चालन हुनेछन्। प्रदेश सरकार र स्थानीय तहले स्थानीय सम्भाव्यताका बालीहरुमा दोहोरो नपर्ने गरी आफ्नो उपलब्ध स्रोत साधनबाट यस्तै किसिमको पकेट कार्यक्रम सञ्चालन गर्न सक्नेछन् वा २ वर्षपछि यीनै पकेटहरुलाई समेत निरन्तरता दिन सक्नेछन्। पकेट छनौट र कार्यक्रम सञ्चालन गर्दा जिल्लामा रहेको जोन तथा सुपरजोन विकास कार्यक्रमलाई सहयोग पुग्ने गरी गर्नु पर्नेछ।

४.१.६ **पकेटको अन्य संभागहरुसँगको सम्बन्ध:** पकेट क्षेत्रको विकास एवं विस्तार भएर वा नजिकका पकेटहरु क्लष्टरमा एकीकृत भई बाली वस्तुको लागि तोकिएको क्षेत्रफल वा संख्याको न्यूनतम आधार पुरा गरेमा पकेटहरु ब्लकमा रुपान्तरित हुनेछन्। यसका लागि पकेट क्षेत्रको विकास एवं निरन्तरताको माध्यमबाट ब्लकमा स्तरोन्नती गर्दै लगिनेछ र अनुशरण (Follow up) कार्यक्रम मार्फत सम्बन्धित बालीको ब्लकसँग सम्पर्क स्थापित गराईने छ। पकेट क्षेत्रमा भएका उत्पादनले जोन र सुपरजोनका कृषि बजार र कृषि उद्योगका लागि कृषि उपज र कच्चा पदार्थ उपलब्ध गराउनेछन्। त्यस्तै जोन र सुपरजोनमा रहेका स्रोत केन्द्रहरुबाट पकेटका लागि बीउ र नश्ल लगायत अन्य प्रविधिहरु उपलब्ध हुनेछन्।

४.१.७ **सञ्चालन गर्ने निकाय:** परियोजना अन्तर्गतको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गर्ने मुख्य जिम्मेवारी स्थानीय तहको हुनेछ र परियोजना कार्यान्वयन इकाई एवं प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयले कार्यक्रम सञ्चालनमा सहजीकरण गर्नेछन्।

**४.१.८ पकेट क्षेत्र निर्धारण र कार्यक्रम स्वीकृत गर्ने व्यवस्था**

(क) राष्ट्रिय आवश्यकता एवं स्थानीय सम्भाव्यताको आधारमा बाली/वस्तु विशेषको पकेट क्षेत्र सञ्चालन गर्न ईच्छुक लक्षित समुदाय/वर्गले सम्बन्धित स्थानीय तहमा अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-७ बमोजिमको ढाँचामा तथ्याङ्क विवरण पेश गर्नुपर्नेछ।

(ख) बाली/वस्तु विशेषको पकेट क्षेत्रको चार किल्ला निर्धारण गर्न देहाय बमोजिमको प्राविधिक समिति रहनेछ। कृषि सम्बन्धी कार्यक्रमको लागि कृषि शाखाको प्रमुख सदस्य सचिव र पशु सेवा शाखाको प्रमुख सदस्य रहनेछन्। साथै, पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्यक्रमको हकमा पशु सेवा शाखाको प्रमुख सदस्य सचिव र कृषि शाखाको प्रमुख सदस्य रहनेछन् ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी, सम्बन्धित स्थानीय तह | संयोजक |
| सम्बन्धित स्थानीय तहको कृषि/पशु सेवा शाखाको प्रमुख | सदस्य |
| सम्बन्धित स्थानीय तहको कृषि/पशु सेवा शाखाको प्रमुख | सदस्य सचिव |

(ग) प्राविधिक समितिले परियोजना कार्यान्वयन इकाई र जिल्लास्थित कृषि/पशु सेवा हेर्ने कार्यालयका प्रमुख वा प्रतिनिधिलाई समितिमा आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ।

(घ) प्राविधिक समितिले देहायको आधारहरुमा अध्ययन गरी पकेट क्षेत्र निर्धारण सम्बन्धी प्रतिवेदन तयार गर्नेछ:-

(अ) अनुसूची-१ बमोजिमका राष्ट्रिय महत्वका बाली/वस्तु

(आ) जिल्लामा सञ्चालित जोन वा सुपरजोन अन्तर्गतका बालीमा कम्तिमा ५० प्रतिशत पकेट छनौट हुनुपर्ने

(इ) स्थानीय स्तरमा रोजगारी सृजना र उत्पादन वृद्धि गर्न सक्ने बाली/वस्तु

(ई) आयात प्रतिस्थापन/आत्मनिर्भरतामा सहयोग पुऱ्याउने बाली/वस्तु

(उ) सिँचाइ, सडक र सेवा प्रदायक संस्था लगायतका आवश्यक पूर्वाधार भएको

(ऊ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै गाउँ/वस्ती/क्लष्टर।

(ङ) अनुसूची-८ बमोजिमको मापदण्डहरुको आधारमा मूल्याङ्कन गरी प्राविधिक समितिले दिएको प्रतिवेदन बमोजिम स्थानीय तहले बाली/वस्तु विशेषको पकेट क्षेत्र निर्धारण गरी पकेट विकास कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिनेछ।

(च) सम्बन्धित स्थानीय तहबाट छनौट भएको पकेट क्षेत्र बाली/वस्तु, क्षेत्रफल लगायतका विवरण परियोजना कार्यान्वयन इकाईमार्फत परियोजना व्यवस्थापन इकाईमा पेश गर्नुपर्नेछ।

(छ) सम्बन्धित स्थानीय तहमा आगामी आ.व. मा सञ्चालन हुने नयाँ पकेट विकास कार्यक्रम सञ्चालनको लागि प्रत्येक आ.व. को कार्तिक महिनाभित्र परियोजना कार्यान्वयन इकाईमार्फत प्रस्तावित पकेट क्षेत्र एवं बालीको विवरण परियोजना व्यवस्थापन इकाईमा पेश गर्नुपर्नेछ।

### ४.१.९ पकेट विकास कार्यक्रम सञ्चालन प्रक्रिया

### ४.१.९.१ कार्यक्रमको लक्षित समुदाय/वर्ग छनौट

(क) स्थानीय तहले सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको पकेट क्षेत्रका देहायका मध्येबाट इच्छुक लक्षित समुदाय/वर्गलाई पकेट कार्यक्रममा सहभागी हुन अनुसूची-९ बमोजिमको ढाँचामा आवेदन आह्वान गर्नेछ:-

(अ) स्थानीय तह वा अन्य सरकारी निकायमा नियमानुसार दर्ता भएका कृषक समूह

(आ) कृषि कार्य गर्ने उद्देश्य सहित प्रचलित कानून बमोजिम दर्ता भएका सहकारीहरु

(इ) नियमानुसार दर्ता भएका जल/वन उपभोक्ता समितिहरु

(ई) कानुन बमोजिम दर्ता भएका कृषि फर्म वा कम्पनीहरु

(ख) पकेट कार्यक्रममा सहभागी हुन इच्छुक लक्षित समुदाय/वर्गले स्थानीय तहले तोकेको बाली/वस्तुमा आधारित रही अनुसूची-१० बमोजिम तोकिएको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ।

(ग) पकेट कार्यक्रममा सहभागिताका लागि प्राप्त आवेदनहरुको अनुसूची-११ बमोजिमको मूल्याङ्कनको आधारहरुमा प्राविधिक समितिले मूल्याङ्कन गर्नेछ। मूल्याङ्कनको आधारहरुलाई समितिले आवश्यकता अनुसार विस्तृतीकरण समेत गर्न सक्नेछ।

(घ) प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण गर्न सक्नेछ।



नेपाल सरकार

(ङ) प्राविधिक समितिले प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी प्राथमिकताक्रम तोकी निर्णयका लागि स्थानीय तह समक्ष पेश गर्नेछ।

(च) स्थानीय तहले स्थानीय तहमा उपलब्ध वार्षिक बजेटको आधारमा सिफारिस गरिएका लक्षित वर्गको आवेदन स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

**४.१.९.२ उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम सञ्चालन प्रकृया**

(क) पकेट निर्धारणको लागि तालिका-१ मा उल्लेख भए बमोजिमको आधार पुरा गरेको पकेटमा उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गर्नुपर्नेछ तर तोकिए बमोजिमको न्यूनतम क्षेत्रफल वा संख्या नपुगेको पकेटको हकमा क्षेत्रफल विस्तार/संख्या वृद्धिका कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्नु पर्नेछ।

(ख) पकेट सञ्चालनको पहिलो वर्षमा पशुपन्छी तथा मत्स्यको हकमा पशु संख्या वृद्धि/नश्ल सुधार/जलाशय क्षेत्र विस्तार र कृषि तर्फका बाली/वस्तुको हकमा बीउ/बिरुवा/क्षेत्रफल विस्तार कार्यक्रम सञ्चालन गर्न कम्तीमा ६० प्रतिशत रकम परिचालन गर्नुपर्नेछ।

(ग) स्थानीय तहबाट स्वीकृत लाभान्वित वर्गको सहभागितामा प्राविधिक समितिले तालिका-२ मा उल्लेख भएका क्रियाकलापको सूची मध्येबाट लाभान्वित वर्गको आवश्यकता र प्राविधिक दृष्टिकोणले उपयुक्त क्रियाकलापहरु छनौट गरी स्थानीय दररेटको आधारमा लागत अनुमान तथा कार्ययोजना तयार गर्नु पर्नेछ।

तालिका २: पकेट विकास कार्यक्रममा सञ्चालन हुने क्रियाकलापको सूची र सञ्चालन विधि

| क.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| क. | **क्षमता विकास कार्यक्रम** | | |
| १ | स्थलगत तालिम | - उन्नत कृषि प्रविधि सम्बन्धी जानकारी | - सहभागी छनौट<br>- प्रशिक्षक तथा प्रशिक्षण सामग्री व्यवस्थापन<br>- तालिम सञ्चालन |
| ख. | **प्रसार तथा बाह्य सेवा** | | |
| १ | सहभागितात्मक नवीनतम उत्पादन प्रविधि प्रदर्शन (५ रोपनी) | - नवीनतम उत्पादन प्रविधि प्रचार/प्रसार गर्ने | - प्रविधि पहिचान तथा छनौट<br>- कृषक तथा जग्गा छनौट<br>- बीउ विजन तथा सामग्री व्यवस्थापन<br>- प्रविधि प्रदर्शन<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| २ | बीउ /बेर्ना/ मौरी/माछा भुरा/पशु नश्ल एवं जैविक विषादी खरिदमा अनुदान | - प्रविधि विस्तार गर्ने | - कृषक छनौट<br>- स्रोत केन्द्रको पहिचान<br>- खरिद व्यवस्थापन<br>- वितरण<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| ग. | **पशु उत्पादन सहयोग** | | |
| १ | गोठ/खोर निर्माण सुधार | - असल पशुपालन अभ्यास प्रवर्द्धन गर्ने | - कृषक छनौट<br>- आधुनिक प्रविधि अवलम्बन गरी नयाँ गोठ निर्माण तथा सुधार |

| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| | | | - नियमित अनुगमन तथा प्रतिवेदन |
| २ | पशु पहिचान/पशु बीमा | - असल पशुपालन अभ्यास प्रवर्द्धन गर्ने | - Tagging/ Micro chipping<br>- पशु बीमा कार्यक्रम सञ्चालन |
| ३ | पशु नश्ल सुधार | - नश्ल सुधार गर्ने | - कृषक छनौट<br>- स्रोत केन्द्रको पहिचान<br>- उन्नत जातको पशु नश्ल (राँगा/साँढेबोका/बीर/पाठा-पाठी/पाडी र बाच्छी) खरिद तथा वितरण<br>- गर्भ परीक्षण<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| ४ | पशु आहारा व्यवस्थापन | - गुणस्तरीय पशु आहाराको सहज आपूर्तिमा सहयोग | - कृषक छनौट<br>- स्रोत केन्द्रको पहिचान<br>- उन्नत जातको भुई तथा डाले घाँसको बीउ/ बेर्ना/ सेटहरु<br>- साईलेज/TMR/UMMB लगायत पशु आहारा प्रविधि/ कबुलियती/सामुदायिक घाँस खेती<br>*TMR- Total Mixed Ration*<br>**UMMB- Urea Molasses Mineral Block* |
| ५ | पशु स्वास्थ्य (खोप/परजीवी नियन्त्रण/उपचार/हर्ड हेल्थ) | - पशुमा लाग्ने रोगहरुको जोखिम न्यूनीकरण गर्ने | - स्थान छनौट<br>- प्राविधिक कर्मचारीको व्यवस्थापन<br>- पशु स्वास्थ्य शिविर सञ्चालन<br>- खोप तथा औषधि खरिद, खोप कार्यक्रम सञ्चालन तथा परजीवी नियन्त्रणका लागि औषधि वितरण<br>- फार्म बायो सेक्युरिटी व्यवस्थापन<br>- बिरामी पशुको उपचार<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| **घ** | **मत्स्य उत्पादन सहयोग** | | |
| १ | मत्स्य पोखरी निर्माण | मत्स्य पालनको क्षेत्र विस्तार गर्ने | - स्थान तथा कृषक छनौट<br>- डिजाईन तथा लागत अनुमान तयारी<br>- पोखरी निर्माण<br>- नियमित अनुगमन तथा प्रतिवेदन माछापालन |
| २ | एकीकृत मत्स्य पालन र | नवीनतम उत्पादन | - प्रविधि पहिचान तथा छनौट |

| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| | प्रविधि प्रदर्शन १०। (रोपनी | प्रविधि प्रसार गर्ने | - कृषक तथा पोखरी छनौट<br>- मत्स्य उत्पादनको लागि आवश्यक भुरा, प्रदर्शन सामग्री व्यवस्थापन<br>- माछा पोखरीको पानीको गुणस्तर परीक्षण<br>- एरेटर लगायतका आवश्यक सामग्री व्यवस्थापन<br>- उत्पादित माछाको भण्डारण तथा बजारीकरणको लागि कोल्ड चेन व्यवस्थापन<br>- प्रदर्शनको नतिजा सम्बन्धी सामूहिक छलफल |
| ङ | अन्य कार्यक्रमहरु | | |
| १ | साना कृषि तथा पशुपालनमा प्रयोग हुने औजार उपकरण | - कृषकको कार्यबोझ घटाउने<br>- लागत न्यूनीकरण | - कृषक तथा औजार उपकरणको आवश्यकता पहिचान<br>- खरिद व्यवस्थापन<br>- वितरण |
| २ | साना सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार (कुलो मर्मत/ थोपा सिँचाइ/ सौर्य उर्जामा आधारित सिँचाइ/प्लाष्टिक पोखरी/ टयूबेल जडान। | - सिंचित क्षेत्र विस्तार गर्ने | - स्थान छनौट<br>- योजना पहिचान<br>- सम्झौता<br>- निर्माण<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| ३ | माटो व्यवस्थापन | - माटोको गुणस्तरमा सुधार | - माटो नमूना सङ्कलन<br>- माटो परीक्षण/शिविर<br>- माटो उपचार |
| ४ | बाली संरक्षण सेवा | - रोग कीराको पहिचान तथा व्यवस्थापन | - नमुना सङ्कलन<br>- बाली उपचार शिविर सञ्चालन<br>- परीक्षण एवं आवश्यक सल्लाह सुझाव |
| ५ | बीउ परीक्षण तथा उपचार सेवा | - बीउको गुणस्तर वृद्धि | - नमुना संकलन/ परीक्षण<br>- विषादी खरिद<br>- बीउ उपचार |
| ६ | जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने कार्यक्रमहरु | - बाँझो जमिनलाई खेतीयोग्य जमिनमा रुपान्तरण गर्ने | - बाँझो जमिनहरुको पहिचान तथा अभिलेखीकरण<br>- खेती गर्ने कृषक, समुह, सहकारी पहिचान र छनौट<br>- मल, बीउ, सिँचाइ र औजार |

| क.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मुख्य चरणहरु |
|---|---|---|---|
| | | | उपकरण सहयोग<br>- नियमित अनुगमन तथा प्रतिवेदन |

(घ) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले नियमानुसार प्राविधिक स्पेशिफिकेशन, लागत अनुमान र कार्यान्वयन कार्य योजना स्वीकृत गर्नेछ।

**४.१.१० सम्झौता र अनुदान रकम भुक्तानी**

(क) स्वीकृत भएका लाभग्राहीसँग स्थानीय तहले सम्झौताका द्विपक्षीय शर्तहरु बारे छलफल गरी संक्षिप्त कार्ययोजना सहित अनुसूची-१२ बमोजिमको ढाँचामा सम्झौता गरी कार्यादेश दिनुपर्नेछ।

(ख) सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात सम्बन्धित लाभग्राहीलाई प्रचलित कानून अनुसार अनुदान रकम भुक्तानी गरिनेछ।

**४.१.११ जनशक्ति व्यवस्थापन:** साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको इकाई सम्बन्धित स्थानीय तहको कृषि/पशु सेवा शाखामा रहनेछ। पकेट सञ्चालनको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

**४.१.१२ पकेट सञ्चालन समन्वय समिति**

(क) स्थानीय तहले पकेट कार्यक्रम सञ्चालनमा सहजीकरण गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी एक पकेट सञ्चालन समन्वय समिति गठन गर्नु पर्नेछ।

(ख) तोकिएको क्षेत्रफल वा पशु संख्या भएको पकेट एक मात्र कृषक वा संस्थाले सञ्चालन गर्ने भएमा सोही संस्थाको प्रोप्राइटर वा संचालकले नै पकेट सञ्चालन समन्वय समितिको भूमिका निर्वाह गर्नेछ।

(ग) एक भन्दा बढी कृषक वा संस्थाले तोकिए बमोजिमको पकेट सञ्चालन गर्ने भएमा पकेट कार्यक्रममा संलग्न सबै कृषक वा संस्थाको प्रतिनिधित्व हुने गरी ५ सदस्यीय पकेट सञ्चालन समन्वय समिति गठन गरिनेछ। यसरी गठन हुने समितिमा कम्तीमा २ जना महिला सदस्य हुनु पर्नेछ। समिति सदस्य मध्येबाट एक जना संयोजक हुनेछ र समिति एवं सदस्यको पदावधि २ आर्थिक बर्षको हुनेछ। विगत देखि सञ्चालनमा रहेका पकेट सञ्चालक समिति बाँकी अवधिका लागि पकेट सञ्चालन समन्वय समितिमा रुपान्तरण हुनेछ।

(घ) पकेट सञ्चालन समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछः-

(अ) पकेट क्षेत्रमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख तयार गर्न सहजीकरण गर्ने।

(आ) पकेट क्षेत्र अन्तर्गतका कृषक समुह, कृषि सहकारी, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, कृषिसँग सम्बन्धित कम्पनी वा फर्महरुको विवरण अद्यावधिक गर्न सहजीकरण गर्ने।

(इ) पकेट अन्तर्गत सञ्चालन हुने प्रविधिहरुको प्रसारमा स्थानीय तहको कृषि/पशु सेवा शाखालाई सहजीकरण गर्ने।

(ई) सहभागितात्मक रुपमा प्राविधिकको सहयोगमा २ आर्थिक वर्षको पकेट सञ्चालन कार्ययोजना तयार गर्न सहजीकरण गर्ने।

(उ) पकेट क्षेत्र अन्तर्गत समूहिक खेती, सहकारी खेती, चक्लाबन्दी खेती र पशुपालन प्रवर्द्धनमा सहजीकरण गर्ने।

(ऊ) पकेट क्षेत्र अन्तर्गत स्थापना गरिएका पूर्वाधारहरुको विकास, प्रयोग र सम्बर्द्धनमा समन्वय र सहजीकरण गर्ने।

(ऋ) परियोजनाका सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।



नेपाल सरकार

(ऌ) पकेट विकासको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमामा स्थानीय तहसँग समन्वय गर्ने।

(ऍ) पकेट विकास कार्यक्रमको नियमित अनुगमन एवं पृष्ठपोषणमा सम्बन्धित स्थानीय तहको कृषि/पशु सेवा शाखालाई सहजीकरण गर्ने।

(ऐ) सञ्चालित पकेटको प्रोफाईल तयार गर्न सहजीकरण गर्ने।

**४.१.१३ अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन**

**(क) अनुगमन तथा मूल्याङ्कनः** परियोजना कार्यान्वयन इकाई, प्रदेश सरकार अन्तर्गतको निकाय र स्थानीय तहले पकेट विकास कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नेछ। स्थानीय तह र पकेट सञ्चालन समन्वय समितिले पकेट कार्यक्रमको सार्वजनिक सुनुवाईका लागि सजहजीकरण गर्नु पर्नेछ।

**(ख) प्रगति प्रतिवेदन**

(अ) स्थानीय तहको कृषि/पशु सेवा शाखाले खर्च र उपलब्धि सम्बन्धी चौमासिक र बार्षिक प्रगति प्रतिवेदन तयार गरी जिल्ला स्थित परियोजना कार्यान्वयन इकाई र प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा हेर्ने निकायमा पेश गर्नु पर्नेछ।

(आ) अनुसूची-१३ र राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी जिल्लास्थित परियोजना कार्यान्वयन इकाईमा पेश गर्नु पर्नेछ।

(इ) कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले अनुसूची-७ बमोजिमको ढाँचामा पकेटको प्रोफाईल तयार तथा अद्यावधिक गरी जिल्लास्थित परियोजना कार्यान्वयन इकाईमा पेश गर्नु पर्नेछ।

**४.२ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम**

**४.२.१ परिचयः** बाली वस्तु विशेषका लागि तोकिएको क्षेत्रफल वा संख्याको न्यूनतम आधार पुरा गरेका व्यवसायिक कृषि उत्पादनको निश्चित क्षेत्रलाई व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) भनिनेछ। ब्लकमा बीउ/नश्ल, मल/आहारा र साना कृषि यन्त्र लगायतका उत्पादन सामग्री, सिँचाइ, विद्युत र सडक लगायतका कृषि पूर्वाधार, कृषि ऋण, बीमा (बाली तथा पशुधन सुरक्षण) एवं नीतिगत सहजीकरण र कृषक व्यवसायीको क्षमता विकास जस्ता सेवा सुविधा उपलब्ध गराइ कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गरिनेछ। परियोजना कार्यान्वयनको प्रथम बर्षमा १ सय ५० वटा ब्लक स्थापना भएका थिए र परियोजनाको अन्त्यसम्ममा दस्तावेजमा तोकिएको लक्ष्य अनुसार ब्लक संख्या १५ सय पुऱ्याउने गरी कार्यक्रम सञ्चालन हुनेछन्। राष्ट्रिय आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा एउटै स्थानीय तहको निश्चित क्लष्टरमा सम्भाव्य बाली/वस्तुको ब्लक विकास कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

**४.२.२ उद्देश्यः** व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुऱ्याउने गरी ब्लकमा समावेश गरिएका बाली वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,

(ख) ब्लक क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास तथा व्यवसायीकरण प्रवर्द्धन गर्नु।

**४.२.३ ब्लक निर्माणः** पकेट क्षेत्रको विकास एवं विस्तार भएर वा नजिकका पकेटहरु क्लष्टरमा एकीकृत भई बाली वस्तुको लागि तोकिएको क्षेत्रफल वा संख्याको न्यूनतमा आधार पुरा गरेमा पकेटहरु ब्लकमा रुपान्तरित हुन सक्नेछन्। स्थानीय सम्भाव्यता र प्रादेशिक महत्वको आधारमा प्रदेश सरकारले राष्ट्रिय प्राथमिकताका बाली वस्तुहरु मध्येबाट ब्लक क्षेत्र निर्धारण गर्नेछ।

४.२.४ **ब्लकको लागि क्षेत्रफल/संख्याको न्यूनतम आधारः** व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम सञ्चालनको लागि तालिका-३ मा उल्लेख भए बमोजिम न्यूनतम क्षेत्रफल वा संख्याको आधार पुरा गर्नु पर्नेछ।

तालिका ३: ब्लक विकास कार्यक्रम सञ्चालनका आधारहरु

| बाली/वस्तु | इकाई | भौगोलिक क्षेत्र | | | कैफियत |
|---|---|---|---|---|---|
| | | तराई | पहाड | हिमाल | |
| खाद्यान्नबाली | हेक्टर | १५० | १०० | ५० | |
| आलु र तरकारी बाली | हेक्टर | ८० | ३० | २० | |
| दलहन, तेलहन, मसलाबाली, फलफूल आदि | हेक्टर | १०० | ७० | ३० | |
| मौरी | घार संख्या | १००० | १००० | ८०० | |
| कन्य तथा गोब्रे च्याउ | के. जी. | १०००० | १०००० | १०००० | च्याउको बीउ |
| सिताके च्याउ | मुढा संख्या | २५००० | २५००० | २५००० | |
| प्लास्टिक घरमा खेती | हेक्टर | १० | १० | ६ | |
| माछा (जलाशय क्षेत्र) | हेक्टर | ६० | ४० | | |
| ट्राउट माछा (रेसवे ) | वर्ग मिटर | ३००० | ३००० | २००० | |
| गाई | उन्नत संख्या | २०० | २०० | १५० | दैनिक २००० लिटर दुध संकलन गर्ने कृषक उद्यमी वा समूह सहकारी |
| | स्थानीय/वर्णशंकर संख्या | ६०० | ६०० | ३०० | |
| भैंसी | उन्नत संख्या | २०० | १५० | १२० | |
| | स्थानीय/वर्णशंकर संख्या | ४०० | ३०० | २५० | |
| बाखा | संख्या | ५००० | ५००० | ३००० | |
| बंगुर | संख्या | ५०० | ५०० | ३०० | माउ |

४.२.५ **ब्लकको संख्या र कार्यक्रम सञ्चालन अवधिः** प्रत्येक स्थानीय तहमा कम्तीमा २ वटा ब्लक छनौट गरी परियोजनाको आर्थिक सहयोगमा कार्यक्रम सञ्चालन गरिनेछ। यी ब्लकहरुमा सघनरुपमा सामूहिक खेती/सहकारी खेती, करार खेती र चक्लाबन्दी खेती र साना कृषि औजार उकरण प्रवर्द्धन जस्ता कार्यक्रम बढीमा २ आर्थिक वर्षसम्म कार्यक्रम सञ्चालन हुनेछन्। प्रदेश सरकार र स्थानीय तहले स्थानीय सम्भाव्यताका बालीहरुमा दोहोरो नपर्ने गरी आफ्नो उपलब्ध स्रोत साधनबाट यस्तै किसिमको ब्लक कार्यक्रम सञ्चालन गर्न सक्नेछन् वा २ वर्षपछि यिनै ब्लकहरुलाई समेत निरन्तरता दिन सक्नेछन्। ब्लक छनौट र कार्यक्रम सञ्चालन गर्दा जिल्लामा रहेको जोन तथा सुपरजोन विकास कार्यक्रमलाई सहयोग पुग्ने गरी गर्नु पर्नेछ।

४.२.६ **ब्लकको अन्य संभागहरुसँगको सम्बन्धः** ब्लक क्षेत्रको विकास एवं विस्तार भएर वा नजिकका पकेट वा ब्लकहरु क्लष्टरमा एकीकृत भई बाली वस्तुको लागि तोकिएको क्षेत्रफल वा संख्याको न्यूनतमा आधार पुरा गरेमा ब्लकहरु जोनमा रुपान्तरित हुनेछन्। यसका लागि ब्लक क्षेत्रको विकास एवं निरन्तरताको माध्यमबाट जोनमा स्तरोन्नती गर्दै लगिनेछ र अनुशरण (Follow up) कार्यक्रम मार्फत सम्बन्धित बालीको जोनसँग सम्पर्क स्थापित गराईने छ। ब्लक क्षेत्रमा भएका उत्पादनले जोन र सुपरजोनका कृषि बजार र कृषि उद्योगका लागि कृषि उपज र कच्चा पदार्थ उपलब्ध गराउनेछन्। त्यस्तै जोन र सुपरजोनमा रहेका स्रोत केन्द्रहरुबाट ब्लकका लागि बीउ र नश्ल लगायत अन्य प्रविधिहरु उपलब्ध हुनेछन्।

४.२.७ **सञ्चालन गर्ने निकायः** परियोजना अन्तर्गतको व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम सञ्चालनको मूख्य जिम्मेवारी प्रदेश सरकार अन्तर्गतको कृषि र पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयको हुनेछ र परियोजना कार्यान्वयन इकाई र स्थानीय तहले ब्लक विकास कार्यक्रम सञ्चालनमा सहजीकरण गर्नेछन्।

४.२.८ **ब्लक क्षेत्र निर्धारण र कार्यक्रम स्वीकृत गर्ने व्यवस्था**

(क) राष्ट्रिय आवश्यकता एवं स्थानीय सम्भाव्यताको आधारमा बाली/वस्तु विशेषको ब्लक सञ्चालन गर्न ईच्छुक लक्षित समुदाय/वर्गले सम्बन्धित स्थानीय तहमा अनुसूची-६बमोजिमको ढाँचामा निवेदनको साथ अनुसूची-७ बमोजिमको ढाँचामा तथ्याङ्क विवरण पेश गर्नुपर्नेछ।

(ख) बाली/वस्तु विशेषको ब्लक क्षेत्रको चार किल्ला निर्धारण गर्न देहाय बमोजिमको प्राविधिक समिति रहनेछ।

| | |
|---|---|
| प्रमुख, प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालय | संयोजक |
| प्रमुख वा निजले तोकेको प्रतिनिधि, परियोजना कार्यान्वयन इकाई | सदस्य |
| फोकल अधिकृत, प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालय | सदस्य सचिव |

(ग) प्राविधिक समितिले ब्लक सञ्चालन हुने सम्बन्धित स्थानीय तहको कृषि पशु सेवा/शाखा प्रमुख वा प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(घ) प्राविधिक समितिले देहायको आधारहरुमा अध्ययन गरी ब्लक क्षेत्र निर्धारण सम्बन्धी प्रतिवेदन तयार गर्नेछः-

(अ) अनुसूची-१ बमोजिमका राष्ट्रिय महत्वका बाली/वस्तु

(आ) जिल्लामा सञ्चालित जोन वा सुपरजोन अन्तर्गतका बालीमा कम्तिमा ५० प्रतिशत ब्लक छनौट हुनुपर्ने

(इ) स्थानीय स्तरमा रोजगारी सृजना र उत्पादन वृद्धि गर्न सक्ने बाली/वस्तु

(ई) आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउने बाली/वस्तु

(उ) कृषि उद्योगको लागि आवश्यक कच्चा पदार्थ र खरिद सुनिश्चितता भएको बाली/वस्तु

(ऊ) सिंचाइ, सडक र सेवा प्रदायक संस्था लगायतका आवश्यक पूर्वाधार भएको

(ए) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/वस्ती/हुनसक्ने वा एउटै गाउँ/क्लष्टरमा भएको

(ङ) अनुसूची-८ बमोजिमको मापदण्ड अनुसार मूल्याङ्कन गरी प्राविधिक समितिले दिएको प्रतिवेदनको आधारमा जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको सिफारिस सहित प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयले पेश गरेको प्रस्ताव बमोजिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले बाली/वस्तु विशेषको ब्लक क्षेत्र निर्धारण गर्न स्वीकृति दिनेछ।



नेपाल सरकार

(च) प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले छनौट गरेको ब्लक क्षेत्र, बाली/वस्तु, क्षेत्रफल लगायतका विवरण परियोजना व्यवस्थापन इकाईमा उपलब्ध गराउनु पर्नेछ।

(छ) प्रदेश अन्तर्गतका जिल्लामा आगामी आ.व. मा सञ्चालन हुने नयाँ ब्लक विकास कार्यक्रम सञ्चालनको लागि प्रत्येक आ.व. को कार्तिक महिनाभित्र प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रस्तावित ब्लक क्षेत्र एवं बालीको विवरण परियोजना व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ।

### ४.२.९ ब्लक कार्यक्रम सञ्चालन प्रक्रिया

#### ४.२.९.१ कार्यक्रमको लक्षित समुदाय/वर्ग

(क) प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गतको कृषि/पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको क्षेत्रका देहाय मध्येबाट इच्छुक लक्षित समुदाय/वर्गलाई ब्लक कार्यक्रममा सहभागी हुन अनुसूची-९ बमोजिमको ढाँचामा आवेदन आव्हान गर्नेछ:-

(अ) स्थानीय तह वा अन्य सरकारी निकायमा नियमानुसार दर्ता भएका कृषक समूह

(आ) कृषि कार्य गर्ने उद्देश्य सहित प्रचलित कानून बमोजिम दर्ता भएका सहकारीहरु

(इ) नियमानुसार दर्ता भएका जल/वन उपभोक्ता समितिहरु

(ई) कानुन बमोजिम दर्ता भएका कृषि फर्म वा कम्पनीहरु

(ख) ब्लक कार्यक्रममा सहभागी हुन इच्छुक लक्षित वर्गले प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय /कृषि/पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयले तोकेको बाली/वस्तुमा आधारित रही अनुसूची-१० बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ।

(ग) ब्लक कार्यक्रममा सहभागिताका लागि प्राप्त आवेदनहरुको अनुसूची-११ बमोजिमको मूल्याङ्कनको आधारहरुमा प्राविधिक समितिले मूल्याङ्कन गर्नेछ। मूल्याङ्कनको आधारहरुलाई समितिले आवश्यकता अनुसार विस्तृतीकरण समेत गर्न सक्नेछ।

(घ) प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण गर्न सक्नेछ।

(ङ) प्राविधिक समितिले कार्यक्रम एवं लाभग्राहीको दोहोरोपन नहुने गरी प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी प्राथमिकताक्रम तोकी स्वीकृतिका लागि प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयमा पेश गर्नेछ।

(च) प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयले ब्लक कार्यक्रम सञ्चालनको लागि कार्यालयमा सिफारिस गरिएका लक्षित समुदाय/वर्गको आवेदन स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

#### ४.२.९.२ उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम सञ्चालन प्रकृया

(क) ब्लक निर्धारणको लागि तालिका-३ मा उल्लेखित आधार पुरा गरेको ब्लकमा उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ तर तोकिए बमोजिमको न्यूनतम क्षेत्रफल वा संख्या नपुगेको ब्लकको हकमा क्षेत्रफल विस्तार/संख्या वृद्धिका कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्नु पर्नेछ।

(ख) ब्लक सञ्चालनको पहिलो बर्षमा पशुपन्छी तथा मत्स्यको हकमा पशु संख्या वृद्धि/नश्ल सुधार/जलाशय क्षेत्र विस्तार र कृषि तर्फका बाली/वस्तुको हकमा बीउ/बिरुवा/क्षेत्रफल विस्तार कार्यक्रम सञ्चालन गर्न कम्तीमा ६० प्रतिशत रकम परिचालन गर्नुपर्नेछ। ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग)कार्यालयले स्वीकृत लाभान्वित समुदाय/वर्गको सहभागितामा तालिका-४ मा उल्लेख भएका क्रियाकलापको सूची मध्येबाट लाभान्वित समुदाय/वर्गको आवश्यकता र प्राविधिक दृष्टिकोणले उपयुक्त क्रियाकलापहरु छनौट गरी स्थानीय दररेटको आधारमा लागत अनुमान तयार गर्नु पर्नेछ।

तालिका ४: ब्लक विकास कार्यक्रममा सञ्चालन हुने क्रियाकलापको सूची र सञ्चालन विधि

| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्यहरु | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| **क.** | **क्षमता विकास कार्यक्रम** | | |
| १ | अभिमूखीकरण कार्यक्रम | - परियोजनाबाट सञ्चालित कार्यक्रमहरुको जानकारी | - सहभागी छनौट<br>- कार्यक्रम सञ्चालन |
| २ | स्थलगत तालिम | - उन्नत कृषि प्रविधि सम्बन्धी जानकारी | - सहभागी छनौट<br>- प्रशिक्षक तथा प्रशिक्षण सामग्री व्यवस्थापन<br>- तालिम सञ्चालन |
| **ख.** | **प्रविधि तथा प्राविधिक सहयोग** | | |
| १ | सहभागितात्मक व्यवसायिक उत्पादन प्रविधि प्रदर्शन (१० रोपनी) | - नवीनतम उत्पादन प्रविधि प्रसार गर्ने | - प्रविधि पहिचान तथा छनौट<br>- कृषक तथा जग्गा छनौट<br>- बीउ बिजन तथा सामग्री व्यवस्थापन<br>- प्रविधि प्रदर्शन<br>- नियमित अनुगमन<br>- प्रदर्शनको नतिजा सम्बन्धी सामूहिक छलफल |
| २ | माटो व्यवस्थापन | - माटोको गुणस्तरमा सुधार गर्ने | - माटो नमूना सङ्कलन<br>- माटो परीक्षण शिविर<br>- माटो उपचार |
| ३ | बाली संरक्षण सेवा | - रोग कीराको पहिचान तथा व्यवस्थापन गर्ने | - नमुना सङ्कलन<br>- बाली उपचार शिविर सञ्चालन<br>- परीक्षण एवं आवश्यक सल्लाह सुझाव |
| ४ | बीउ उपचार सेवा | - बीउको गुणस्तर वृद्धि गर्ने | - नमुना सङ्कलन /परीक्षण<br>- विषादी खरिद<br>- बीउ उपचार |
| ५ | बगैंचा सुदृढीकरण | - स्वस्थ बगैंचा व्यवस्थापन गरी उत्पादन बढाउने | - माग सङ्कलन<br>- स्थान तथा लाभग्राही छनौट<br>- लागत अनुमान तयारी एवं स्वीकृति<br>- सुदृढीकरण कार्यक्रम सञ्चालन<br>- अनुगमन तथा प्रतिवेदन |

| क.सं. | कियाकलाप/कार्यक्रम | उद्देश्यहरु | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| ग. | उत्पादन सामग्री सहयोग | | |
| १ | क्षेत्र विस्तार<br>उन्नत तथा हाईब्रिड बीउ बिजन, बिरुवा, रसायनिक एवं जैबिक बिषादीहरु, सुक्ष्म तत्व, मौरी, माछा भुरा, पशु नश्ल लगायतका अन्य उत्पादन सामग्रीहरुमा अनुदान सहयोग | - प्रविधि विस्तार गर्ने | - कृषक छनौट<br>- स्रोत केन्द्रको पहिचान<br>- खरिद व्यवस्थापन<br>- वितरण<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| २ | सेड हाउस, स्किन हाउस, ग्रीन हाउस, नेट हाउस लगायतका उत्पादन पूर्वाधारहरु | - कृषकलाई सहज ढंगबाट बेमौसमी खेती गर्न सहयोग पुऱ्याउने | - साझेदारको छनौट गर्ने<br>- कार्ययोजना बनाउने<br>- निर्माण गर्ने<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| ३ | बीउ स्रोत केन्द्र स्थापना | - उन्नत बीउ बिजन उत्पादन गर्ने | - स्थान र कृषक छनौट गर्ने<br>- मूलबीउ उपलव्ध गराउने<br>- बाली निरीक्षण गराउने<br>- बीउ प्रमाणीकरणमा सहयोग गर्ने<br>- भण्डारणको लागि मेटल बिन , सिड बिन वितरण गर्ने<br>- अनुगमन गर्ने |
| घ | कृषि / पशुपालन औजार उपकरण सहयोग | | |
| १ | पावरटिलर, मिनीटिलर, स्प्रेयर, आलु खन्ने तथा उकेरा लगाउने मेशीन, झार गोड्ने मेसिनहरु र यसमा लाग्ने अन्य उपकरणहरु | - कृषकको कार्यबोझ घटाउने र लागत न्यूनीकरण गर्ने | - कृषक तथा औजार उपकरणको आवश्यकता पहिचान<br>- खरिद व्यवस्थापन<br>- वितरण<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| ङ | पोष्ट हार्भेष्ट सेन्टर स्थापना | | |
| १ | प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिंग, प्रि-कुलिङ, नापतौल मेशिन, प्याकेजिङ, लेवलिङ, ढुवानी साधन, प्रदर्शन तथा बिक्री कक्ष /स्टल | - कृषि उपजहरुको संचय , बजारीकरण र क्षती न्यूनीकरणमा सहयोग गर्ने | - स्थान पहिचान<br>- लागत अनुमान र टेक्निकल स्पेशिफिकेसन/ नापनक्सा तयार गर्ने<br>- कार्ययोजना बनाउने<br>- खरिद व्यवस्थापन गर्ने<br>- निर्माण सम्पन्न गर्ने |

| क.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्यहरु | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| | | | - नियमानुसार सेवा प्रदान गर्ने<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| च | **नर्सरी पूर्वाधार विकास सहयोग** | | |
| १ | नर्सरी स्थापना | - गुणस्तरीय बिरुवा उत्पादन गर्ने | - स्थान तथा कृषक छनौट गर्ने<br>- आवश्यकता अनुसारको नर्सरी रेखाङ्कन गर्ने<br>- नर्सरीका लागि आवश्यक औजार उपकरण र सामग्रीहरुको व्यवस्थापन गर्ने<br>- नर्सरी स्थापना<br>- नियमित अनुगमन तथा प्रतिवेदन<br>- गुणस्तरीय बिरुवा उत्पादन तथा बिक्री वितरण गर्ने |
| २ | सेड हाउस, स्क्रिन हाउस, ग्रीन हाउस, नेट हाउस लगायतका नर्सरी पूर्वाधारहरु | - कृषकलाई सहज ढंगबाट बेमौसमी खेती गर्न सहयोग पुऱ्याउने | - स्थान तथा कृषक छनौट गर्ने<br>- आवश्यकता अनुसारको डिजाईन/ स्पेशिफिकेसन बनाउने<br>- आवश्यक औजार उपकरण र सामग्रीहरुको व्यवस्थापन गर्ने<br>- नर्सरी स्थापना<br>- अनुगमन गर्ने<br>- गुणस्तरीय बिरुवा उत्पादन तथा बिक्री वितरण गर्ने |
| छ | **साना सिँचाइ निर्माण तथा मर्मत सम्भार सहयोग** | | |
| १ | साना सिँचाइ निर्माण तथा मर्मत सुधार | - सिंचित क्षेत्र बिस्तार गर्ने | - स्थान छनौट<br>- योजना पहिचान<br>- सम्झौता<br>- निर्माण<br>- अनुगमन तथा प्रतिवेदन |
| २ | स्यालो ट्यूववेल बोरिङ्ग लगायतका भूमिगत सिँचाइ पूर्वाधारहरु | - सिंचित क्षेत्र बिस्तार गर्ने | - स्थान छनौट<br>- योजना पहिचान<br>- सम्झौता<br>- निर्माण<br>- अनुगमन तथा प्रतिवेदन |
| ३ | नवीनतम सिँचाइ प्रविधि (थोपा सिँचाइ, सौर्य उर्जामा आधारित सिँचाइ। | - सघन बाली प्रणालीको बिकास गर्ने | - स्थान छनौट<br>- योजना पहिचान<br>- सम्झौता<br>- निर्माण |

| क्र.सं. | कियाकलाप/कार्यक्रम | उद्देश्यहरु | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| | | | - अनुगमन तथा प्रतिवेदन |
| ज | **मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापना सहयोग** | | |
| १ | मत्स्य पोखरी निर्माण | - मत्स्य पालनको क्षेत्र विस्तार गर्ने | - स्थान तथा कृषक छनौट<br>- डिजाईन तथा लागत अनुमान तयारी<br>- पोखरी निर्माण<br>- अनुगमन तथा प्रतिवेदन<br>- माछापालन गर्ने |
| २ | मत्स्य ह्याचरी स्थापना सुदृढीकरण/ सहयोग | गुणस्तरीय माछा भुरा उत्पादनमा सहयोग गर्ने | - स्थान तथा कृषक छनौट<br>- डिजाईन तथा लागत अनुमान तयारी<br>- मत्स्य ह्याचरी निर्माण/सुदृढीकरण तथा सञ्चालन गर्ने<br>- माउ माछाको स्रोत पहिचान र व्यवस्थापन गर्ने<br>- अनुगमन तथा प्रतिवेदन<br>- भुरा उत्पादन र बिक्री वितरण |
| ३ | एकीकृत मत्स्य पालन प्रविधि प्रदर्शन (१० रोपनी) | - नवीनतम उत्पादन प्रविधि प्रसार गर्ने | - प्रविधि पहिचान तथा छनौट<br>- कृषक तथा पोखरी छनौट<br>- मत्स्य उत्पादनको लागि आवश्यक भुरा प्रदर्शन ,सामग्री व्यवस्थापन<br>- प्रदर्शनको नतिजा सम्बन्धी सामूहिक छलफल |
| झ. | **पशु उत्पादन तथा सेवा सम्बन्धी आधारभूत सहयोग** | | |
| १ | गोठ/खोर सुधार (गाई, भैंसी, बाख्रा, बङ्गुर ) | - पशु रोगको जोखिम न्यूनीकरण गर्ने | - कृषक छनौट<br>- गोठ/खोरको लागत अनुमान तथा डिजाईन तयार गर्ने<br>- निर्माण सामग्रीको व्यवस्थापन गर्ने<br>- गोठ/ खोर निर्माण/सुधार गर्ने<br>- अनुगमन गर्ने |
| २ | पशु नश्ल सुधार | - बंश सुधार गर्ने | - कृषक छनौट<br>- स्रोत केन्द्रको पहिचान<br>- उन्नत जातको पशु नश्ल खरिद तथा वितरण (पाठा-पाठी/बोका/बीर/राँगा/साँढे)<br>- कृत्रिमा गर्भाधान |

| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्यहरु | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| | | | - गर्भ परीक्षण<br>- अनुगमन गर्ने |
| ३ | पशु आहारा विकास कार्यक्रम | - गुणस्तरीय पशु आहाराको सहज आपूर्तीमा सहयोग | - कृषक छनौट<br>- स्रोत केन्द्रको पहिचान<br>- उन्नत जातको भुँइ तथा डाले घाँसको बीउ/बेर्ना/सेटहरु वितरण<br>- साईलेज/TMR/UMMB लगायत पशु आहारा प्रविधि/कबुलियति/सामुदायिक घाँस खेती<br>- प्राविधिक अनुगमन गर्ने<br>*TMR- Total Mixed Ration<br>*UMMB- Urea Molasses Mineral Block |
| ४ | पशु स्वास्थ्य (खोप/परजीवी नियन्त्रण/ उपचार/हर्ड हेल्थ ) | - पशुमा लाग्ने रोगहरुको जोखिम न्यूनीकरण गर्ने | - स्थान छनौट<br>- प्राविधिक कर्मचारीको व्यवस्थापन<br>- पशु स्वास्थ्य शिविर सञ्चालन<br>- प्रयोगशाला परीक्षण सेवा (गोवर, दुध, रगत)<br>- विज्ञ उपचार सेवा<br>- माहामारी नियन्त्रण<br>- खोप तथा औषधि खरिद, प्रयोग तथा वितरण<br>- फार्म बायोसेक्युरिटी सुधार |
| ज | **पशुपन्छी/मत्स्य बजार प्रवर्द्धन कार्यक्रम** | | |
| १ | दुग्ध चिस्यान केन्द्र स्थापना | - दुध तथा दुग्ध जन्य पदार्थको बजारीकरणमा सहयोग गर्ने | - समूह र सहकारी छनौट<br>- दुध उत्पादनको तथ्याङ्क सङ्कलन गर्ने<br>- चिलिङ्ग भ्याट सञ्चालनका लागि उपयुक्त स्थानको छनौट गर्ने<br>- दुध सङ्कलन परिमाण अनुसारको चिलिङ्ग भ्याट खरिद व्यवस्थापन गर्ने<br>- दुध सङ्कलन गरी बिक्री वितरण गर्ने<br>- अनुगमन तथा प्रतिवेदन |

| क.सं. | कियाकलाप/कार्यक्रम | उद्देश्यहरु | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| २ | वध स्थल/मासु पसल स्थापना/सुधार | - स्वच्छ मासुको बिक्री वितरण गर्ने | - मासु व्यवसायी कृषक छनौट<br>- मासु पसल सथापनासुधार / गर्ने<br>- मासु पसलका लागि आवश्यक उपकरणहरु (डिप फ्रिज, उपयुक्त मासु काट्ने औजारहरु, शिशा/टायल आदि जडान)<br>- मासु पसलबाट उत्पादन हुने फोहोरको उचित व्वस्थापन गर्ने<br>- मासु तथा मासु जन्य पदार्थको बिक्री वितरण गर्ने<br>- अनुगमन तथा प्रतिवेदन |
| ३ | फिस मार्ट स्थापना | - स्वच्छ एवं ताजा माछाको बिक्री वितरण गर्ने | - माछा पसलका लागि आवश्यक उपकरणहरु (डिप फ्रिज, माछाको कत्ला निकाल्ने औजार, ड्रेसिङ्ग गर्ने औजार, बेशिन, सिङ्क, पानीको व्यवस्था, शिशा/टायल आदि जडान)<br>- माछा पसलबाट उत्पादन हुने फोहोरको उचित व्वस्थापन गर्ने<br>- ताजा एवं फ्रोजन माछा तथा माछाजन्य पदार्थको नियमित बिक्री वितरण वितरण गर्ने |
| ट. | अन्य कार्यक्रमहरु | | |
| १ | जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने कार्यक्रमहरु | - बाँझो जमिनलाइ खेतीयोग्य जमिनमा रुपान्तरण गर्ने | - बाँझो जमिनहरुको पहिचान तथा अभिलेखीकरण<br>- खेती गर्ने कृषक समुह, सहकारी पहिचान र छनौट<br>- मल, बीउ, सिँचाइ र औजार उपकरण सहयोग<br>- अनुगमन तथा प्रतिवेदन |

*(नोट: ढुवानी साधन खरिद र पोष्ट हार्भेष्ट पूर्वाधार निर्माण/सञ्चालन गर्दा प्रदेश मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।)*

(घ) प्रदेश सरकार अन्तर्गतको जिल्लास्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयको प्रमुखले नियमानुसार प्राविधिक स्पेशिफिकेशन, लागत अनुमान र कार्यान्वयन कार्य योजना स्वीकृत गर्नेछ।

४.२.१० **सम्झौता र अनुदान रकम भुक्तानी**

(क) स्वीकृत भएका आवेदक लाभग्राहीसँग कार्यालयले सम्झौताका द्विपक्षीय शर्तहरुबारे छलफल गरी संक्षिप्त कार्ययोजना सहित अनुसूची-१२ बमोजिमको ढाँचामा सम्झौता गरी कार्यादेश दिनुपर्नेछ। ।

(ख) सम्झौता बमोजिम कार्य सम्पन्न भए पश्चात सम्बन्धित लाभग्राहीलाई प्रचलित कानून अनुसार अनुदान रकम भुक्तानी गरिनेछ। ।

४.२.११ **जनशक्ति व्यवस्थापन:** व्यवसायिक कृषि उत्पादन (ब्लक) विकास कार्यक्रमको इकाई प्रदेश सरकार अन्तर्गतको जिल्लास्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयमा रहनेछ। प्रत्येक जिल्लामा तोकिएको अधिकृत ब्लक इकाईको फोकल अधिकृत रहनेछन्। सरोकारवाला निकायका फिल्ड कार्यालयहरुले सहजीकरण र समन्वयकारी कार्य गर्नेछन्। सघन प्राविधिक सहयोगका निम्ति तोकिएको बालीमा अनुभव प्राप्त प्राविधिकलाई निश्चित कार्यदिनका लागि कार्य प्रकृतिको आधारमा पारिश्रमिक तोकी स्रोत व्यक्तिको रुपमा परिचालन गर्न सकिनेछ।

४.२.१२ **ब्लक सञ्चालन समन्वय समिति**

(क) प्रदेश सरकार अन्तर्गतको जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयले ब्लक कार्यक्रम सञ्चालनमा सहजीकरण र लाभग्राहीको अनुगमन गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी एक ब्लक सञ्चालन समन्वय समिति गठन गर्नु पर्नेछ।

(ख) तोकिएको क्षेत्रफल वा पशु संख्या भएको ब्लक एक मात्र संस्थाले सञ्चालन गर्ने भएमा सोही संस्थाका संचालकले नै ब्लक सञ्चालन समन्वय समितिको भूमिका निर्वाह गर्नेछन्।

(ग) एक भन्दा बढी संस्थाले तोकिए बमोजिमको ब्लक सञ्चालन गर्नु पर्ने भएमा संलग्न संस्थाको प्रतिनिधित्व हुने गरी ७ सदस्यीय ब्लक सञ्चालन समन्वय समिति गठन हुनेछ। यसरी गठन हुने समितिमा कम्तीमा ३ जना महिलाको सहभागिता हुनु पर्नेछ। समितिका सदस्यहरु मध्ये एक जना संयोजक हुनेछ र समिति एवं सदस्यको पदावधि २ आर्थिक वर्षको हुनेछ। विगत देखि सञ्चालनमा रहेका ब्लक सञ्चालक समिति बाँकी अवधिको लागि ब्लक सञ्चालन समन्वय समितिमा रुपान्तरण हुनेछ।

(घ) ब्लक सञ्चालन समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछ:-

(अ) ब्लक क्षेत्रमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख तयार गर्न सहजीकरण गर्ने।

(आ) ब्लक क्षेत्र अन्तर्गतका कृषक, समूह, कृषि सहकारी, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, कृषिसँग सम्बन्धित कम्पनी वा फर्महरुको विवरण अद्यावधिक गर्न सहजीकरण गर्ने।

(इ) सहभागितात्मक रुपमा प्राविधिकको सहयोगमा २ आर्थिक बर्षको ब्लक सञ्चालन कार्ययोजना तयार गर्न सहजीकरण गर्ने।

(ई) ब्लक अन्तर्गत सञ्चालन हुने प्रविधिहरुको प्रसारमा प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयलाई सहजीकरण गर्ने।

(उ) ब्लक क्षेत्र अन्तर्गत समूहिक खेती, सहकारी खेती, चक्लाबन्दी खेती र पशुपालन प्रवर्द्धनमा समन्वय गर्ने।

(ऊ) ब्लकमा उत्पादन हुने कृषि उपजको विवरण अद्यावधिक गर्न सहजीकरण गर्ने।

(ऋ) ब्लक क्षेत्र अन्तर्गत स्थापना गरिएका पूर्वाधारहरुको विकास, प्रयोग र सम्वर्द्धनमा सहयोग र समन्वय गर्ने।

(ऌ) परियोजनाका सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

(ए) ब्लक विकास कार्यक्रमको नियमित अनुगमन एवं पृष्ठपोषणमा प्रदेश सरकार अन्तर्गतको जिल्लास्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयलाई सहजीकरण गर्ने।

(ऐ) सञ्चालित ब्लकको प्रोफाईल तयार गर्न सहजीकरण गर्ने।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

४.२.१३ अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन

(क) अनुगमन तथा मूल्याङ्कनः परियोजना कार्यान्वयन इकाई, प्रदेश सरकार अन्तर्गतको निकाय र स्थानीय तहले ब्लक विकास कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको एकल वा ब्लक क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरु समेतको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्न सक्नेछन्। प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालय र ब्लक सञ्चालन समन्वय समितिले ब्लक कार्यक्रमको सार्वजनिक सुनुवाईका लागि सहजीकरण गर्नु पर्नेछ।

(ख) प्रगति प्रतिवेदन

(अ) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि/पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयले खर्च र उपलब्धि सम्बन्धी चौमासिक र बार्षिक प्रगति प्रतिवेदन तयार गरी जिल्ला स्थित परियोजना कार्यान्वयन इकाई पेश गर्नुपर्नेछ र संचालित कार्यक्रमको बिवरण सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउनु पर्नेछ।

(आ) अनुसूची-१३ र राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी जिल्लास्थित परियोजना कार्यान्वयन इकाईमा पेश गर्नु पर्नेछ।

(इ) कार्यक्रम सञ्चालन गर्ने कार्यालयले अनुसूची-७ बमोजिमको ढाँचामा ब्लकको प्रोफाईल तयार तथा अद्यावधिक गरी जिल्लास्थित परियोजना कार्यान्वयन इकाईमा पेश गर्नु पर्नेछ।

## ४.३ व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम

४.३.१ परिचयः बाली वस्तु बिशेषका लागि तोकिएको क्षेत्रफल वा संख्याको न्यूनतम आधार पुरा गरेका प्राथमिक प्रशोधनका लागि आवश्यक पूर्वाधार सहितको व्यवसायिक कृषि उत्पादनको निश्चित क्षेत्रलाई व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) भनिनेछ। जोनमा बीउ/नश्ल, मल/आहारा र कृषि यन्त्र लगायतका उत्पादन सामाग्री, सिँचाइ, विद्युत र सडक, कृषि बजार लगायतका पूर्वाधार, कृषि ऋण, बीमा (बाली बीमा तथा पशुधन सुरक्षण) एवं नीतिगत सहजीकरण, कृषक व्यवसायीको क्षमता विकास र प्राथमिक प्रशोधन उद्योग प्रवर्द्धन जस्ता सेवा सुविधा र पूर्वाधार मार्फत कृषि/पशुपन्छी/मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषि उपज बजारीकरण र प्राथमिक कृषि प्रशोधन उद्योगहरु प्रवर्द्धन गरिनेछ। परियोजना कार्यान्वयनको प्रथम वर्षमा ३० वटा जोन स्थापना भएका थिए र परियोजना अन्त्यसम्ममा जोनहरुको संख्या ३०० पुर्‍याइने परियोजना दस्तावेजमा उल्लेख भए बमोजिम जोनहरुको विकास गरिनेछ।

४.३.२ उद्देश्यः व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ:-

(क) जोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(ख) जोन क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रवर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापना मार्फत कृषि आधुनिकीकरणको आधारशिला तयार गर्ने,

(ग) जोन तथा आसपासका क्षेत्रहरुमा रोजगारी सृजना गर्ने।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

४.३.३ **जोन निर्माणः** पकेट र ब्लक विकास कार्यक्रम अन्तर्गत सञ्चालित एउटै जिल्ला भित्रका पकेट र ब्लकको विस्तार भएर वा नजिकका पकेट र ब्लकहरु क्लष्टरमा एकिकृत भई बाली वस्तु विशेषको लागि तोकिएको क्षेत्रफल/संख्या को न्यूनतम आधार पुरा गरेमा त्यस्तो क्षेत्रलाई व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) मा स्तरोन्नती गर्न सकिनेछ। साथै, प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिएका बाली वस्तु विशेषका उत्पादन क्षेत्रहरुलाई समेत आवश्यकता र औचित्यको आधारमा जोनमा समावेश गर्न सकिनेछ। राष्ट्रिय प्राथमिकताको आधारमा प्रादेशिक एवं बाली वस्तुगत सन्तुलन कायम हुने गरी परियोजनाले तोकेको लक्ष्य अनुसारका जोनहरु विकास गरिनेछ।

**४.३.४ जोनका लागि क्षेत्रफल/संख्याको न्यूनतम आधार**

(क) जोन क्षेत्र छनौट र जोन विकास कार्यक्रम सञ्चालनको लागि तालिका-५ मा उल्लेख भए बमोजिम न्यूनतम क्षेत्रफल वा संख्याको आधार पुरा गर्नु पर्नेछ।

तालिका ५: जोन विकास कार्यक्रम सञ्चालनका आधारहरु

| बाली/वस्तु | इकाई | आधार | कैफियत |
|---|---|---|---|
| बाली | हेक्टर | ५०० | |
| मौरी | घार संख्या | ५००० | |
| माछा (जलाशय क्षेत्र) | हेक्टर | ५०० | |
| गाई | उन्नत माउ संख्या | २००० | दैनिक ५००० लिटर दुध संकलन गर्ने चिलिङ्ग भ्याट सहितको कृषक उद्यमी वा समूह सहकारी |
| भैंसी | उन्नत माउ संख्या | १००० | |
| बाख्रा | उन्नत संख्या | १५००० | |
| बंगुर | उन्नत माउ संख्या | १००० | |

(ख) तोकिए बमोजिमको न्यूनतम क्षेत्रफल वा संख्या नपुगेको हाल सञ्चालनमा रहेका जोनको हकमा क्षेत्रफल विस्तार/संख्या बृद्धिका कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्नु पर्नेछ।

४.३.५ **जोनको संख्या र कार्यक्रम सञ्चालन अवधिः** जिल्लागत बाली वस्तुको प्राथमिकतालाई आधार लिई प्रत्येक जिल्लामा परियोजना अवधिसम्ममा बढीमा ५ वटा जोनहरु छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ। यी जोनहरुमा बढीमा ४ आर्थिक वर्षसम्म कार्यक्रम सञ्चालन हुनेछन्। जोन विकास कार्यक्रमको अनुशरण (follow up) र निरन्तरता कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तोकेको निकायबाट हुनेछ।

४.३.६ **जोनको अन्य संभागहरुसँगको सम्बन्ध :** पकेट र ब्लकमा हुने उत्पादनले सोही बाली/वस्तुको जोनमा रहने कृषि बजार र प्रशोधन उद्योगको लागि कृषि उपज र कच्चा पदार्थ उपलब्ध गराउने छन्। त्यस्तै जोनमा रहेका स्रोत केन्द्रहरुबाट ब्लक र पकेटका लागि बीउ नश्ल लगायत अन्य प्रविधिहरु उपलब्ध हुने छन्।

४.३.७ **जोन क्षेत्र विस्तारः** लाभग्राही समुदायको माग र सम्भाव्यता तथा आवश्यकताका आधारमा जोन क्षेत्र विस्तार गर्न सकिनेछ। जोन क्षेत्र छनौटको लागि तोकिएको प्राविधिक कार्यदलले नै जोन क्षेत्र विस्तारको लागि अध्ययन/अनुगमन गरी प्रतिवेदन पेश गर्नेछ। यसरी विस्तार गरिने क्षेत्र हाल सञ्चालित जोन क्षेत्रको आसपासमा हुनुपर्नेछ। प्राविधिक कार्यदलको प्रतिवेदन तथा जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको सिफारिस सहित परियोजना कार्यान्वयन इकाईले जोन क्षेत्र विस्तारको लागि परियोजना व्यवस्थापन इकाईमा अनुरोध गर्नेछ। यसरी अनुरोध प्राप्त भएमा



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

परियोजना व्यवस्थापन इकाईले आसपासका जोडिएका क्षेत्रहरु समावेश गरी जोन क्षेत्र विस्तार गर्न स्वीकृति दिन सक्नेछ।

४.३.८ **सञ्चालन गर्ने निकाय:** जोन विकास कार्यक्रम सञ्चालनको मुख्य जिम्मेवारी तोकिएको जिल्लामा रहेको परियोजना कार्यान्वयन इकाईको रहनेछ र प्रदेश सरकार अन्तर्गतको जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालय र स्थानीय तहले सहजीकरण र समन्वय गर्नेछन्।

४.३.९ **कार्यक्रमको लक्षित समुदाय/वर्ग:** जोन विकास कार्यक्रम देहाय बमोजिमका लक्षित समुदाय/वर्ग सहभागी हुन पाउने छन्:-

(क) स्थानीय तह वा अन्य सरकारी निकायमा नियमानुसार दर्ता भएका कृषक समूह

(ख) कृषि कार्य गर्ने उद्देश्य सहित प्रचलित कानून बमोजिम दर्ता भएका सहकारीहरु

(ग) नियमानुसार दर्ता भएका जल/वन उपभोक्ता समितिहरु

(घ) कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, फर्म वा कम्पनीहरु

४.३.१० जोन छनौट

४.३.१०.१ **जोन निर्धारणका आधारहरु:** जोन विकास कार्यक्रम सञ्चालनका लागि अनुसूची-१ बमोजिमका बाली/वस्तुमा देहायका आधारमा जोन क्षेत्र निर्धारण गर्नु पर्नेछ:-

(क) कृषिमा आधारित उद्योग व्यवसायको लागि कच्चा पदार्थमा प्रयोग हुने बाली

(ख) स्थानीय स्तरमा रोजगारी सृजना गर्न सक्ने बाली/वस्तु

(ग) आयात प्रतिस्थापना र निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने बाली/वस्तु

(घ) सिंचाइ, सडक र सेवा प्रदायक संस्था लगायतका आवश्यक पूर्वाधार भएको

(ङ) तोकिएको क्षेत्रफलमा सामुहिक खेती तथा चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै कोरिडोरमा रहेको

(च) विगतमा सम्बन्धित बाली/वस्तुको ब्लक सञ्चालन भएको

(छ) हालको क्षेत्रफल, उत्पादन, उत्पादकत्व र समावेश हुने घरधुरी तथा खेती योग्य जग्गा

(ज) प्रस्तावित जोन क्षेत्र भित्र स्रोत केन्द्रको अवस्था, प्रमुख प्रशोधन तथा बजारीकरणका अवसरहरु

(झ) प्रस्तावित जोन क्षेत्र भित्र सामुहिक खेती तथा चक्लाबन्दी को हालको अवस्था एवं विस्तारको संभावना

(ञ) स्रोत केन्द्र बिकासको अवस्था

४.३.१०.२ **जोन छनौट प्रक्रिया:** जोन छनौट गरी स्वीकृत गर्ने प्रक्रिया देहाय अनुसार हुनेछ:-

(क) **जोन विकास कार्यक्रम माग:** सम्बन्धित बाली वस्तुको पकेट ब्लक कार्यक्रम सञ्चालन भईरहेका क्षेत्रका इच्छुक लक्षित समुदाय/वर्गले अनुसूची-१४ बमोजिमको ढाँचामा विवरण भरी स्थानीय तहको सिफारिस समेत संलग्न गरी अनुसूची-१५ बमोजिमको ढाँचामा परियोजना कार्यान्वयन इकाईमा आवेदन पेश गर्नु पर्नेछ।

(ख) **प्राविधिक कार्यदल गठन:** जोन विकास कार्यक्रम सञ्चालनको लागि प्राप्त आवेदन उपर अध्ययन गरी प्रतिवेदन पेश गर्न परियोजना कार्यान्वयन इकाईले देहाय बमोजिम प्राविधिक कार्यदल गठन गर्नेछ।

| | |
|---|---|
| कृषि/पशु सेवा अधिकृत, परियोजना कार्यान्वयन इकाई | संयोजक |
| प्रमुख वा निजले तोकेको प्रतिनिधि, प्रदेश सरकार अन्तर्गतको जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालय | सदस्य |

सम्बन्धित बाली/वस्तुको विषय विज्ञ — सदस्य

(ग) **अध्ययन एवं प्राविधिक प्रतिवेदनः** प्राविधिक कार्यदलले जोन विकास कार्यक्रम सञ्चालनको लागि प्राविधिक रुपमा सम्भाव्य रहे नरहेको यकिन गरी अनुसूची-१६ बमोजिमको मूल्याङ्कनको मापदण्डहरुको आधारमा मुल्याङ्कन गरी परियोजना कार्यान्वियन इकाईमा प्रतिवेदन पेश गर्नेछ।

(घ) **प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिबाट अनुमोदन एवं सिफारिसः** मुल्याङ्कनको आधारमा मापदण्ड पुगेका उपयुक्त प्रस्तावहरुलाई परियोजना कार्यान्वियन इकाईले प्राथमिकताक्रम सहित प्रदेश परियोजना कार्यान्वियन समन्वय तथा अनुगमन समितिमा पेश गर्नेछ। यस समितिले प्रदेश अन्तर्गत संभावना भएका राष्ट्रिय प्राथमिकताका बालीहरुको जिल्लागत र भौगोलिक क्षेत्रगत सन्तुलन कायम हुने गरी अनुमोदन गर्नेछ र परियोजना कार्यान्वियन समितिमा पेश गर्न परियोजना व्यवस्थापन इकाईलाई सिफारिस गर्नेछ।

(ङ) जोन विकास कार्यक्रम सञ्चालनको लागि प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिबाट सिफारिस भइ आएका प्रस्तावहरु उपर परियोजना कार्यान्वयन समितिले छलफल गरी परियोजना निर्देशक समितिमा सिफारिस गर्नेछ।

(च) परियोजना निर्देशक समितिले परियोजना व्यवस्थापन इकाईको प्रस्तावमा परियोजना कार्यान्वयन समितिबाट सिफारिस भएका नयाँ जोन विकास कार्यक्रम तथा कार्यक्षेत्र माथि छलफल गरी निर्णय गर्नेछ।

### ४.३.११ जोन विकास कार्यक्रम सञ्चालन प्रक्रिया

(क) परियोजना कार्यान्वियन इकाईले जोन कार्य क्षेत्रभित्र रहेका ईच्छुक लक्षित समुदाय/वर्गलाई जोन विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा सहभागिताका लागि सूचिकृत गर्नेछ। परियोजना कार्यान्वियन इकाईले जोन अन्तर्गत सञ्चालन हुने सम्पुर्ण कार्यक्रमहरुको अनुसूची-९ अनुसारको ढाँचामा सार्वजनिक सूचना आह्वान गरी लक्षित समुदाय/वर्गबाट आवेदन माग गर्नेछ।

(ख) जोन कार्यक्रममा सहभागी हुन इच्छुक लक्षित समुदाय/वर्गले तोकेको बाली/वस्तुमा आधारित रही अनुसूची-१० बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

(ग) जोन अन्तर्गत कार्यक्रम सञ्चालनका लागि परियोजना कार्यान्वियन इकाईमा प्राप्त हुन आएका आवेदनहरुको मूल्याङ्कनको लागि देहाय बमोजिमको प्राविधिक समिति रहनेछ।

| | |
|---|---|
| प्रमुख, परियोजना कार्यान्वियन इकाई | संयोजक |
| प्रमुख वा निजले तोकेको प्रतिनिधि, प्रदेश सरकार अन्तर्गतको जिल्ला स्थित कृषि/ पशु सेवा क्षेत्र हेर्ने कार्यालय | सदस्य |
| कृषि/पशु सेवा अधिकृत/प्राविधिक, परियोजना कार्यान्वियन इकाई | सदस्य सचिव |

(घ) प्राविधिक समितिले जोन सञ्चालन हुने सम्बन्धित स्थानीय तहको कृषि/पशु सेवा शाखा प्रमुख वा प्रतिनिधि, जोन सञ्चालन समन्वय समितिको संयोजक वा प्रतिनिधि र अन्य २ जना पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(ङ) तोकिएको जोन क्षेत्र भित्रबाट जोन कार्यक्रममा सहभागिताका लागि प्राप्त आवेदनहरुको अनुसूची-११ बमोजिमको मूल्याङ्कनको आधारहरुमा प्राविधिक समितिले मूल्याङ्कन गर्नेछ। मूल्याङ्कनको आधारहरुलाई समितिले आवश्यकता अनुसार विस्तृतीकरण समेत गर्न सक्नेछ।

(च) प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत प्रमाणिकरण गर्न सक्नेछ।

(छ) प्राविधिक समितिले कार्यक्रमको दोहोरोपन नपर्ने गरी प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी प्राथमिकताक्रम तोकी स्वीकृतिका लागि परियोजना कार्यान्वियन इकाईमा पेश गर्नेछ।

(ज) परियोजना कार्यान्वयन इकाईले जोन अन्तर्गत सञ्चालन हुने अनुसूची-१७ बमोजिमका क्रियाकलापहरु सञ्चालनको लागि कार्यालयमा सिफारिस गरिएका लक्षित समुदाय/वर्गको आवेदन स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

(झ) परियोजना कार्यान्वयन इकाईले जोन बिकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापको लागि लागत अनुमान, प्राविधिक स्पेशिफिकेशन र कार्यान्वयन कार्य योजना नियमानुसार स्वीकृत गर्नु पर्नेछ।

### ४.३.१२ जोन सञ्चालन समन्वय समिति गठन एवं जिम्मेवारी

(क) परियोजना कार्यान्वियन इकाईले जोन विकास कार्यक्रम सञ्चालनमा सहजीकरण र लाभग्राहीको अनुगमन गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी परियोजना कार्यान्वयन इकाईमा जोन स्थापनाका लागि सूचीकृत भएका निश्चित क्षेत्र भित्रका संस्थाहरुको प्रतिनिधित्व हुने गरी ९ सदस्यीय जोन सञ्चालन समन्वय समिति गठन गर्नु पर्नेछ। यसरी गठन हुने समितिमा कम्तीमा ३ जना महिलाको सहभागिता हुनु पर्नेछ। सदस्य मध्ये एक जना समितिको संयोजक हुनेछ र समिति एवं सदस्यको पदावधि २ आर्थिक वर्षको हुनेछ। बिगत देखि सञ्चालनमा रहेका जोन सञ्चालक समितिसमेत बाँकी अवधिको लागि जोन सञ्चालन समन्वय समितिमा रुपान्तरण हुनेछन्।

(ख) जोन सञ्चालन समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछ:-

(अ) जोन क्षेत्रमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख तयार गर्न सहयोग गर्ने र जोन सञ्चालन अवधिको कार्ययोजना तयार गर्न परियोजना कार्यान्वयन इकाईलाई सहजीकरण गर्ने।

(आ) जोन अन्तर्गतका कृषक, कृषक समुह, कृषि सहकारी, उद्यमी, कानून बमोजिम दर्ता भएका कृषि सम्बन्धित कम्पनी वा फर्महरुको विवरण अद्यावधिक गर्न सहजीकरण गर्ने।

(इ) जोन क्षेत्रका कृषकहरुको माग संकलन गरी परियोजना कार्यान्वयन इकाईमा पेश गर्ने, प्रविधि प्रसार एवं उत्पादित बस्तुको बजारीकरण र उद्योगसँग जोड्न सहजीकरण गर्ने।

(ई) जोन अन्तर्गत समूहिक खेती, सहकारी खेती, चक्लाबन्दी खेती र पशुपालन प्रवर्द्धन गर्न परियोजना कार्यान्वयन इकाईलाई सहजीकरण गर्ने।

(उ) परियोजना अन्तर्गत स्थापना गरिएका पूर्वाधारहरुको विकास, प्रयोग र सम्वर्द्धनमा समन्वय र सहजीकरण गर्ने।

(ऊ) परियोजनाका सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

(ऋ) जोन क्षेत्र भित्र सञ्चालन गरिने बार्षिक कार्यक्रमको सहभागितात्मक योजना तर्जुमाको लागि परियोजना कार्यान्वयन इकाईसँग समन्वय गर्ने।

(ऌ) जोन विकास कार्यक्रमको अनुगमन एवं पृष्ठपोषणमा परियोजना कार्यान्वयन इकाईलाई सहजीकरण गर्ने।

### ४.३.१ सम्झौता र अनुदान रकम भुक्तानी

(क) स्वीकृत भएका आवेदक लाभग्राहीसँग परियोजना कार्यान्वयन इकाईले सम्झौताका द्विपक्षीय शर्तहरु बारे छलफल गरी अनुसूची-१२ बमोजिमको ढाँचामा सम्झौता गरी कायदिश दिनुपर्नेछ।

(ख) सम्झौता बमोजिम कार्य सम्पन्न भए पश्चात सम्बन्धित लाभग्राहीलाई प्रचलित कानून बमोजिम अनुदान रकम भूक्तानी गरिनेछ।

### ४.३.१ अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन

**(क) अनुगमन तथा मूल्याङ्कनः** परियोजना कार्यान्वयन इकाईले जोन विकास कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको एकल वा जोन क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नेछ। परियोजना कार्यान्वयन इकाई र जोन सञ्चालन समन्वय समितिले जोन कार्यक्रमको सार्वजनिक सुनुवाईका लागि सजहजीकरण गर्नु पर्नेछ।

(ख) प्रगति प्रतिवेदन

(अ) सम्बन्धित परियोजना कार्यान्वयन इकाईले सम्बन्धित जोन इकाईको सहयोगमा जोन विकास कार्यक्रमको खर्च र उपलब्धि चौमासिक र वार्षिक रुपमा तयार गरी प्रगति प्रतिवेदन सम्बन्धित तालुक निकायमा पेश गर्नु पर्नेछ।

(आ) अनुसूची-१३ र राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी परियोजना व्यवस्थापन इकाईमा पेश गर्नु पर्नेछ। ।

(इ) अनुसूची-१४ बमोजिमको ढाँचामा जोनको प्रोफाईल तयार तथा अद्यावधिक गरी परियोजना व्यवस्थापन इकाईमा पेश गर्नुपर्नेछ ।

## ४.४ बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर-जोन) विकास कार्यक्रम

**४.४.१ परिचयः** बाली वस्तु विशेषका लागि तोकिएको क्षेत्रफल वा संख्याको न्यूनतम आधार पुरा गरेका कृषिमा आधारित उद्योग सहितको पूर्वाधार भएको व्यवसायिक कृषि उत्पादन र कृषि उपज प्रशोधन हुने निश्चित क्षेत्रलाई व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर-जोन) भनिनेछ। सुपर-जोनमा बीउ/नश्ल, मल/आहारा र कृषि यन्त्र लगायतका उत्पादन सामग्रीको उत्पादन, प्रयोगशाला सेवा, सिँचाइ, विद्युत र सडक, कृषि बजार लगायतका पूर्वाधारको व्यवस्था, कृषि ऋण, बीमा (बाली बीमा तथा पशुधन सुरक्षण) एवं नीतिगत सहजीकरण, कृषक व्यवसायी एवं कृषि प्राविधिकको क्षमता बिकास, प्रशोधन उद्योग प्रवर्द्धन र कृषि उपजको गुणस्तर नियन्त्रण लगायतका क्रियाकलापहरु सञ्चलान गरी बृहत व्यवसायिक कृषि उत्पादन र औद्योगिक केन्द्र विकास गरिनेछ। परियोजना कार्यान्वयनको प्रथम वर्षमा ७ वटा सुपरजोन स्थापना भएका थिए भने परियोजना अन्त्यसम्ममा सुपरजोनहरुको संख्या २१ पुऱ्याइने परियोजना दस्तावेजमा उल्लेख भए बमोजिम सुपरजोनहरु विकास गरिनेछ।

**४.४.२ उद्देश्यः** बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर जोन) विकास कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) सुपरजोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(ख) सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रवर्द्धन तथा प्रशोधन उद्योगहरुको स्थापना मार्फत कृषि औद्योगीकरणको आधारशिला तयार गर्ने,

(ग) प्रयोगशाला सेवा तथा कृषि अनुसन्धान र अध्ययन संस्थानको क्षमता अभिवृद्धि गर्ने

(घ) सुपरजोन तथा आसपासका क्षेत्रहरुमा रोजगारी सृजना गर्ने।

**४.४.३ सुपरजोन निर्माणः** जोन विकास कार्यक्रम अन्तर्गत सञ्चालित जोनको विस्तार भएर वा नजिकका ब्लक र जोनहरु क्लष्टरमा एकिकृत भई बाली वस्तु विशेषको लागि तोकिएको क्षेत्रफल/संख्याको न्यूनतम मापदण्ड पुरा गरेमा त्यस्तो क्षेत्रलाई बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) को रुपमा स्तरोन्नती गर्न सकिनेछ। साथै, प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिएका बाली वस्तु विशेषका उत्पादन क्षेत्रहरुलाई समेत आवश्यकता र औचित्यको आधारमा सुपरजोनमा समावेश गर्न सकिनेछ। राष्ट्रिय प्राथमिकताको आधारमा प्रादेशिक एवं बाली वस्तुगत सन्तुलन कायम हुने गरी परियोजनाले तोकेको लक्ष्य अनुसारका सुपरजोनहरु विकास गरिनेछ।

**४.४.४ सुपरजोनका लागि क्षेत्रफलको न्यूनतम आधार**

(क) सुपरजोन क्षेत्र छनौट र सुपरजोन विकास कार्यक्रम सञ्चालनको लागि तालिका-६ मा उल्लेख भए बमोजिम न्यूनतम क्षेत्रफलको आधार पुरा गर्नु पर्नेछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

तालिका ६: सुपरजोन कार्यक्रम सञ्चालनका आधारहरु

| बाली/वस्तु | इकाई | आधार | कैफियत |
|---|---|---|---|
| बाली | हेक्टर | १००० | |
| माछा (जलाशय क्षेत्र) | हेक्टर | १००० | |

(ख) तोकिए बमोजिमको न्यूनतम क्षेत्रफल वा संख्या नपुगेको हाल सञ्चालनमा रहेका सुपरजोनको हकमा क्षेत्रफल विस्तार कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्नु पर्नेछ।

४.४.५ **सुपरजोनको संख्या र कार्यक्रम सञ्चालन अवधि:** बाली वस्तुको प्राथमिकतालाई आधार लिई प्रत्येक प्रदेशमा परियोजना अवधिसम्ममा बढीमा ५ वटा सुपरजोनहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ र यी सुपरजोनहरुमा परियोजना अवधिसम्म कार्यक्रम सञ्चालन हुनेछन्। सुपरजोन इकाईको फलोअप र निरन्तरता संघीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तोकिएको निकायबाट हुनेछ।

४.४.६ **सुपरजोनको अन्य संभागहरुसँगको सम्बन्ध:** पकेट, ब्लक र जोनमा हुने उत्पादनले सोही बाली/वस्तुको सुपरजोनमा रहने कृषि बजार र प्रशोधन उद्योगको लागि कृषि उपज र कच्चा पदार्थ उपलब्ध गराउने छन्। त्यस्तै सुपरजोनमा रहेका स्रोत केन्द्रहरुबाट जोन, ब्लक र पकेटका लागि बीउ नश्ल लगायत अन्य प्रविधिहरु उपलब्ध हुने छन्।

४.४.७ **सुपरजोन क्षेत्र विस्तार:** लाभग्राही समुदायको माग र सम्भाव्यता तथा आवश्यकताका आधारमा सुपर जोनको क्षेत्र विस्तार गर्न सकिनेछ । सुपर जोन क्षेत्र छनौटको लागि तोकिएको प्राबिधिक कार्यदलले नै सुपर जोन क्षेत्रको विस्तारको लागि अध्ययन/अनुगमन गरी प्रतिबेदन पेश गर्नेछ । यसरी बिस्तार गरिने क्षेत्र हाल सञ्चालित सुपर जोन क्षेत्रको आसपासमा हुनुपर्नेछ । प्राविधिक कार्यदलको प्रतिबेदन तथा प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको सिफारिस सहित परियोजना कार्यान्वयन इकाईले सुपर जोन क्षेत्र विस्तारको लागि परियोजना व्यवस्थापन इकाईमा अनुरोध गर्नेछ। यसरी अनुरोध प्राप्त भएमा परियोजना व्यवस्थापन इकाईले आसपासका जोडिएका क्षेत्रहरु समावेश गरी सुपर जोन क्षेत्रको विस्तार गर्न स्वीकृति दिन सक्नेछ।

४.४.८ **सञ्चालन गर्ने निकाय:** सुपरजोन विकास कार्यक्रम सञ्चालनका लागि तोकिएको जिल्लामा रहेको परियोजना कार्यान्वयन इकाईको मुख्य जिम्मेवारी रहनेछ र प्रदेश सरकारको जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालय र स्थानीय तहको कृषि/पशु सेवा शाखाले समन्वय र सहजीकरण गर्नेछन्।

४.४.९ **कार्यक्रमको लक्षित समुदाय/वर्ग: सुपरजोन विकास कार्यक्रममा देहाय बमोजिमका लक्षित समुदाय/वर्ग सहभागी हुन सक्ने छन्:-**

(क) स्थानीय तह वा अन्य सरकारी निकायमा नियमानुसार दर्ता भएका कृषक समूह
(ख) कृषि कार्य गर्ने उद्देश्य सहित प्रचलित कानून बमोजिम दर्ता भएका सहकारीहरु
(ग) नियमानुसार दर्ता भएका जल/वन उपभोक्ता समितिहरु
(घ) कानुन बमोजिम दर्ता भएका कृषि फर्म वा कम्पनीहरु
(ङ) कृषि तथा पशुजन्य उद्योग/उद्योगी

**४.४.१० सुपरजोन छनौट**

४.४.१०.१ **सुपरजोन निर्धारणका आधारहरु:** सुपरजोन विकास कार्यक्रम सञ्चालनका लागि अनुसूची-१ बमोजिमका बाली/वस्तुमा देहायका आधारमा सुपरजोन क्षेत्र निर्धारण गर्नु पर्नेछ:-

(क) कृषिमा आधारित उद्योग व्यवसायको लागि कच्चा पदार्थको रुपमा प्रयोग हुने बाली

(ख) स्थानीय स्तरमा रोजगारी सृजना गर्न सक्ने बाली/वस्तु

(ग) आयात प्रतिस्थापना र निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने बाली/वस्तु

(घ) सिँचाइ, सडक र सेवा प्रदायक संस्था लगायतका आवश्यक पूर्वाधार भएको

(ङ) तोकिएको क्षेत्रफलमा सामुहिक खेती तथा चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै कोरिडोरमा रहेको

(च) विगतमा सम्बन्धित बाली/वस्तुको जोन सञ्चालन भएको

(छ) हालको क्षेत्रफल, उत्पादन, उत्पादकत्व र समावेश हुने घरधुरी तथा खेती योग्य जग्गा

(ज) प्रस्तावित सुपर जोन क्षेत्र भित्र स्रोत केन्द्रको अवस्था, प्रमुख प्रशोधन, औद्योगिकीकरण तथा बजारीकरणका अवसरहरु

(झ) प्रस्तावित सुपर जोन क्षेत्र भित्र सामुहिक खेती तथा चक्लाबन्दीको हालको अवस्था एवं विस्तारको संभावना

४.४.१०.२ **सुपरजोन छनौट प्रक्रियाः** सुपरजोन छनौट गरी स्वीकृत गर्ने प्रक्रिया देहाय अनुसार हुनेछः-

(क) **सुपरजोन विकास कार्यक्रम मागः** सम्बन्धित बाली वस्तुको जोन कार्यक्रम सञ्चालन भईरहेका क्षेत्रका इच्छुक लक्षित समुदाय/वर्गले अनुसूची-१४ बमोजिमको ढाँचामा विवरण भरी स्थानीय तहको सिफारिस समेत संलग्न गरी अनुसूची १५ बमोजिमको ढाँचामा परियोजना कार्यान्वयन इकाईमा आवेदन पेश गर्नु पर्नेछ।

(ख) **प्राविधिक कार्यदल गठनः** सुपरजोन विकास कार्यक्रम सञ्चालनको लागि प्राप्त आवेदन उपर अध्ययन गरी प्रतिवेदन पेश गर्न परियोजना कार्यान्वयन इकाईले देहाय बमोजिमको प्राविधिक कार्यदल गठन गर्नु पर्नेछ।

| | |
|---|---|
| कृषि/पशु सेवा अधिकृत, परियोजना कार्यान्वयन इकाई | संयोजक |
| प्रमुख वा प्रतिनिधि, प्रदेश सरकार अन्तर्गतको जिल्ला स्थित कृषि/पशुसेवा क्षेत्र हेर्ने कार्यालय | सदस्य |
| सम्बन्धित बाली/वस्तुको विषय विज्ञ | सदस्य |

(ग) **अध्ययन एवं प्राविधिक प्रतिवेदनः** प्राविधिक कार्यदलले सुपरजोन विकास कार्यक्रम सञ्चालनको लागि प्राविधिक रुपमा सम्भाव्य रहे नरहेको यकिन गरी अनुसूची-१६ बमोजिमको मूल्याङ्कनको मापदण्डहरुको आधारमा मुल्याङ्कन गरी परियोजना कार्यान्वयन इकाईमा प्रतिवेदन पेश गर्नेछ।

(घ) **प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिबाट अनुमोदन एवं सिफारिसः** मुल्याङ्कनको आधारमा मापदण्ड पुगेका उपयुक्त प्रस्तावहरुलाई परियोजना कार्यान्वयन इकाईले प्राथमिकताक्रम सहित प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिमा पेश गर्नेछ। यस समितिले प्रदेश अन्तर्गत संभावना भएका राष्ट्रिय प्राथमिकताका बालीहरुको जिल्लागत र भौगोलिक क्षेत्रगत सन्तुलन कायम हुने गरी अनुमोदन गर्नेछ र परियोजना कार्यान्वयन समितिमा पेश गर्न परियोजना व्यवस्थापन इकाईलाई सिफारिस गर्नेछ।

(ङ) सुपरजोन विकास कार्यक्रम सञ्चालनको लागि प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिबाट सिफारिस भइ आएका प्रस्तावहरु उपर परियोजना कार्यान्वयन समितिले छलफल गरी परियोजना निर्देशक समितिमा सिफारिस गर्नेछ।

(च) परियोजना निर्देशक समितिले परियोजना व्यवस्थापन इकाईको प्रस्तावमा परियोजना कार्यान्वयन समितिबाट सिफारिस भएका नयाँ सुपरजोन विकास कार्यक्रम तथा कार्यक्षेत्र माथि छलफल गरी निर्णय गर्नेछ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

### ४.४.११ सुपरजोन विकास कार्यक्रम सञ्चालन प्रक्रिया

(क) परियोजना कार्यान्वयन इकाईले सुपरजोन कार्यक्षेत्रभित्र रहेका ईच्छुक लक्षित समुदाय/वर्गलाई सुपरजोन विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा सहभागिताका लागि सूचिकृत गर्नेछ। परियोजना कार्यान्वयन इकाईले सुपरजोन अन्तर्गत सञ्चालन हुने सम्पुर्ण कार्यक्रमहरुको अनुसूची-९ अनुसारको ढाँचामा सार्वजनिक सूचना आह्वान गरी लक्षित समुदाय/वर्गबाट आवेदन माग गर्नेछ।

(ख) सुपरजोन कार्यक्रममा सहभागी हुन इच्छुक लक्षित समुदाय/वर्गले तोकेको बाली/वस्तुमा आधारित रही अनुसूची-१० बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

(ग) सुपरजोन अन्तर्गत कार्यक्रम सञ्चालनका लागि परियोजना कार्यान्वयन इकाईमा प्राप्त हुन आएका आवेदनहरुको मूल्याङ्कनको लागि देहाय बमोजिमको प्राविधिक समिति रहनेछ।

| | |
|---|---|
| प्रमुख, परियोजना कार्यान्वयन इकाई | संयोजक |
| प्रमुख वा प्रतिनिधि, प्रदेशको जिल्ला स्थित कृषि/ पशु सेवा क्षेत्र हेर्ने कार्यालय | सदस्य |
| कृषि/पशु सेवा अधिकृत/प्राविधिक, परियोजना कार्यान्वयन इकाई | सदस्य सचिव |

(घ) प्राविधिक समितिले सुपरजोन सञ्चालन हुने सम्बन्धित स्थानीय तहको कृषि/पशु सेवा शाखा प्रमुख वा प्रतिनिधि, सुपर जोन सञ्चालन समन्वय समितिको संयोजक वा प्रतिनिधि र अन्य २ जना पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(ङ) तोकिएको सुपरजोन क्षेत्र भित्रबाट सुपरजोन कार्यक्रममा सहभागिताका लागि प्राप्त आवेदनहरुको अनुसूची-११ को आधारमा आवश्यकता अनुसार विस्तृतीकरण गरी प्राविधिक समितिले मूल्याङ्कन गर्नेछ।

(च) प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत प्रमाणिकरण गर्न सक्नेछ।

(छ) प्राविधिक समितिले कार्यक्रमको दोहोरोपन नपर्ने गरी प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी प्राथमिकताक्रम तोकी स्वीकृतिका लागि परियोजना कार्यान्वयन इकाईमा पेश गर्नेछ।

(ज) परियोजना कार्यान्वयन इकाईले सुपरजोन अन्तर्गत सञ्चालन हुने अनुसूची-१८ बमोजिमका क्रियाकलापहरु सञ्चालनको लागि कार्यालयमा सिफारिस गरिएका लक्षित समुदाय/वर्गको आवेदन स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

(झ) परियोजना कार्यान्वयन इकाईले सुपरजोन विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापको लागि लागत अनुमान, प्राविधिक स्पेशिफिकेशन र कार्यान्वयन कार्य योजना नियमानुसार स्वीकृत गर्नु पर्नेछ।

### ४.४.१२ सुपरजोन सञ्चालन समन्वय समिति गठन एवं जिम्मेवारी

(क) परियोजना कार्यान्वयन इकाईले सुपरजोन विकास कार्यक्रम सञ्चालनमा सहजीकरण र लाभग्राहीको अनुगमन गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी परियोजना कार्यान्वयन इकाईमा सुपरजोन स्थापनाका लागि सूचीकृत भएका निश्चित क्षेत्र भित्रका संस्थाहरुको प्रतिनिधित्व हुने गरी ९ सदस्यीय सुपरजोन सञ्चालन समन्वय समिति गठन गर्नु पर्नेछ। यसरी गठन हुने समितिमा कम्तीमा ३ जना महिलाको सहभागिता हुनु पर्नेछ। सदस्य मध्ये एक जना समितिको संयोजक हुनेछ र समिति एवं सदस्यको पदावधि २ आर्थिक वर्षको हुनेछ। विगत देखि सञ्चालित सुपर जोन सञ्चालक समिति बाँकी रहेको अवधिको लागि सुपरजोन सन्चालन समन्वय समितिमा रुपान्तरण हुनेछ।

(ख) सुपरजोन सञ्चालन समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछः-



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

(अ) सुपरजोन क्षेत्रमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख तयार गर्न सहयोग गर्ने र सुपरजोन सञ्चालन अवधिको कार्ययोजना तयार गर्न परियोजना कार्यान्वयन इकाईलाई सहजीकरण गर्ने।

(आ) सुपरजोन अन्तर्गतका कृषक, कृषक समुह, कृषि सहकारी, उद्यमी, कानून बमोजिम दर्ता भएका कृषि सम्बन्धित कम्पनी वा फर्महरुको विवरण अद्यावधिक गर्न समन्वय गर्ने।

(इ) सुपर जोन क्षेत्रका कृषकहरुको माग संकलन गरी परियोजना कार्यान्वयन इकाईमा पेश गर्ने, प्रविधि प्रसार एवं उत्पादित वस्तुको बजारीकरण र उद्योगसँग जोड्न सहजीकरण गर्ने।

(ई) सुपरजोन अन्तर्गत समूहिक खेती, सहकारी खेती, चक्लाबन्दी खेती प्रवर्द्धन गर्न परियोजना कार्यान्वयन इकाईसँग समन्वय गर्ने।

(उ) परियोजना अन्तर्गत स्थापना गरिएका पूर्वाधारहरुको विकास प्रयोग र सम्बर्द्धनमा समन्वय र , सहजीकरण गर्ने।

(ऊ) परियोजनाका सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

(ऋ) सुपरजोन क्षेत्र भित्र सञ्चालन गरिने बार्षिक कार्यक्रमको सहभागितात्मक योजना तर्जुमाको लागि परियोजना कार्यान्वयन इकाईसँग समन्वय गर्ने।

(ॠ) सुपर जोन बिकास कार्यक्रमको अनुगमन एव पृष्ठपोषणमा परियोजना कार्यान्वयन इकाइलाई सहजीकरण गर्ने।

### ४.४.१३ सम्झौता र अनुदान रकम भुक्तानी

(क) स्वीकृत भएका आवेदक लाभग्राहीसँग परियोजना कार्यान्वयन इकाईले सम्झौताका द्विपक्षीय शर्तहरु बारे छलफल गरी अनुसूची-१२ बमोजिमको ढाँचामा सम्झौता गरी कायदिश दिनुपर्नेछ।

(ख) सम्झौता बमोजिम कार्य सम्पन्न पश्चात सम्बन्धित लाभग्राहीलाई प्रचलित कानून बमोजिम अनुदान रकम भूक्तानी गरिनेछ।

### ४.४.१४ अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन

**(क) अनुगमन तथा मूल्याङ्कन:** परियोजना कार्यान्वयन इकाईले जोन विकास कार्यक्रम अन्तर्गत सञ्चालित कियाकलापहरुको एकल वा जोन क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नेछ। परियोजना कार्यान्वयन इकाई र जोन सञ्चालन समन्वय समितिले जोन कार्यक्रमको सार्वजनिक सुनुवाईका लागि सजहजीकरण गर्नु पर्नेछ।

**(ख) प्रगति प्रतिवेदन**

(अ) सम्बन्धित परियोजना कार्यान्वयन इकाईले सम्बन्धित जोन इकाईको सहयोगमा जोन विकास कार्यक्रमको खर्च र उपलब्धि चौमासिक र बार्षिक रुपमा तयार गरी प्रगति प्रतिवेदन सम्बन्धित तालुक निकायमा पेश गर्नु पर्नेछ।

(आ) अनुसूची-१३ र राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा प्रगति प्रतिबेदन तयार गरी परियोजना व्यस्थापन इकाईमा पेश गर्नु पर्नेछ।

(इ) अनुसूची-१४ बमोजिमको ढाँचामा सुपर जोनको प्रोफाईल तयार तथा अद्यावधिक गरी परियोजना व्यवस्थापन इकाईमा पेश गर्नुपर्नेछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

४.५ **परियोजना कार्यान्वयन इकाईको संरचना:** व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम एवं वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर जोन) विकास कार्यक्रम सञ्चालनको लागि जिल्लास्तरमा परियोजना कार्यान्बियन इकाई रहनेछ। परियोजना व्यवस्थापन इकाईको सिफारिसमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट नेपाल कृषि सेवा अन्तर्गत राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतको नेतृत्वमा नेपाल कृषि सेवा अन्तर्गतका राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत, नेपाल कृषि सेवा अन्तर्गत राजपत्रअनङ्कित श्रेणीका प्राविधिक सहायक/नायब प्राविधिक सहायक, नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गतका प्राविधिक अधिकृत एवं प्राविधिक सहायक र नेपाल प्रशासन सेवाका नायब सुब्बा/खरिदार र लेखापाल परियोजना कार्यान्बयन इकाईमा खटाईनेछ। सुपर जोन एवं जोन विकास कार्यक्रम सञ्चालनको लागि परियोजना कार्यान्वयन इकाई अन्तर्गत सुपर जोन/जोन प्राविधिक इकाई रहनेछ। परियोजना कार्यान्वियन इकाईको दरबन्दी तालिका-७ मा उल्लेख भए बमोजिम वार्षिक स्वीकृत अस्थायी दरबन्दी अनुरुप हुनेछ।

तालिका ७: परियोजना कार्यान्वयन इकाईको कर्मचारी विवरण

| प्रमुख (रा.प.द्वि.प्रा.,नेपाल कृषि सेवा/समूहकृत नहुने)-१ | |
|---|---|
| सुपरजोन प्राविधिक इकाई | कृषि अधिकृत (रा.प.तृ.प्रा., नेपाल कृषि सेवा)-१<br>प्राविधिक अधिकृत (T6) -१ (नेपाल कृषि अनुसन्धान परिषदबाट काज)<br>प्राविधिक सहायक/नायब प्राविधिक सहायक (रा.प.अनं.प्र.प्रा./ रा.प.अनं.द्वि.प्रा., नेपाल कृषि सेवा)-२<br>प्राविधिक सहायक (T4) - १ (नेपाल कृषि अनुसन्धान परिषदबाट काज)<br>कार्यालय सहयोगी (सेवा करार) १ |
| जोन प्राविधिक इकाई | कृषि अधिकृत (रा.प.तृ.प्रा., नेपाल कृषि सेवा)-१<br>प्राविधिक सहायक/नायब प्राविधिक सहायक (रा.प.अनं.प्र.प्रा./ रा.प.अनं.द्वि.प्रा., नेपाल कृषि सेवा)-२<br>कार्यालय सहयोगी (सेवा करार) -१ |
| आर्थिकप्रशासन शाखा | लेखापाल (रा.प.अनं.प्र., नेपाल प्रशासन) -१ |
| प्रशासन शाखा | नायब सुब्बा (रा.प.अनं.प्र., नेपाल प्रशासन)/खरिदार (रा.प.अनं.द्वि., नेपाल प्रशासन)-१ |
| हलुका सवारी चालक -१<br>कार्यालय सहयोगी -१ (सेवा करार) | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद ५

# अन्य कार्यक्रमहरु

### ५.१ प्राविधिक शिक्षालयसँगको सहकार्यमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम

**५.१.१ परिचयः** प्राविधिक शिक्षालयमा कृषि विषय अध्ययनरत विद्यार्थीहरुको अध्ययनसँगै उद्यमशीलता विकास गरी भविष्यमा दक्ष प्राविधिक उत्पादन गर्ने एवं व्यवसायी बनाई रोजगारी सृर्जना गर्न प्राविधिक शिक्षालयसँगको सहकार्यमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

**५.१.२ उद्देश्यः** प्राविधिक शिक्षालयसँगको सहकार्यमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) विद्यार्थीहरुमा प्राविधिक सीप एवं उद्यमशीलताको विकास गर्ने,

(ख) प्राविधिक शिक्षालयलाई सिकाइ र स्रोत केन्द्रको रुपमा विकास गर्ने,

(ग) अध्ययनरत विद्यार्थीलाई अध्ययन खर्च जुटाउन सहयोग पुन्याउने।

**५.१.३ कार्यक्रम सञ्चालन गर्न सकिने व्यवसायिक क्षेत्रहरु**

(क) तरकारी खेती

(ख) माछा पालन

(ग) कुखुरा पालन

(घ) बाख्रा पालन

(ङ) च्याउ खेती

(च) हाँस पालन

(छ) मौरीपालन

(ज) अन्न बाली

(झ) नर्सरी

(ञ) कृषि, पशुपन्छी तथा मत्स्यका आधारभूत प्रयोगशाला सेवा

(ट) स्थान विशेषका अन्य बाली/वस्तु

**५.१.४ प्राविधिक शिक्षालय छनौटका आधारहरुः** प्राविधिक शिक्षालयसँगको सहकार्यमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम संचालनको लागि प्राविधिक शिक्षालय छनौटका आधारहरु देहाय बमोजिम हुनेछः-

(क) व्यवसायिक कृषि उत्पादनको लागि बाली/वस्तु विशेषका लागि आवश्यक जग्गाको न्यूनतम क्षेत्रफल उपलब्ध भएको

(ख) जग्गा आफ्नै स्वामित्वमा भएको वा कम्तीमा ५ बर्षको करार सम्झौता भएको

(ग) नवप्रवर्तन अवधारणालाई प्रवर्द्धन गर्ने प्रकृतिको प्रस्ताव

(घ) विद्यार्थीको प्रतिवद्धता र सहभागी हुने विद्यार्थी संख्या

(ङ) विद्यार्थी छनौट प्रक्रिया, उत्पादन तथा बिक्री योजना र प्रतिफल बितरण प्रक्रिया समेत उल्लेख भएको

(च) कम्तिमा २५ प्रतिशत लगानी गर्ने शिक्षालयको प्रतिवद्धता

**५.१.५कार्यक्रमलाई प्रोत्साहन गर्न परियोजनाले उपलब्ध गराउन सक्ने सुविधाः** प्राविधिक शिक्षालयसँगको सहकार्यमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम संचालनको लागि प्राविधिक शिक्षालयलाई देहाय बमोजिमको सुविधा उपलब्ध गराउन सकनेछः-

(क) कृषि पूर्वाधार निर्माण,

(ख) कार्यक्रम सञ्चालन हुने क्षेत्रमा बीउ, विषादी, सुक्ष्म तत्व, कृषि औजार, प्रयोगशाला उपकरण आदिमा अनुदान उपलब्ध गराउने,

(ग) उत्पादित कृषि उपजको बजारीकरणमा सहयोग पुन्याउने।

### ५.१.६ व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालनका चरण

तालिका ८: व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालनका चरणहरु

| क्र सं. | चरणहरु | कार्य | जिम्मेवारी |
|---|---|---|---|
| क | इच्छुक प्राविधिक शिक्षालयसँग आवेदन माग | सार्वजनिक सूचना प्रकाशन गर्ने | परियोजना कार्यान्वियन इकाई |
| ख | इच्छुक प्राविधिक शिक्षालयले आवेदन पेश गर्ने | इच्छा आवेदन पेश गर्ने | प्राविधिक शिक्षालय |
| ग | इच्छुक आवेदक शिक्षालयको यथार्थ बस्तु स्थिति विश्लेषण (माग र आवश्यकता पहिचान) | स्थलगत फिल्ड सर्वेक्षण | परियोजना कार्यान्वियन इकाई |
| घ | व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालन गर्ने प्रक्रिया | मूल्याङ्कन, छनौट र जानकारी | परियोजना कार्यान्वियन इकाई |
| ङ | सहभागितात्मक व्यवासायिक कृषि उत्पादनको आवधरणा पत्र तयार | व्यवसाय, विद्यार्थी छनौट, लागत अनुमान र कार्य योजना तयार गर्ने | प्राविधिक शिक्षालय र परियोजना कार्यान्वियन इकाई |
| च | लागत साझेदारी र आम्दानी बाँडफाँड | मापदण्ड तयार गर्ने | प्राविधिक शिक्षालय र परियोजना कार्यान्वियन इकाई |
| छ | कार्य सम्झौता | सम्झौता पत्र तयारी र हस्ताक्षर गर्ने | प्राविधिक शिक्षालय र परियोजना कार्यान्वियन इकाई |
| ज | कार्य सम्पन्न प्रतिवेदन तयार | प्राविधिक | प्राविधिक शिक्षालय र परियोजना कार्यान्वियन इकाई |
| झ | अनुगमन तथा मुल्याङ्कन | मुल्याङ्कनका सूचक तयार गरी अनुगमन मुल्याङ्कन गर्ने | परियोजना कार्यान्वियन इकाई |

**५.१.७ दिगोपना:** परियोजना कार्यान्वियन इकाईले सम्बन्धित शिक्षालयको मुल्याङ्कन गरी आवश्यकताका आधारमा स्वीकृत बजेटको परिधिभित्र रही दुई वर्ष सम्म कार्यक्रम सञ्चालन गर्न सक्नेछ। कार्यक्रमको दिगोपनाका लागि आम्दानीको २० प्रतिशत रकम छुट्टै कोष स्थापना गरी तेस्रो वर्षदेखि शिक्षालयले नै यस कार्यक्रमलाई निरन्तरता दिनुपर्नेछ।

### ५.२ चक्लावन्दीमा पकेट/ब्लक/जोन कार्यक्रम सहकारी र निजी क्षेत्रबाट सञ्चालन

**५.२.१ परिचय:** कृषि योग्य जग्गामा उत्पादन र उत्पादकत्व बढाउन स-साना कित्तामा छरिएर रहेका जग्गाहरुलाई चक्लाबन्दी गर्न देहायका एक वा एक भन्दा बढी प्रक्रिया अपनाउन सकिनेछ:-

(क) एक आपसमा जग्गा सट्टापट्टा गरेर

(ख) सहकारिता वा सामुहिक पद्धतिद्वारा संयुक्त रुपमा खेती गरेर

(ग) क्लष्टरमा जग्गा भाडामा लिएर

(घ) कृषक समुह /सहकारीले बृहत रुपमा खेती गर्ने व्यवस्था गरेर।

### ५.२.२ चक्लाबन्दीको आवश्यकता र औचित्य

(क) नेपालमा औसत जग्गा स्वामित्व प्रति परिवार जम्मा ०.६८ हेक्टर र खण्डिकृत रुपमा रहेको,

(ख) जग्गाको खण्डीकरणबाट कृषि भूमिको उत्पादकत्व कम रहेको,

(ग) कृषिमा संलग्न जनसंख्या करिब ६० प्रतिशत रहेको र संलग्न श्रमशक्ति अर्ध रोजगारको रुपमा रही उत्पादकत्व न्यून रहेको,

(घ) कृषिमा यान्त्रिकीकरण गर्न चुनौती रहेको।

### ५.२.३ उद्देश्यहरु

चक्लाबन्दी कार्यक्रम सञ्चालनको देहाय बमोजिमका उद्देश्य रहेका छन्:-

(क) भूमिको बढ्दो खण्डीकरण एवं बाँझो जग्गा राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने,

(ख) यान्त्रिकीकरणको माध्यमबाट उत्पादन लागत न्यूनीकरण गर्ने,

(ग) बजारयोग्य परिमाणमा कृषि उत्पादन गरी प्रतिपर्धात्मक क्षमता अभिवृद्धि गर्ने।

### ५.२.४ चक्लाबन्दीको किसिम

कृषि उत्पादन र उत्पादकत्व बृद्धिका लागि न्यूनतम क्षेत्रफलमा गह्रा/कान्ला सुधार गरी, जमिन सम्याई वा खण्डिकृत जग्गालाई एकीकरण गरी वा एकल बालीको खेती गरेर चक्लाबन्दी कार्यक्रम सञ्चालन गरिनेछ । निजी तथा सार्वजनिक जग्गामा देहाय बमोजिमको अवधारणामा चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(क) **निजी जग्गामा चक्लाबन्दी:** निजी जग्गामा तालिका-९ मा उल्लेखित अवधारणा अवलम्बन गरी न्यूनतम क्षेत्रफलमा जग्गाको एकीकरण वा एकल बालीको खेती गरेर चक्लाबन्दी कार्यक्रम सञ्चालन गरिनेछ।

तालिका ९: निजी जग्गामा चक्लाबन्दीको किसिम र न्यूनतम क्षेत्रफल

| क. स. | अवधारणा/किसिम | एकलबाली खेती (Crop pooling) | | | चक्लाबन्दी खेती (Land pooling) | | |
|---|---|---|---|---|---|---|---|
| | | भौगोलिक क्षेत्र (हेक्टर) | | | भौगोलिक क्षेत्र (हेक्टर) | | |
| | | तराई | पहाड | हिमाल | तराई | पहाड | हिमाल |
| १ | कृषक व्यवस्थित खेती (Farmer Managed Farming) | १० | ७ | ५ | १० | ३ | २ |
| २ | समुह/सहकारी व्यवस्थित कृषक खेती (Group/Cooperative Managed Farmer Farming) | १५ | १० | ७ | १५ | ५ | ३ |
| ३ | सहकारी व्यवस्थित सहकारी खेती (Cooperative Managed Cooperative Farming) | १० | ७ | ५ | १० | ३ | २ |
| ४ | निजी फर्म व्यवस्थित कृषक खेती (Firm Managed Farmer Farmig) | १० | ७ | ५ | १० | ३ | २ |
| ५ | निजी फर्म व्यवस्थित खेती (Firm Managed Farming) | १० | ७ | ५ | १० | ३ | २ |

(ख) **सार्वजनिक जग्गामा चक्लाबन्दी:** सार्वजनिक जग्गामा देहाय बमोजिका अवधारणामा चक्लाबन्दी कार्यक्रम सञ्चालन हुन सक्नेछन्:-

(अ) सहकारी व्यवस्थित सहकारी खेती (Cooperative Managed Cooperative Farming)

(आ) निजी फर्म व्यवस्थित खेती (Firm Managed Farming)

**(ग) चक्लाबन्दी खेतीका विभिन्न किसिमहरुको सैद्धान्तिक अवधारणा**



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय

(अ) **कृषक व्यवस्थित खेती (Farmer Managed Farming):** यस प्रकारको चक्लाबन्दी अवधारणामा किसानले बाली प्रणाली तथा जातहरु छनौटको निर्णय गर्दछन् र सबै आवश्यक लगानीहरू स्वयं व्यवस्थापन गर्दछन्। उत्पादन पश्चात र बजार सम्बन्धी गतिविधिहरू तथा खेती सम्बन्धी सबै जोखिमका लागि कृषक नै जिम्मेवार हुन्छन्। उत्पादन अनुसार किसानहरु लाभान्वित हुन्छन्।

(आ) **समुह/सहकारी व्यवस्थित कृषक खेती (Group/Cooperative Managed Farmer Farming):** यस प्रकारको चक्लाबन्दी अवधारणामा समुह/सहकारीले बाली प्रणाली, जातहरु छनौट र उत्पादन पश्चात बजार सम्बन्धी गतिविधिहरूको निर्णय गर्दछन्। समुह/सहकारीले बीउ, मल, सिँचाइ र यान्त्रिकीकरण जस्ता कार्यहरूमा सहयोग पुऱ्याउने गर्दछन्। किसानहरूले उत्पादन क्रियाकलापमा मात्र लगानी गर्दछन्। कृषकहरू उत्पादन अनुसार लाभान्वित हुन्छन् र सहकारी सदस्यका रूपमा सहकारीको मुनाफाबाट पनि लाभ लिन्छन्। यस अवधारणामा सहकारीले व्यवस्थापन गतिविधिहरू सञ्चालन गर्ने हुँदा मुनाफा आर्जन गर्दछन्।

(इ) **सहकारी व्यवस्थित सहकारी खेती (Cooperative Managed Cooperative Farming):** यस प्रकारको चक्लाबन्दी अवधारणामा सहकारीले आफ्नै वा जग्गा लीजमा लिई बाली प्रणाली, जातहरु छनौट, उत्पादन पश्चात बजार सम्बन्धी गतिविधिहरूको निर्णय गर्दछन्। सहकारीले बीउ, मल, सिँचाइ र यान्त्रिकीकरण जस्ता कार्यहरू व्यवस्थापन गर्दछन्। यस अवधारणामा जग्गा धनीहरूले निश्चित भाडा लिने गर्दछन् र सहकारीको सदस्य भए बापत प्राप्त हुने फाइदाहरूबाट लाभ लिन्छन्।

(ई) **निजी फर्म व्यवस्थित कृषक खेती (Firm Managed Farmer Farming):** यस प्रकारको चक्लाबन्दी अवधारणामा एक निश्चित व्यवसायिक फर्मले कृषकसँग सम्झौता गर्दछन्। फर्मले बाली प्रणाली, जातहरु छनौट, उत्पादन पश्चात बजार सम्बन्धी गतिविधिहरूको निर्णय गर्दछन्। फर्मले बीउ, मल, सिँचाइ र यान्त्रिकीकरण जस्ता कार्यहरूमा सहयोग पुऱ्याउँदछन् र किसानहरूले उत्पादन क्रियाकलापमा मात्र लगानी गर्दछन्। कृषकहरू उत्पादन अनुसार लाभान्वित हुन्छन् र फर्मले व्यवस्थापन गतिविधिहरू सञ्चालन गर्ने हुँदा मुनाफा आर्जन गर्दछन्।

(उ) **निजी फर्म व्यवस्थित खेती (Firm Managed Farming):** यस प्रकारको चक्लाबन्दी अवधारणामा फर्मले आफ्नै वा लिजमा लिएको जग्गामा बाली प्रणाली, जातहरु छनौट, उत्पादन पश्चात बजार सम्बन्धी गतिविधिहरूको निर्णय गर्दछन्। फर्मले बीउ, मल, सिँचाइ र यान्त्रिकीकरण जस्ता कार्यहरू व्यवस्थापन गर्दछन् र जग्गा धनिहरूले निश्चित भाडा लिने गर्दछन्।

(नोटः १.जग्गाको एकीकरण गरी चक्लाबन्दी कार्यक्रम सञ्चालन भएमा सबै प्रकारको बालीमा परियोजनाबाट सहयोग गरिने तर एकल बालीको खेती मार्फत चक्लाबन्दी भएमा बीउ उत्पादन, बहु वर्षीय बाली तथा नगदे बालीमा मात्र सहयोग गरिने। )

५.२.५ **उपलब्ध हुने सुविधाहरु:** चक्लाबन्दी कार्यक्रमलाई प्रोत्साहन गर्न परियोजनाले देहायका सुविधा उपलब्ध गराउन सक्नेछ:-

(क) कृषि पूर्वाधार निर्माण,

(ख) बीउ, बिषादी, सुक्ष्म तत्व, कृषि औजार आदिमा अनुदान उपलब्ध गराउने,

(ग) प्रविधि र प्राविधिक सेवा टेवा उपलब्ध गराउने,

(घ) उत्पादित कृषि उपजको बचत सुनिश्चित हुने गरी बजारीकरणमा सहयोग पुऱ्याउने,

(ङ) बाली बीमा गर्न सहजीकरण गर्ने,

(च) ५ प्रतिशत भन्दा कम ब्याज दरमा कृषि ऋण उपलब्ध गराउन सिफारिस गर्ने।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

### ५.२.६ चक्लाबन्दी कार्यक्रम सञ्चालनका चरणहरु

तालिका १०: चक्लाबन्दी कार्यक्रम सञ्चालनका चरणहरु

| क्र सं. | चरणहरु | कार्य | जिम्मेवारी |
|---|---|---|---|
| १ | **चक्लाबन्दी गर्ने क्षेत्रको पहिचान** | | |
| क | इच्छुक कृषक, उद्यमी, समूह र सहकारीहरुसँग आवेदन माग | सार्वजनिक सूचना प्रकाशन गर्ने | परियोजना कार्यान्वयन इकाई |
| ख | इच्छुक आवेदकको यथार्थ वस्तु स्थिति विश्लेषण (माग र आवश्यकता पहिचान सम्बन्धी अभिमुखीकरण) | स्थलगत फिल्ड सर्वेक्षण | परियोजना कार्यान्वियन इकाई |
| घ | चक्लावन्दी कार्य गर्ने कृषक, उद्यमी, समूह र सहकारी मूल्याङ्कन | मूल्याङ्कन, लाभग्राही छनौट र जानकारी | परियोजना कार्यान्वियन इकाई |
| ङ | सहभागितात्मक चक्लाबन्दी आवधारणा पत्र तयार | चक्लाबन्दी कार्यको आवधरणा पत्र तयार गर्ने | परियोजना कार्यान्वियन इकाई र लाभग्राही |
| च | समुदाय वा संलग्नहरुको सहजीकरण समिति गठन | समिति गठन | परियोजना कार्यान्वियन इकाई र लाभग्राही |
| २ | **चक्लाबन्दी कार्यको प्रस्ताव तयार** | | |
| क | सम्बन्धित प्राविधिकको छनौट | प्राविधिक परिचालन | परियोजना कार्यान्वियन इकाई |
| ख | जग्गाको वर्गीकरण र उपयुक्त बालीको पहिचान | सहजीकरण समितिसँग अन्तरक्रिया गर्ने | परियोजना कार्यान्वियन इकाई र सम्बन्धित प्राविधिक |
| ग | लागत अनुमान र कार्य योजना तयार गर्ने | लागत अनुमान र कार्य योजना तयारी | परियोजना कार्यान्वियन इकाई र लाभग्राही |
| घ | लागत अनुमान र प्राप्त हुने प्रतिफलको आंकलन गर्ने | लागत अनुमान र प्राप्त हुने प्रतिफलको आंकलन | परियोजना कार्यान्वियन इकाई र लाभग्राही |
| ङ | लागत साझेदारीको आधार तयार गर्ने | लागत साझेदारीको आधार तयार गर्ने | परियोजना कार्यान्वियन इकाई र लाभग्राही |
| ३ | **स्थलगत वस्तु स्थितिको अभिलेखीकरण** | | |
| क | आली कन्ला र निर्मित पूर्वाधारको नाप नक्सा तयार | प्राविधिक परिचालन | परियोजना कार्यान्वियन इकाई र लाभग्राही |
| ख | सामाजिक तथा वातावरणीय पक्षको प्रभाव आँकलन | छलफल र अन्तरक्रिया | परियोजना कार्यान्वियन इकाई र लाभग्राही |
| ग | चक्लावन्दी पूर्व खेतीबाट प्राप्त प्रतिफलको मूल्य निर्धारण गर्ने | यथास्थिति प्रतिफलको आंकलन गर्ने | परियोजना कार्यान्वियन इकाई र लाभग्राही |
| घ | आली कान्ला र जग्गा सम्बन्धी उत्पन्न हुने सामाजिक समस्याहरुको पहिचान र व्यवस्थापन गर्ने | समस्या र चुनौती व्यवस्थापन गर्ने | परियोजना कार्यान्वियन इकाई र लाभग्राही |
| ४ | **विस्तृत एकीकृत चक्लाबन्दी कार्य योजना तयार** | | |
| क | मस्यौदा नाप नक्सा तयार गर्ने (पूर्वाधार विकास सहित) | प्राविधिक परिचालन | परियोजना कार्यान्वियन इकाई र लाभग्राही |
| ख | परियोजनाको आर्थिक, सामाजिक तथा | छलफल र अन्तरक्रिया | परियोजना कार्यान्वियन इकाई |

| | | | |
|---|---|---|---|
| | वातावरणीय पक्षको प्रभाव आंकलन | | र लाभग्राही |
| ग | सहभागी हुनेहरुको सुझाव समेत समावेश गरी विस्तृत एकीकृत चक्लाबन्दी कार्य योजना तयार गर्ने | प्राविधिक परिचालन | परियोजना कार्यान्वयन इकाई र लाभग्राही |
| घ | विवाद व्यवस्थापन | आचार सहिता तयार गर्ने | परियोजना कार्यान्वयन इकाई र लाभग्राही |
| ङ | विस्तृत एकीकृत चक्लाबन्दी कार्य योजना स्वीकृत | कार्य योजना स्वीकृत गर्ने | परियोजना कार्यान्वयन इकाई |
| **५** | **चक्लाबन्दी कार्य योजना कार्यान्वयन** | | |
| क | कार्य सम्झौता गर्ने | सम्झौता पत्र तयारी र हस्ताक्षर गर्ने | परियोजना कार्यान्वियन इकाई र लाभग्राही |
| ख | चक्लाबन्दी कार्यक्रम सञ्चालन प्रोत्साहन अनुदान उपलब्ध गराउने | किस्ताबन्दीमा अनुदान प्रवाह गर्ने | परियोजना कार्यान्वयन इकाई |
| ग | प्राविधिक अनुगमन तथा पृष्ठपोषण | फिल्ड अनुगमन गर्ने | परियोजना कार्यान्वयन इकाई |
| घ | कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने | प्राविधिक | परियोजना कार्यान्वयन इकाई |

### ५.३ लागत साझेदारीमा बीउ विजन स्रोत केन्द्र/नर्सरी स्थापना र सञ्चालन

**५.३.१ परिचय:** कृषि योग्य जग्गामा उत्पादन र उत्पादकत्व बढाउन स्थानीय तहसँगको लागत साझेदारी समन्वयमा बीउ विजन स्रोत केन्द्र र नर्सरी स्थापना गरी बीउ विजन एवं बिरुवा उत्पादन गरिनेछ।

**५.३.२ बीउ विजन स्रोत केन्द्र स्थापनाको आवश्यकता र औचित्य**

(क) बीउ विजन उत्पादन र विक्री वितरणमा प्रमाणीकरण पद्धति लागू गराउन आवश्यक रहेको,

(ख) बीउ विजन विक्री वितरणमा आन्तरिक नियन्त्रण प्रणाली लागू गराउन आवश्यक रहेको।

**५.३.३ उद्देश्य: यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ:-**

(क) पर्याप्त परिमाणमा गुणस्तरीय बीउ/बिरुवाजन्य सामग्रीमा पहुँचमा वृद्धि गरी बीउ प्रतिस्थापन दर बृद्धि गर्ने,

(ख) कृषि बालीको उत्पादन र उत्पादकत्व बृद्धि गरी खाद्य सुरक्षामा टेवा पुऱ्याउने,

(ग) स्थानीय तहमा गुणस्तरीय बीउ विजनको उपलब्धता सुनिश्चित गर्ने।

(घ) स्थानीय रैथाने बीउ विजनको जगेर्ना गर्ने।

**५.३.४ नर्सरी स्रोतकेन्द्र स्थापना र सञ्चालन गर्ने कृषक वा उद्यमी छनौटको आधारहरु:** नर्सरी स्रोतकेन्द्र स्थापना र सञ्चालन गर्ने कृषक वा उद्यमी देहाय बमोजिमको आधारमा छनौट हुनेछ:-

नर्सरी व्यवसाय दर्ता भएको।

नर्सरी व्यवसायमा उद्यमशीलता हासिल गरेको।

स्थानीय आवश्यकता र सम्भाव्यता भएको बाली।

कृषि विषय अध्ययन गरेको वा विगत देखि नर्सरी सम्बन्धी काम गरेको।

**५.३.५ सञ्चालन गर्न सकिने कार्यक्रमहरु**

तालिका ११: सञ्चालन गरिने कार्यक्रम/क्रियाकलापहरु

| क.सं. | क्रियाकलाप/कार्यक्रम | सञ्चालन विधि |
|---|---|---|
| क | परियोजना, स्थानीय तह र लाभग्राहीको लागत साझेदारीमा बीउ प्रशोधन/भण्डारण गृह निर्माण (कूल लागतको कम्तिमा १५ प्रतिशत | - साझेदार स्थानीय तहको छनौट<br>- निर्माण स्थलको पहिचान गर्ने<br>- लागत अनुमान र टेक्निकल स्पेशिफिकेसन र नाप नक्सा तयार गर्ने |

| क.सं. | क्रियाकलाप/कार्यक्रम | सञ्चालन विधि |
|---|---|---|
| | लाभग्राहीको लागत सहभागिता रहनुपर्ने र स्थानीय तहको समेत लागत सहभागिता रहनुपर्ने) | - सूचना प्रकाशन गर्ने<br>- कार्ययोजना बनाउने<br>- खरिद व्यवस्थापन गर्ने (बीउ प्रशोधनसँग सम्बन्धित सामग्री समेत)<br>- निर्माण सम्पन्न गर्ने गरी नियमानुसार सेवा प्रदान गर्ने |
| ख | परियोजना र लाभग्राहीको ५०:५० प्रतिशत लागत साझेदारीमा बीउ उत्पादन तथा बजारीकरण | - बाली विशेषको आधारमा बीउ उत्पादन गर्ने जग्गाको पहिचान गर्ने<br>- लागत अनुमान र साझेदारीको आधार तयार गर्ने<br>- प्रजनन बीउ/मूल बीउको व्यवस्थान गर्ने<br>- बाली निरीक्षण गर्ने व्यवस्था मिलाउने<br>- उत्पादित बीउको गुणस्तर निर्धारण गर्ने/गराउने<br>- भण्डारणको उचित व्यवस्थापन गर्ने/गराउने<br>- बीउको बजारीकरणमा सहयोग गर्ने/गराउने |
| ग | स्थानीय तहसँगको लागत साझेदारीमा नर्सरी स्रोतकेन्द्र स्थापना र सञ्चालन | - साझेदार स्थानीय तहको छनौट<br>- सूचना प्रकाशन गर्ने<br>- स्थान तथा नर्सरी उद्यमी छनौट गर्ने<br>- आवश्यकता अनुसारको नर्सरी रेखाङ्कन बनाउने<br>- नर्सरीका लागि आवश्यक औजार उपकरण र सामग्रीहरुको व्यवस्थापन गर्ने<br>- नर्सरी स्थापना<br>- नियमित अनुगमन गर्ने<br>- गुणस्तरीय बिरुवा उत्पादन तथा बिक्री वितरण गर्ने |

*(नोट: १. जोन र सुपरजोनको उद्देश्यलाई सहयोग गर्न सक्ने सुनिश्चितता भएमा यस परिच्छेदमा उल्लेख भएका कार्यक्रमहरु जोन/सुपरजोनको कार्यक्षेत्र बाहिर समेत सञ्चालन गर्न सकिनेछ।*

*२.स्थानीय तहको छनौट गर्दा उत्पादित बीउ/बिरुवाको बिक्री वितरणको सुनिश्चितता स्थानीय तहले गर्नुपर्नेछ।)*

**५.४ प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (Output based incentive) कार्यक्रम**

**५.४.१ परिचयः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका जोन र सुपरजोन सम्भागहरुमा तोकिएको बाली वस्तुको निश्चित क्षेत्रफल वा सो भन्दा बढी क्षेत्रफलमा उत्पादन गर्ने वा तोकिएको परिमाण वा सो भन्दा बढी उत्पादन गर्ने वा बजारीकरण गर्ने कृषि उद्यमी, कृषक समूह/सहकारीहरुलाई उत्पादन बृद्धिमा प्रोत्साहित गर्न प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रदान गरिनेछ।

**५.४.२ उद्देश्यः** परियोजना अन्तर्गतको जोन र सुपर-जोन सम्भागहरुमा कृषि उपजहरुको उत्पादन बृद्धिका लागि उत्पादनमा संलग्न कृषकहरुलाई प्रोत्साहित गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**५.४.३ प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (Output based incentive) उपलब्ध गराउने आधारहरु**

**(क) उत्पादकत्व बृद्धिको आधारमा प्रोत्साहन अनुदानः** सम्बन्धित जोन र सुपर-जोनमा माटोको उर्वरा शक्ति , उन्नत उत्पादन सामग्रीको उपलब्धता र उन्नत उत्पादन प्रविधि अवलम्बन लगायतको आधारमा परियोजना कार्यान्वयन ईकाईले तोकिएको बाली/वस्तुको गत आ.व. भन्दा कम्तिमा १० प्रतिशत उत्पादकत्व बृद्धिको लक्ष्य निर्धारण गर्नेछ। यसरी निर्धारण गरिएको लक्ष्य सो बालीको सम्बन्धित

जातका लागि उक्त क्षेत्रको औषत उत्पादकत्व भन्दा बढी हुनेगरी निर्धारण गर्नुपर्नेछ। तोकिए बमोजिम उत्पादकत्व बृद्धिको लक्ष्य हासिल गर्ने कृषकलाई प्रति हेक्टर १० हजार रुपैयाँ नबढ्ने गरी अनुदान उपलब्ध गराईने छ।

(ख) **क्षेत्रफल विस्तारको आधारमा प्रोत्साहन अनुदान:** स्थान विशेषमा खेती नगरिएका तर सम्भावना भएका सिजनल बालीहरु जस्तै चैते धान, हिउँदे मकै, बसन्ते मकै र मसिनो धान, आलु, फलफूल, मसलाबाली आदिमा क्षेत्रफल विस्तारको आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ । यस प्रकारको प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक कृषि उपज उत्पादकले परियोजना कार्यान्वयन इकाईले निर्धारण गरेको उन्नत प्रविधि प्याकेज अवलम्बन गरी उत्पादन गर्नु पर्नेछ। यसरी अनुदान वितरण गर्दा विनियोजित बजेटको परिधिभित्र रही प्रतिहेक्टर १० हजार रुपैयाँ नबढ्ने गरी अनुदान उपलब्ध गराईने छ।

(ग) **बजारीकरणको आधारमा प्रोत्साहन अनुदान:** यस प्रकारको प्रोत्साहन अनुदान संस्थागत रुपमा बिक्री गरिएको परिमाणको आधारमा उत्पादक कृषकहरुलाई उपलब्ध गराईनेछ । पशुजन्य उत्पादनहरु; दुधमा प्रति लिटर रु. २, खसी बोकाको हकमा प्रति के.जी. (जीवित तौल) ५० रुपैयाँ र बङ्गुरको हकमा प्रति के.जी. (जीवित तौल) २० रुपैयाँ र महको हकमा प्रति के.जी. ६० रुपैयाँको दरले संस्थागत रुपमा बजारीकरण गरिएको परिमाणको आधारमा उत्पादक कृषकहरुलाई प्रोत्साहन अनुदान उपलब्ध गराइने छ।

(घ) **स्रोत बीउ उत्पादनमा अनुदान:** प्रमाणीकरण पद्धति अनुसार उत्पादन भएको मूल र प्रमाणित बीउमा प्रति के.जी. का दरले प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिनेछ। यसरी अनुदान उपलब्ध गराईने बाली, जात, मापदण्ड, अनुदान दर एवं अनुदान प्रवाह प्रक्रियामा परियोजना व्यवस्थापन इकाईबाट सहजीकरण हुनेछ ।

**५.४.४ सञ्चालन विधि**

(क) सूचना प्रकाशन: सम्बन्धित जोन र सुपर-जोनमा विनियोजित बजेटको परिधिभित्र रही प्रोत्साहन अनुदान वितरणको लागि परियोजना कार्यान्वयन इकाईले सूचना प्रकाशन गर्नेछ।

(ख) अनुगमन तथा मुल्याङ्कन: जोन तथा सुपर जोन विकास कार्यक्रम सञ्चालनका लागि गठन भएको प्राविधिक समितिले प्रोत्साहन अनुदान कार्यक्रमका लागि निर्धारण भएको क्षेत्र विस्तार, उत्पादकत्व बृद्धि र बजारीकरण परिमाण अनुगमन मूल्याङ्कन गरी परियोजना कार्यान्वयन इकाईमा पेश गर्नेछ ।

(ग) उत्पाकदत्व बृद्धिको आधारमा उपलब्ध गराईने प्रोत्साहन अनुदान वितरणका लागि तोकिएको लक्ष्य प्राप्त भए नभएको मापनका लागि सिष्टेम्याण्टिक र्‍याण्डम स्याम्पलिङ्ग (Systematic Random Sampling) का आधारमा जोनमा कम्तिमा ४५ र सुपरजोनमा कम्तिमा ६० नमुना क्रप कटिङ्ग गरिनेछ। तोकिएको क्षेत्रमा लगाइने बाली/वस्तुको तोकिएको लक्ष्य अनुरुपको उत्पादकत्व हासिल भएमा तत् तत् क्षेत्रमा कृषि बाली/वस्तु उत्पादनमा संलग्न कृषकहरुले सम्बन्धित संस्था मार्फत उपलब्ध बजेटको सीमाभित्र रही तोकिएको प्रोत्साहन अनुदान प्राप्त गर्नेछन्।

(घ) प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालनको लागि लक्ष्य निर्धारण, क्रप कटिङ्ग, औषत उत्पादकत्व, प्रविधि प्याकेज लगायतका विषयमा परियोजना कार्यान्वयन इकाईले कृषि/पशु सेवा विभाग अन्तर्गतको सम्बन्धित बाली/वस्तु सम्बद्ध राष्ट्रिय केन्द्र वा फार्म केन्द्र वा नेपाल कृषि अनुसन्धान परिषद् वा परिषद अन्तर्गतका सम्बन्धित बाली/वस्तु सम्बद्ध केन्द्र वा प्रदेश सरकार अन्तर्गतको सम्बन्धित बाली/वस्तु सम्बद्ध फार्म केन्द्रहरुसँग समन्वय गर्नुपर्नेछ ।

(ङ) यसरी उपलब्ध गराईने प्रोत्साहन अनुदान बढीमा दुई आर्थिक बर्षसम्मको लागि उपलब्ध गराईनेछ। यस्ता प्रोत्साहन अनुदानलाई बिक्री परिमाणको आधारमा दिने गरी क्रमश: रुपान्तरित गरिनेछ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

(च) प्रतिफलमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउने सम्बन्धमा बाली/वस्तु एवं जात छनौट, मापदण्ड, प्रक्रिया लगायतका विषयमा परियोजना व्यवस्थापन इकाईले आवश्यकता अनुसार विस्तृतीकरण गर्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## परिच्छेद ६

# परियोजना नतिजा अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

६.१ **नतिजा अनुगमन तथा मूल्याङ्कनः** यस परियोजना अन्तर्गत सञ्चालन हुने सम्पूर्ण क्रियाकलापहरुको नियमित नतिजा अनुगमन सम्बन्धित स्थानीय तह, प्रदेश, विभाग, मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय एवं राष्ट्रिय योजना आयोग लगायतका निकायहरु मार्फत एकल वा संयुक्त रुपमा हुनेछ।

तालिका १२: अनुगमन तथा मुल्याङ्कनको प्रकार तथा विधि

| अनुगमन/ मूल्याङ्कनको प्रकार | समय/पटक | आधार | विधि | जिम्मेवारी |
|---|---|---|---|---|
| प्रक्रियागत | नियमित | कार्ययोजना | फिल्ड अनुगमन/प्रगति समिक्षा/सार्वजनिक सुनुवाई/सामाजिक परीक्षण | स्थानीय तह, प्रदेश सरकार र परियोजना |
| भौतिक तथा वित्तीय प्रगति | चौमासिक/ वार्षिक | कार्ययोजना प्रगति प्रतिवेदन | फिल्ड अनुगमन/प्रगति समिक्षा/सार्वजनिक सुनुवाई/सामाजिक परीक्षण | स्थानीय तह, प्रदेश सरकार र परियोजना |
| संलग्नता | | | | |
| आन्तरिक | चौमासिक/ वार्षिक | कार्ययोजना प्रगति प्रतिवेदन, फिल्ड अनुगमन प्रतिवेदन | फिल्ड अनुगमन/प्रगति समिक्षा/सार्वजनिक सुनुवाई/सामाजिक परीक्षण | स्थानीय तह, प्रदेश सरकार र परियोजना |
| तेश्रो पक्ष | चौमासिक | कार्ययोजना | प्रगति प्रतिवेदन/ सरोकारवालासँग अन्तरक्रिया | स्थानीय तह, प्रदेश सरकार र परियोजना |
| स्वतन्त्र | कार्यान्वयन सञ्चालनका मध्यावधिमा एक पटक | समस्या प्रगति प्रतिवेदन, स्वतन्त्र समिक्षकको अनुगमन प्रतिवेदन | परियोजनासँग सम्वन्धित दस्तावेजहरुको अध्ययन एवं विश्लेषण सरोकारवालासँग अन्तरक्रिया नतिजाका सूचकहरु सहितको प्रगति प्रतिवेदन | स्थानीय तह, प्रदेश सरकार र परियोजना र स्वतन्त्र समिक्षक |
| संयुक्त | आर्थिक वर्षको अन्तमा | वार्षिक कार्यक्रम,परियोजना कार्यान्वयन चरणमा भएका मूल्यांकनका प्रतिवेदन | परियोजनासँग सम्वन्धित दस्तावेजहरुको अध्ययन एवं परियाजना कार्यान्वयन चरणमा भएका मूल्यांकनका प्रतिवेदनहरुको विश्लेषण प्रगति समिक्षा/ सरोकारवालासँग अन्तरक्रिया | स्थानीय तह, प्रदेश सरकार परियोजना, राष्ट्रिय योजना आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषादको कार्यालय |

६.२ **परियोजनाको अनुगमन तथा मूल्याङ्कन विधि:** यस परियोजना अन्तर्गत सञ्चालन हुने सम्पूर्ण क्रियाकलापहरुको अनुगमन तथा मूल्याङ्कन एकल वा संयुक्त रुपमा हुनेछ। सम्बन्धित क्षेत्रहरुमा उपलब्ध हुने सुविधाहरुका साथै सञ्चालन हुने कार्यक्रमहरु, हासिल भएका उपलब्धिहरु र खटाईएका जनशक्तिहरुको कार्यदक्षता र क्षमताका सम्बन्धमा अनुसूची-१९ बमोजिम नियमित अनुगमन र मूल्याङ्कन हुनेछ। कार्यक्रमको प्रभावकारी अनुगमनका लागि एक नतिजामा आधारित व्यवस्थापन सूचना प्रणाली (Result Based Management Information System) को स्थापना गरी कार्यान्वयन गरिनेछ। यस परियोजना अन्तर्गत सञ्चालित क्रियाकलापहरुको अनुगमनको लागि ३ तहको अनुगमन प्रणाली अवलम्बन गरिनेछ। अनुगमन मूल्याङ्कनलाई सफ्टवेयरको माध्यमबाट नतिजामा आधारित कृषि व्यवस्थापन सूचना प्रणाली (ARMIS) को विकास गरी व्यवस्थित गरिनेछ। लाभान्वित वर्ग अनुगमनका लागि जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समिति तथा स्थानीय तहलाई समेत जिम्मेवार बनाइनेछ।

पकेट अन्तर्गत सञ्चालित क्रियाकलापहरुका प्राविधिक पक्षको अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तहलाई जिम्मेवार बनाइनेछ। ब्लक अन्तर्गत सञ्चालित क्रियाकलापहरुका प्राविधिक पक्षको अनुगमन तथा मूल्याङ्कनका लागि प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मातहतको जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयलाई जिम्मेवार बनाइनेछ।

जोन र सुपरजोन अन्तर्गत सञ्चालित क्रियाकलापहरुको प्राविधिक पक्षको अनुगमन तथा मूल्याङ्कनका लागि परियोजना कार्यान्वयन इकाईलाई जिम्मेवार बनाइनेछ। परियोजनाको प्रभावकारी कार्यान्वयन अनुगमनको लागि राष्ट्रिय योजना आयोगको नेतृत्वमा सरोकारवाला निकायका पदाधिकारीहरु सहित अर्ध बार्षिक रुपमा मिशन (प्रोजेक्ट सपोर्ट मिसन) हुनेछ। परियोजना व्यवस्थापन इकाईमा प्रतिफल मूल्याङ्कन शाखाको स्थापना गरिनेछ। परियोजना व्यवस्थापन र सम्वद्ध निकाय/व्यक्तिहरुबीच कार्यसम्पादन सम्झौता (Performance Agreement) गरिनेछ र सोको आधारमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली (Performance Based Incentive System) अवलम्बन गरिनेछ। परियोजनालाई आवश्यक निर्देशन र नीतिगत सुधारको लागि वर्षमा कम्तीका २ पटक परियोजना निर्देशक समितिको बैठक र निर्देशक समितिमा पेश गर्नुपर्ने नीतिगत र प्राविधक विषयमा आवश्यक निर्देशनको लगी प्रत्येब चामासक अवधिमा परियोजना कार्यान्वय समितिको बैठक बस्नेछ ।

परियोजनाका सम्भागहरुमा सञ्चालित कार्यक्रमहरुको चौमासिक र वार्षिक अवधिमा समिक्षा गरिनेछ। परियोजनाको नतिजा अनुगमन मूल्याङ्कनका लागि विभागीय निकायहरुलाई समेत जिम्मेवार बनाइनेछ। परियोजना निर्देशकले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मार्फत सम्माननीय प्रधानमन्त्री समक्ष वार्षिक रुपमा परियोजनाको प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्था हुनेछ। परियोजनाको अनुगमन तथा मूल्याङ्कनको पद्धति, समय तालिका र जिम्मेवार निकाय तालिका २० मा उल्लेख गरिएको छ।

तालिका १३: अनुगमन तथा मुल्याङ्कनको सूचक तथा जिम्मेवार निकाय

| अनुगमन/मूल्याङ्कन | समय अवधि | सूचकहरु | जिम्मेवार निकाय |
|---|---|---|---|
| कार्यक्रमको नियमित समिक्षा | चौमासिक र बार्षिक | लक्ष्य बमोजिमको प्रगति (भौतिक, वित्तीय),प्रतिफल | परियोजना व्यवस्थापन इकाई/ प्रदेश |
| कार्यक्रमको अनुगमन | नियमित | स्विकृत कार्यक्रम अनुसार कार्यक्रम भए/नभएको, कार्यक्रम सञ्चालनमा प्रकृया, कार्यविधि अनुसरण गरे/नगरेको, सुशासनको विधि आदि | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ परियोजना व्यवस्थापन इकाई/विभाग/प्रदेश |

| अनुगमन/मूल्याङ्कन | समय अवधि | सूचकहरु | जिम्मेवार निकाय |
|---|---|---|---|
| परियोजना मिसन | प्रत्येक ६ महिना | परियोजना दस्तावेज अनुसार कार्यक्रम र बजेट विनियोजन, कार्ययोजना, खरिद प्रकृया, भौतिक प्रगति, जनशक्तिको अवस्था, अनुगमनको ढाँचा आदि | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| मध्यावधि मूल्याङ्कन | परियोजनाको छैटौं वर्ष | कार्यक्रमको उपलब्धि, भौतिक प्रगति र खर्च ,अपेक्षित उपलब्धिको अवस्था, रोजगारीको अवस्था | तटस्थ निकाय |
| परियोजना सम्पन्न प्रतिवेदन | परियोजनाको अन्तिम वर्ष | परियोजना अवधिभरको प्रतिफल, समग्र भौतिक र वित्तीय प्रगति, उपलब्धि आदि | परियोजना व्यवस्थापन इकाई |
| प्रभाव मूल्याङ्कन | परियोजना समाप्त भएको ३/४ वर्षमा | परियोजना क्षेत्रका बासिन्दाको जीवनस्तरमा सुधार, आयस्तरमा वृद्धि आदि | तटस्थ निकाय |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

परिच्छेद ७

# उपलब्ध हुने सेवा सुविधाहरु

**७.१ उपलब्ध हुने सेवा सुविधाहरु:** तोकिएका पकेट, ब्लक, जोन र सुपर जोनमा सञ्चालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक बढीमा देहाय अनुसार सेवा सुविधाहरु उपलब्ध गराइने छ।

तालिका १४: परियोजनाबाट उपलब्ध हुने सुविधाहरु

| क्र.स. | विवरण | सुविधा |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा भुरा पशु नश्ल लगायत) | बढिमा ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | बढिमा १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | बढिमा ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | बढिमा ५० प्रतिशत |
| ५ | साना सिँचाइ पूर्वाधारहरु | बढिमा ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | बढिमा ८५ प्रतिशत |

नोट: १। केही अत्यावश्यक उत्पादन सामग्रीहरुको व्यवस्थापनका लागि निर्देशक समितिको निर्णयानुसार सहजीकरणका विषयहरु थप हुन सक्नेछन्।

## ७.२ अपेक्षित प्रतिफल र अवलम्बन गरिने विधि

### ७.२.१ अपेक्षित प्रतिफल

(क) परियोजना अवधिभरमा सम्भाव्यता र औचित्यका आधारमा पकेट,ब्लक,जोन र सुपर जोनको संख्यामा वृद्धि गर्दै क्रमश:१५००० पकेट, १५०० ब्लक, ३०० जोन र २१ सुपर जोनहरु स्थापना भएको हुनेछ । उपरोक्त लक्ष्य प्राप्तिको लागि भौगोलिक सम्भाव्यता तथा स्थानीय आवश्यकताका आधारमा परियोजनाको अवधिमा प्रत्येक स्थानीय तहको प्रत्येक वडामा २ वटा पकेट र प्रत्येक स्थानीय तहमा २ वटा ब्लक स्थापना हुने, प्रत्येक जिल्लामा बढीमा ५ जोन र प्रत्येक प्रदेशमा बढीमा ५ सुपरजोन स्थापना भएको हुनेछ। राष्ट्रिय र प्रादेशिक महत्व र स्थानीय सम्भाव्यताका तोकिएका बालीहरु कम्तीमा ४ लाख ७ हजार हेक्टरमा खेती भई करिब ६६ लाख मे.टन कृषि उपज र दुध तथा मासु थप उत्पादन हुने अनुमान गरिएको छ।

(ख) परियोजना अवधिमा तोकिएका बाली वस्तुको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको माध्यमबाट क्रमश: आत्मनिर्भर उन्मुख भएको हुने।

(ग) परियोजनाको प्रथम वर्षमा करिब ८ लाख ७० हजार आंशिक र ४३ हजार ५०० स्थायी रोजगारी सृजना भएको हुनेछ। परियोजनाको अन्तिम वर्षमा करिब ५ लाख १० हजार आंशिक र २५ हजार ५०० स्थायी रोजगारीको संख्या कायम रहनेछ।

(घ) परियोजना अवधिभरमा कुल लगानी करिब रु. १ खर्व ३० अर्बबाट मूल्य अभिवृद्धि सहित करिब रु. २० खर्व ९५ अरब ७५ करोड मूल्य बराबरको रकम कुल गार्हस्थ उत्पादनमा योगदान पुगेको हुनेछ। जसबाट कृषि विकास रणनितिको पहिलो १० वर्षको लक्ष्य हासिल गर्न महत्वपूर्ण सहयोग पुग्नेछ।

### ७.२.२ अपेक्षित प्रतिफल हासिल गर्नका लागि अवलम्बन गरिने विधि

(क) प्रत्येक जिल्लाबाट राष्ट्रिय आवश्यकता, स्थानीय सम्भाव्यता र तुलनात्मक लाभका अनुसूची-१ अनुसारका ३ देखि ५ वटा बाली/बस्तुहरुको छनौट गरिनेछ।

(ख) बाली अनुसार तोकिएको न्यूनतम क्षेत्रफल हुने गरी सम्भाव्य क्षेत्रमा पकेट, ब्लक, जोन र सुपर जोन क्षेत्र छनौट गरिनेछ।

(ग) पकेट, ब्लक, जोन र सुपर जोनहरुमा उपलब्ध हुने सेवा सुविधाहरु मार्फत मूल्य श्रृखलाका अवयवहरु सहितको एकीकृत सघन कियाकलापहरु सञ्चालन गरी प्रमुख कृषि वस्तुहरुको उत्पादन वृद्धि गरिनेछ। परियोजना

(घ) उन्नत तथा हाईब्रिड बीउहरुको उपलब्धता, सिंचाइको सहज पहुँच, गुणस्तरीय रसायनिक र प्राङ्गारिक मलहरुको आवश्यक परिमाणमा सहज उपलब्धता, कृषि यान्त्रिकीकरण, बजारीकरण, उत्पादनोपरान्त मूल्य अभिवृद्धि, प्रमुख खाद्यान्न बालीको न्यूनतम समर्थन मूल्य लगायतमा सहजीकरण मार्फत उत्पादन अभिवृद्धिका लागि प्रोत्साहन गरिनेछ।

(ङ) पकेट, ब्लक, जोन र सुपर जोनहरु सञ्चालन पश्चात सृजना हुने रोजगारीका अलावा कृषि उद्योग स्थापना र सञ्चालन मार्फत वार्षिक ५ लाख आंशिक र २५ हजार स्थायी रोजगारी सृजना हुनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

परिच्छेद ८

# आर्थिक स्रोत व्यवस्थापन, परियोजनाको दिगोपना र बहिर्गमन

## ८.१ आर्थिक स्रोत व्यवस्थापन

परियोजनाका लागि आवश्यक स्रोत व्यवस्थापन नेपाल सरकारबाट हुनेछ। स्वीकृत परियोजनाको लागि आवश्यक पर्ने बजेट कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि प्राप्त बजेट सिलिङ्गको सीमाभित्र रही अर्थ मन्त्रालयले वार्षिक विनियोजनका माध्यमबाट व्यवस्थापन गर्नेछ। यसरी विनियोजन हुने बजेट कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा प्राप्त हुनेछ र कार्यक्रमका आधारमा सम्बन्धित सरोकारवाला निकायलाई आवश्यक बजेट विनियोजन गरिनेछ। यसको अतिरिक्त लाभग्राहीहरुबाट योजना छनौट पश्चात गरिने लागत सहभागिता, प्रदेश सरकार र स्थानीय सरकार समेतबाट परियोजनाको निरन्तरताको लागि आवश्यक आर्थिक श्रोतको व्यवस्था गरिनेछ ।

## ८.२ परियोजनाको दिगोपना र बहिर्गमन रणनीति (Sustainability and Exit Strategy)

**८.२.१ समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन हुने:** कृषि, पशुपन्छीतथा मत्स्य विकासको कार्यमा संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी अनुसार तीन तहको सरकारहरुको समन्वयमा स्व-सञ्चालन (Self-Sustaining) उन्मुख हुने गरी परियोजना अन्तर्गत पकेट,ब्लक, जोन र सुपरजोन विकास कार्यक्रम सञ्चालन गरिनेछ। सुपरजोन र जोन विकास कार्यक्रम स्थानीय तह र प्रदेश सरकारसँगको समन्वयमा परियोजना कार्यान्वयन इकाईबाट, ब्लक विकासका कार्यक्रम परियोजना कार्यान्वयन इकाई र स्थानीय तहसँगको समन्वयमा प्रदेश सरकारअन्तर्गतको जिल्लास्थितकृषि/पशु सेवा क्षेत्रहेर्नेकार्यालयबाट र पकेट विकासकार्यक्रम परियोजना कार्यान्वयन इकाई र प्रदेश सरकारअन्तर्गतको जिल्लास्थितकृषि/पशु सेवा क्षेत्रहेर्नेकार्यालयको समन्वयमा सम्बन्धित स्थानीय तहबाटसञ्चालन गरिनेछ। राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा, आयात प्रतिस्थापन र मुलुकको अर्थतन्त्रमायोगदानपुऱ्याउने महत्वपूर्ण बाली/वस्तुहरुको उत्पादन तथा उत्पादकत्व बृद्धिलाई टेवा पुग्ने गरी पकेट, ब्लक, जोन र सुपर जोन क्षेत्र निर्धारण गरी कृषि प्रसार सेवा, कृषि शिक्षा र अनुसन्धानका कार्यहरु क्रमशः संस्थागत गर्दै लगिनेछ।

**८.२.२ पकेट, ब्लक र जोनको स्तरोन्नति र रुपान्तरण:** जोन एवं सुपर जोन विकास कार्यक्रमलाई टेवा पुऱ्याउने गरी पकेट र ब्लक क्षेत्र निर्धारण गरिनेछ। परियोजना अन्तर्गतको सभागहरुको परिपक्वता, तोकिएको क्षेत्रफल/संख्या एवं पूर्वाधारको मापदण्ड र कार्यसम्पादनका आधारहरुमा पकेट विकास कार्यक्रमबाट ब्लक, ब्लक विकास कार्यक्रमबाट जोन र जोन विकास कार्यक्रमबाट सुपर जोन विकास कार्यक्रममा स्तरोन्नती गर्ने अवधारणामा परियोजना अन्तर्गतको पकेट, ब्लक, जोन र सुपर जोन विकास कार्यक्रम सञ्चालन हुनेछन्। साथै, पकेट र ब्लक परिपक्व भई तोकिएको न्यूनतम क्षेत्रफल/संख्या एवं पूर्वाधारको मापदण्ड पुरा गरी जोन वा सुपर जोन विकास कार्यक्रमको उद्देश्य परिपूर्तिमा सहयोगी सिद्ध हुन सक्ने अवस्थामा पकेट र ब्लकलाई जोन वा सुपरजोनमा समाहित समेत गर्न सकिनेछ। हाल सञ्चालित जोन वा सुपरजोन विकास कार्यक्रममा राष्ट्रिय आवश्यकताको आधारमा प्रादेशिक एवं बाली वस्तुगत सन्तुलन कायम गरी परियोजना अन्तर्गत सञ्चालित एक सम्भागलाई तोकिएको मापदण्डको आधारमा मात्र अर्को सम्भागमा निश्चित संख्यामा मात्र स्तरोन्नती सहित रुपान्तरण गर्न सकिनेछ।

**८.२.३ जोन सुपर जोनको स्तर अवनति वा रद्द/खारेज हुने अवस्था:** कुनै निश्चित क्षेत्र र बाली वस्तुमा जोन विकास कार्यक्रम चार आर्थिक वर्षसम्म र सुपरजोन विकास कार्यक्रम परियोजना अवधिभर सञ्चालन हुनेछन्। कार्यक्रम कार्यान्वयनको क्रममा कुनै जोन/सुपर जोनको क्षेत्रफल/संख्याको तोकिएको न्यूनतम आधार पुरा नभएमा वा कार्य सम्पादनस्तर र प्रगति औसत भन्दा कमजोर देखिएमा र लाभग्राही समुदायबीच मै विवाद देखिएमा आवश्यक सुधारको लागि प्रेरित र सहजीकरण गरिनेछ। परियोजनाबाट आवश्यक पहल गर्दा

समेत सुधार नभएमा यस्ता न्यूनतम आधार पुरा नगरेका वा कमजोर कार्य सम्पादनस्तर भएका र विवादित जोन सुपरजोनहरुको कार्यक्रम सञ्चालनको तेस्रो वर्षमा देहाय बमोजिमको कार्यदल गठन गरी अनुसूची-२० बमोजिम आधारमा मूल्याङ्कन गरी कार्यदलले दिएको प्रतिवेदन बमोजिम अवनति वा रद्द/खारेज गर्न सकिनेछ।

| | |
|---|---|
| वरिष्ठ अधिकृत, परियोजना व्यवस्थापन इकाई | संयोजक |
| कृषि/पशु सेवा विभाग वा कृषि/पशु सेवा विभागले तोकेको बाली वस्तुसँग सम्बन्धित समूहको अधिकृत | सदस्य |
| अधिकृत, प्रदेश सरकारको जिल्लास्थित कृषि/पशु सेवा हेर्ने कार्यालय | सदस्य |
| प्रमुख, सम्बन्धित स्थानीय तहको कृषि/पशु सेवा शाखा | सदस्य |
| प्रमुख, परियोजना कार्यान्वयन इकाई | सदस्य सचिव |

८.२.४ **कार्यक्रमको निरन्तरता:** परियोजना दस्तावेजमा उल्लेख भए बमोजिम पकेट र ब्लक दुई वर्ष, जोन चार वर्ष र सुपरजोन परियोजना अवधिभर सञ्चालन हुनेछन्। कुनै संभाग अन्तर्गत कार्यक्रम सञ्चालन हुने तोकिएको अवधि पुरा भएमा वा परियोजना अवधि समाप्त पश्चात पनि परियोजनाले हासिल गरेको उपलब्धिलाई कायम राख्दै थप विकास विस्तार र निरन्तरता दिन आवश्यक व्यवस्था गरिनेछ।

८.२.४.१ **पकेट र ब्लक विकास कार्यक्रमको निरन्तरता:** परियोजना दस्तावेजमा तोकिए बमोजिम २ आर्थिक वर्षसम्म सञ्चालन भएका पकेट वा ब्लक विकास कार्यक्रमहरु जोनमा स्तरोन्नती वा हाल सञ्चालित जोन विकास कार्यक्रममा समाहित भएमा सोही बमोजिम सञ्चालन हुनेछ । तर, २ आर्थिक वर्षसम्म सञ्चालन भई जोन विकास कार्यक्रममा स्तरोन्नती वा हाल सञ्चालित जोन विकास कार्यक्रममा समाहित हुन नसकेमा सम्बन्धित स्थानीय तहले उक्त पकेट विकास कार्यक्रम र सम्बन्धित प्रदेश सरकारले उक्त ब्लक विकास कार्यक्रमको अपनत्व ग्रहण गरी पकेट र ब्लक विकास कार्यक्रमलाई निरन्तरता दिनुपर्नेछ ।

८.२.४.१ **व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रमको निरन्तरता:** चार आर्थिक वर्ष वा परियोजनाको सुरुवातबाट सञ्चालनमा आई पाँचौ वर्षमा सञ्चालनमा रहेका व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम सुपर जोन विकास कार्यक्रममा स्तरोन्नती वा हाल सञ्चालित सुपरजोन विकास कार्यक्रममा समाहित भएमा सोही बमोजिम सञ्चालन हुनेछ । तर, सुपर जोन विकास कार्यक्रममा सतरोन्नती वा हाल सञ्चालित सुपर जोन विकास कार्यक्रममा समाहित हुन नसकेका जोन विकास कार्यक्रमलाई पाँचौ वा छैंठौ वर्षमा हस्तान्तरण गरिनेछ।

८.२.५ **हस्तान्तरण:** तोकिएको निश्चित अवधिसम्म कार्यक्रम सञ्चालन गरिसकेपछि वा परियोजना अवधि समाप्त भए पश्चात पकेट, ब्लक, जोन र सुपर जोन विकास कार्यक्रम हस्तान्तरण हुनेछन्। यसरी हस्तान्तरण गर्दा अपनत्व लिई कार्यक्रम सञ्चालनलाई निरन्तरता दिन ईच्छुक भएमा स्थानीय तह र प्रदेश सरकारलाई पहिलो प्राथमिकता दिईनेछ । साथै, प्रदेश सरकार र स्थानीय तहको समन्वय र सहकार्य एवं लाभग्राहीको पहुँच सुनिश्चित हुने गरी प्रस्तावको आधारमा सम्बन्धित समुदायस्तरमा सहकारी, कानून बमोजिम दर्ता भएका कम्पनी, उद्यमी वा व्यवसायीहरुबाट नै सञ्चालन हुने गरी क्रमिक रुपमा हस्तान्तरण समेत गर्न सकिनेछ । जोन विकास कार्यक्रमको दिगोपना र निरन्तरताको लागि हस्तान्तरण भएको पहिलो र दोश्रो वर्ष जोन क्षेत्रमा आवश्यक श्रोतको व्यवस्थापन सहित लागत सहभागितको आधारमा परियोजना कार्यान्वयन इकाईमार्फत अनुसरण (Follow up) कार्यक्रम सञ्चालन गरिनेछ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

परिच्छेद ९

# विविध

**९.१ कारवाहीको व्यवस्था**

अनुदान सहयोग प्राप्त गर्ने कृषक/समूहहरुले प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाईएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी बाँकी सरह रकम असुल उपर गरिनेछ।

**९.२ प्रचलित कानून लागू हुने**

प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै बमोजिम कार्यान्वयन हुनेछ।

**९.३ म्यानुअल संशोधन तथा परिमार्जन**

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस म्यानुअल तथा यसका अनुसूचीहरुमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ।

**९.४ खारेजी तथा बचाउ**

(क) परियोजना सञ्चालन सम्बन्धी साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३, व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३, व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३, कृषि औद्योगिक क्षेत्र (सुपर जोन) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३ र प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (Output Based Incentive System) कार्यक्रम सञ्चालन कार्यविधि, २०७३ खारेज गरिएका छन्।

(ख) खारेज गरिएका कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै म्यानुअल बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूचीहरु

अनुसूची-१

**(परिच्छेद २ को २.७, परिच्छेद ४ को ४.१.८ को घ (अ), ४.२.८ को घ (अ), ४.३.१०,४.४.१० र परिच्छेद ७ को ७.२.२ सँग सम्बन्धित)**

राष्ट्रिय महत्वका प्राथमिकता प्रदत्त बाली/वस्तुहरु

(१) धान
(२) मकै
(३) गहुँ
(४) तरकारी
(५) आलु
(६) सुन्तलाजात फलफूल
(७) स्याउ
(८) आँप
(९) केरा
(१०) दुध (गाई, भैंसी)
(११) माछा
(१२) मासु (बाखा, बंगुर)
(१३) निर्यात प्रवर्द्धन बाली (कफी अलैंची, अदुवा, बेसार)
(१४) दलहन/तेलहन बाली
(१५) मौरी

*नोटः परियोजनाका संभागहरु सञ्चालन गर्दा यी बाली वस्तुलाई प्राथमिकतामा राखी सञ्चालन गरिनेछ।*

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूची-२
### (परिच्छेद ३ को ३.१ (ग) सँग सम्बन्धित)

### परियोजना निर्देशक समितिको व्यवस्था

| | |
|---|---|
| माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री | - अध्यक्ष |
| माननीय सदस्य (कृषि हेर्ने), राष्ट्रिय योजना आयोगको सचिवालय | - सदस्य |
| अध्यक्ष, राष्ट्रिय किसान आयोग | - सदस्य |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृषि तर्फ) | - सदस्य |
| सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपन्छी विकास तर्फ) | - सदस्य |
| सचिव, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | - सदस्य |
| सचिव, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| सचिव, भूमी व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय | - सदस्य |
| डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक | - सदस्य |
| अध्यक्ष, बीमा समिति | - सदस्य |
| अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | - सदस्य |
| अध्यक्ष, उद्योग परिसंघ | - सदस्य |
| सह सचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | - सदस्य |
| परियोजना निर्देशक, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | - सदस्य सचिव |

परियोजना निर्देशक समितिमा आवश्यकता अनुसार बढीमा ५ जना आमन्त्रित सदस्य रहन सक्नेछन् र कुनै सदस्य थप घट गर्नु परेमा परियोजना निर्देशक समितिको निर्णयबाट गर्न सकिनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची-३
(परिच्छेद ३ को ३.१ (घ) सँग सम्बन्धित)

## परियोजना कार्यान्वयन समितिको व्यवस्था

| | |
|---|---|
| सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | अध्यक्ष |
| कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| सहसचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | सदस्य |
| सहसचिव (कृषि हेर्ने), राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| सहसचिव, उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय | सदस्य |
| सहसचिव, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| सहसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| सहसचिवहरु, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| प्रदेश सचिवहरु, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| महानिर्देशक, कृषि विभाग | सदस्य |
| महानिर्देशक, पशु सेवा विभाग | सदस्य |
| महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| महानिर्देशक, सिँचाइ विभाग | सदस्य |
| रजिष्ट्रार, सहकारी विभाग | सदस्य |
| सदस्य सचिव, राष्ट्रिय किसान आयोग | सदस्य |
| कार्यकारी निर्देशक, कृषि उद्यम केन्द्र | सदस्य |
| परियोजना निर्देशक, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | सदस्य सचिव |

परियोजना कार्यान्वयन समितिमा आवश्यकता अनुसार बढीमा ५ जना आमन्त्रित सदस्य रहन सक्नेछन् र कुनै सदस्य थप घट गर्नु परेमा परियोजना निर्देशक समितिको निर्णयबाट गर्न सकिनेछ

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची-४

(परिच्छेद ३ को ३.२ (ख) सँग सम्बन्धित)

## प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको व्यवस्था

| | |
|---|---|
| सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| प्रमुख, कृषि अनुसन्धान निर्देशनालय, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| महाशाखा प्रमुख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| महाशाखा प्रमुख, योजना महाशाखा, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| प्रमुख, परियोजना कार्यान्वयन इकाई | सदस्य सचिव |

यस समितिमा आवश्यकता अनुसार बढीमा ५ जना आमन्त्रित सदस्य रहन सक्नेछन् र कुनै सदस्य थप घट गर्नु परेमा परियोजना निर्देशक समितिको निर्णयबाट गर्न सकिनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-५
(परिच्छेद ३ को ३.३ (ख) सँग सम्बन्धित)

### जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको व्यवस्था

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | अध्यक्ष |
| प्रमुख वा निजले तोकेको प्रतिनिधि, सम्बन्धित स्थानीय तहहरु | सदस्य |
| प्रमुख जिल्ला अधिकारी वा प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| जिल्ला समन्वय अधिकारी | सदस्य |
| प्रमुख, सिँचाइ विकास डिभिजन/सब-डिभिजन कार्यालय | सदस्य |
| प्रमुख, डिभिजन/सव-डिभिजन वन कार्यालय | सदस्य |
| प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय | सदस्य |
| प्रमुख, कृषि ज्ञान केन्द्र | सदस्य |
| प्रमुख, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| अध्यक्ष, जिल्ला उद्योग वाणिज्य संघ | सदस्य |
| संयोजक, जोन/सुपरजोन सञ्चालन समन्वय समिति | सदस्य |
| प्रमुख, परियोजना कार्यान्वयन इकाई | सदस्य सचिव |

यस समितिमा आवश्यकता अनुसार बढीमा ५ जना आमन्त्रित सदस्य रहन सक्नेछन् र कुनै सदस्य थप घट गर्नु परेमा परियोजना निर्देशक समितिको निर्णयबाट गर्न सकिनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची-६

(परिच्छेद ४ को ४.१.८ (क) र ४.२.८ (क) सँग सम्बन्धित)

**पकेट/ब्लक मागका लागि आवेदन फारम (नमूना)**

श्री प्रमुखज्यू  मितिः....................

............................................. (कार्यालय)

......................।

विषयः पकेट/ब्लक स्थापना गरी पाउँ बारे।

प्रस्तुत विषयमा हामी तपसिल बमोजिमका कृषक समूह/कृषि सहकारी संस्था/जल/वन उपभोक्ता समिति/कृषि उद्यमीहरु यस .............. जिल्लाको .................................................. गा.पा./न.पा. भित्र कमाण्ड क्षेत्र रहने गरी साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट)/ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) स्थापना गरी सञ्चालन गर्न ईच्छुक भएकोले .............. बाली/वस्तुको पकेट/ब्लक क्षेत्र निर्धारण गरी दिनु हुन यो निवेदन पेश गरेका छौं।

निवेदक

| क्र.सं. | कृषक समूह/ कृषि सहकारी संस्था/ जल उपलभोक्ता समिति/ कृषि उद्यमीको नाम | ठेगाना | सम्पर्क नं. | अध्यक्ष /प्रोपाईटरको नाम | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदन साथ संलग्न कागजातहरु

(१) सम्बन्धित निकायमा कृषि समूह/कृषि सहकारी संस्था/जल/वन उपभोक्ता समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

(२) पकेट/ब्लक माग गर्ने संस्था (हरु) को कार्य समितिको निर्णयको प्रतिलिपि।

(३) कार्यक्रम सञ्चालन हुने स्थनीय तहको सिफारिस (ब्लकको हकमा)।

(४) अध्यक्ष/प्रोपाईटरको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

(५) अनुसूची-७बमोजिमको विवरण।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-७

(परिच्छेद ४ को ४.१.८ (क), ४.१.१३ ख (इ), ४.२.८ (क) र ४.२.१३ ख (इ) सँग सम्बन्धित)

### पकेट/ब्लक क्षेत्र मागको लागि आधारभुत तथ्याङ्क फारम

(१) प्रस्तावित पकेट/ब्लक विकास हुने बालीको नाम:

(२) प्रस्तावित पकेट/ब्लक विकास गरिने स्थान:

(३) प्रस्तावित पकेट/ब्लक क्षेत्रमा परियोजना अन्तर्गत सञ्चालन भै सकेका पकेट/ब्लकको विवरण

| पकेट / ब्लक सञ्चालन भएको बाली/वस्तु | गाउँपालिका/ नगरपालिका | वडा नम्बर | पकेट/ब्लकको क्षेत्रफल (हेक्टर) | पकेट / ब्लक सञ्चालनको अवधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(४) प्रस्तावित पकेट/ब्लक क्षेत्र अन्तर्गत कार्यक्रममा समावेश हुन सक्ने घरधुरीहरुको विवरण

| गाउँपालिका/नगरपालिका | वडा नम्बर | लक्षित कृषक घरधुरी संख्या |
|---|---|---|
| | | |
| | | |

(५) प्रस्तावित पकेट/ब्लक क्षेत्रमा समावेश हुने खेती योग्य जग्गाको विवरण

| जग्गाको किसिम | क्षेत्रफल (हेक्टर) | सिंचित (हेक्टर) | असिंचित (हेक्टर) | सिंचित भए सिँचाइको स्रोत |
|---|---|---|---|---|
| खेत | | | | |
| पाखो | | | | |
| बारी | | | | |
| जम्मा | | | | |

(६) प्रस्तावित पकेट/ब्लक सञ्चालन क्षेत्रको प्रमुख बालीको हालको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व विवरण

| पकेट/ब्लक क्षेत्रको हालको प्रमुख बाली वस्तुहरु | कुल क्षेत्रफल (हेक्टर)/संख्या | उत्पादकत्व (मे.टन/हेक्टर) | कुल उत्पादन (मे. टन) | अनुमानित बिक्री परिमाण (मे. टन) |
|---|---|---|---|---|
| बहुवर्षीय बाली | | | | |
| सिजनल बालीहरु | | | | |
| | | | | |
| पशुपालन | | | | |
| मत्स्यपालन | | | | |
| | | | | |

(७) प्रस्तावित पकेट/ब्लक कार्यक्रमबाट प्राप्त हुने अपेक्षित उपलब्धिहरु (पकेट/ब्लक सञ्चालन पश्चात प्राप्त हुने उपलब्धि विवरण उल्लेख गर्ने।



नेपाल सरकार

(क) फलफुल बगैंचा

| जग्गाको क्षेत्रफल | जम्मा बोट संख्या | पूर्ण रुपमा उत्पादनशील बोट संख्या | आंशिक रुपमा उत्पादनशील बोट संख्या | जम्मा उत्पादन (मे.टन) | थप विस्तार हुने क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(ख) प्रस्तावित सिजनल बाली

| जग्गाको क्षेत्रफल | तोकिएको बालीले ढाक्ने क्षेत्रफल | उत्पादत्व (मे.टन प्रति हेक्टर) | जम्मा उत्पादन | थप विस्तार हुने क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ग) प्रस्तावित पशुपालन

| पशुपालन | पशुधनको संख्या | प्रति पशुधन उत्पादन (दुध र मासु) | जम्मा उत्पादन | थप हुने पशुधन संख्या |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(घ) प्रस्तावित मत्स्यपालन

| माछाको जात | पोखरी संख्या | जलाशय क्षेत्रफल (हेक्टर) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हेक्टर) | थप हुने जलाशय क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(८) प्रस्तावित पकेट/ब्लक मा उल्लेख गरिएको बाली/वस्तुको प्राविधिक एवं भौगोलिक उपयुक्तता

-

-

(९) प्रस्तावित पकेट/ब्लक मा उल्लेख गरिएको बाली/वस्तुको बजारीकरणको सम्भावना

| प्रमुख बजार | उपलब्ध बजार पूर्वाधार | उत्पादनको बजारीकरण योजना |
|---|---|---|
| | | |
| | | |

(१०) प्रस्तावित पकेट/ब्लक सञ्चालन गर्न आवश्यक कृषि उत्पादन सामाग्री उपलब्धताको स्रोत एवं अवस्था

| उत्पादन सामाग्री | उपलब्ध स्रोत |
|---|---|
| | |
| | |

(११) प्रस्ताबित पकेट/ब्लक अन्तर्गतको बाली/बस्तुको उत्पादनको लागि आवश्यक कृषि पूर्वाधारहरुको उपलब्धता

-

-

(१२) प्रस्तावित पकेट/ब्लक क्षेत्र भित्र सामुहिक खेती वा क्लष्टर खेतीको हालको अवस्था एवं विस्तारको सम्भावना

-

-

(१३) प्रस्तावित पकेट/ब्लक कार्यान्वयनबाट थप हुन सक्ने रोजगारीका अवसरहरु

| आंशिक रोजगारी | पूर्णकालिन रोजगारी | दैनिक ज्यालदारी |
|---|---|---|
| | | |
| | | |

(१४) प्रस्तावित पकेट/ब्लक माग गर्नुका आधारहरु (न्युनतम क्षेत्रफल वा संख्या, सस्थागत क्षमता, आवेदक संस्थाहरुको यहि प्रकृतिका कार्यक्रम सन्चालन गरेको अनुभव आदी)

-

-

(१५) प्रस्तावित पकेट/ब्लक र बाली/वस्तु छनौट गर्नाको पुष्टयाई

-

-

(१६) प्रस्तावित पकेट/ब्लक माग गर्ने संस्थाको प्रोफाइल

(पकेट/ब्लक माग गर्ने संस्था एक भन्दा बढी भए यो प्रोफाइल क्रमश थप गर्दै जाने)

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्मको नाम:

गठन भएको मिति:

संस्थाको ठेगाना:

तपाईको समूह/संस्था कुनै सरकारी संस्थामा आवद्ध छ भने सो संस्थाको

नाम ..............................................दर्ता नं..........

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्म कसरी गठन भएको हो? कसको गठन भयो?.....................

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्म गठन खास उद्देश्य के हो ?..................

मासिक बचत छ वा छैन ? यदि छ भने कति.............

क) बैंक:....................................................... ख) खाता नं.

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्म कार्यान्वयनको प्रमाण

(क) निर्णय ( ) (ख) नगदी खाता ( ) (ग) बैंक खाताको विवरण ( )

घ) दर्ता प्रमाण पत्र ( ) ङ) अचल सम्पतिको स्वामित्वको प्रमाण पत्र ( )

च) अन्य भए खुलाउनुहोस् ...................

जम्मा शेयर सदस्य संख्या

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्मका सदस्यको विवरण

| क्र.सं. | सदस्यको नाम | ठेगाना | खेती योग्य जमिन/पशु संख्या |
|---|---|---|---|
| | | | |

*नोटः १. यस अनुसूचीलाई पकेट र ब्लक प्रोफाइल प्रयोजनको लागि समेत प्रयोग गरिनेछ।*

*२. सम्बन्धित कार्यालयले आवश्यकता अनुसार बाली/वस्तु विशेषका लागि यस अनुसूचीलाई विस्तृतीकरण गर्न सक्नेछ।*



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-८

(परिच्छेद ४ को ४.१.८ (ङ) र ४.२.८ (ङ) सँग सम्बन्धित)

पकेट/ब्लक मूल्याङ्कन मापदण्ड

| क.सं. | सूचकाङ्क आधार | अधिकतम अङ्क |
|---|---|---|
| १. | प्रस्तावित कमाण्ड क्षेत्रको क्षेत्रफल/संख्या | १० |
| २. | सम्भावित लाभान्वित वर्गको संख्या | १० |
| ३. | बाली/वस्तुको क्षेत्रफल/संख्या विस्तारको सम्भावना | १० |
| ४. | प्रस्तावित बाली/बस्तुको प्राबिधिक एवं भौगोलिक उपयुक्तता | १० |
| ५. | प्रस्तावित बाली/बस्तुको स्थानीय आवश्यकता तथा प्रादेशिक महत्व | १० |
| ६ | कृषि उत्पादन सामाग्री आपूर्ति तथा उत्पादन पूर्बाधारको सहजता | १० |
| ७. | प्रस्तावित बाली/बस्तुको सामुहिक वा क्लष्टर खेतीको सम्भावना | १० |
| ८ | उत्पादनको बजारीकरणको सम्भावना तथा बजार सुविधा | १० |
| ९ | रोजगारी सृजना (संख्या) | १० |
| १० | परियोजनाको उद्देश्य प्रासिमा सहयोग | १० |

नोटः प्राबिधिक समितिले आवश्यकता अनुसार मूल्याङ्कन मापदण्डलाई विस्तृतीकरण गरी सोही अनुसार मूल्याङ्कन गर्नेछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

अनुसूची-९

(परिच्छेद ४ को ४.१.९.१ (क), ४.२.९.१ (क), ४.३.११ (क) र ४.४.११ (क) सँग सम्बन्धित)

सूचनाको ढाँचा (नमुना)

...........

....................

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

.................... कार्यालय

सूचना नं.:

सूचना प्रकाशित मिति:

आ.व. ............. मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, ....................(कार्यालयको नाम) अन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ......औं दिन भित्र अर्थात् (मिति .............. गते भित्र) यस ............(कार्यालय) मा तोकिएको ढाँचा (अनुसूची-१०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि .................. (कार्यालय) मा सम्पर्क गर्न सकिनेछ।

क) पकेट/ब्लक/जोन/सुपरजोनका कार्यक्षेत्रहरु (गाउँपालिका/नगरपालिका): .........

ख) कार्यक्रमहरु: ...........

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि

(२) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।

(३) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

(४) कार्य समितिको निर्णयको प्रतिलिपि।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-१०

**(परिच्छेद ४ को ४.१.९.१ (ख), ४.२.९.१ (ख), ४.३.११ (ख) र ४.४.११ (ख) सँग सम्बन्धित)**

अनुदानका लागि आवेदन फाराम (नमूना)

मितिः....................

श्री प्रमुखज्यू

..................................

..........................कार्यालय, ...............।

विषयः ................................।

प्रस्तुत विषयमा यस ...............(कार्यालय) बाट मिति............................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम आवश्यक कागजात सहित हाम्रो समूह/सहकारी/संस्था/समिति/कृषि फर्मका सदस्यहरुले .................... कार्यक्रम अन्तर्गत ................................ (क्रियाकलापहरुको नाम) सञ्चालन गर्न इच्छुक भएकोले सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

निवेदक

.......................

| क्र.सं. | कृषकको नाम | ठेगाना | पति/पत्नीको नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

निवेदन साथ संलग्न कागजातहरु

(६) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि

(७) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को विवरण वा भाडाको जग्गा भएमा कम्तीमा ५वर्षको सम्झौतानामा।

(८) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

(९) कार्य समितिको निर्णयको प्रतिलिपि।

### निवेदनसाथ संलग्न गर्नुपर्ने तथ्याङ्क फारामको ढाँचा

भाग १ कृषि समूह/ सहकारी/ संस्था/ समिति र कृषि फर्मको बिबरण

१. कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्मको नामः

